रातो खबर

Ratokhabar weekly

साप्ताहिक

वर्ष ६, अङ्क २९, पूर्णाङ्क २६२ | २०७७ फागुन १९ गते बुधबार | Wednesday, 3 Mar 2021 | www.eratokhabar.com | मूल्य रु. १०

इन्चार्ज फिल्टरलाई तत्काल रिहा गर : राजन

म्याग्दी । नेपाल कम्युनिस्ट पार्टी, धौलागिरि ब्युरोले पार्टीका मुस्ताङ जिल्ला इन्चार्ज फिल्टरलाई बिनासर्त रिहा गर्न माग गरेको छ । ब्युरो इन्चार्ज राजनले शुक्रबार वक्तव्य जारी गर्दै जिल्ला इन्चार्ज फिल्टरलाई रिहा नगरे त्यसबाट उत्पन्न हुने परि स्थितिको जिम्मेवार सम्बन्धित पक्ष हुने चेतावनी दिएका छन् । राजनले वक्तव्यमा जिल्ला इन्चार्ज फिल्टरलाई राजनीतिक अभियानको सिलसिलामा म्याग्दीको मालिका गाउँपालिका ४, रूम गाउँबाट बिनाकारण गिरफ्तार गरेको भन्दै त्यस घटनाप्रति घोर आपत्ति एवम् खेद प्रकटसमेत गरेका छन् ।

... बाँकी पृष्ठ २ मा

सरकार र नेपाल कम्युनिस्ट पार्टीद्वारा वार्ता टोली गठन

■ **रातोखबर संवाददाता**/काठमाडौं

वार्ताको अनुकूल वातावरणका लागि सरकार र नेपाल कम्युनिस्ट पार्टीबिच भएको प्रयासले मूर्तरूप लिन पुगेको छ । वार्ताका लागि नेपाल सरकारका तर्फबाट गृहमन्त्री रामबहादुर थापा 'बादल' को नेतृत्वमा प्रधानमन्त्रीका परराष्ट्र सल्लाहकार डा. राजन भट्टराई सदस्य रहेको दुई सदस्यीय वार्ता टोली गठन गरेको जानकारी नेपाल सरकारका प्रवक्ता एवम् संचार तथा सूचना प्रविधि मन्त्री पार्वत गुरुङले एक विज्ञप्ति जारी गरी पत्रकार सम्मेलनमार्फत् जानकारी गराएका छन् । त्यसैगरी, नेपाल कम्युनिस्ट पार्टीका तर्फबाट केन्द्रीय सचिवालय सदस्य तथा पार्टी प्रवक्ता खड्गबहादुर विश्वकर्मा 'प्रकाण्ड' को नेतृत्वमा केन्द्रीय सदस्य उदय चलाउने 'दिपक' रहेको दुई सदस्यीय उच्चस्तरीय टोली सार्वजनिक गरेको छ ।

पार्टीका महासचिव नेत्रविक्रम चन्द 'विप्लव' ले एक प्रेस विज्ञप्तिमार्फत् पार्टीको तर्फबाट वार्ता टोलीको नाम सार्वजनिक गरेका हुन् । 'सरकारसँग देशको राजनीतिक, आर्थिक र राष्ट्रिय स्वाधीनताको विषयमा वार्तामा बस्न हाम्रो जनप्रिय पार्टी सहमत भएको छ', महासचिव विप्लवद्वारा प्रेषित विज्ञप्तिमा भनिएको छ । विज्ञप्तिमा 'पार्टीका तर्फबाट वार्तामा सहभागी बन्न पार्टीका केन्द्रीय समिति सचिवालय सदस्य एवम् प्रवक्ता क. प्रकाण्डको नेतृत्वमा केन्द्रीय सदस्य क. दिपक सदस्य रहेको दुई सदस्यीय उच्चस्तरीय वार्ता टोली गठन गरिएको जानकारी गराउँदछौँ', उल्लेख गरिएको छ । नेपाल कम्युनिस्ट पार्टीले

संघर्षको क्रममा आफूले उठाउँदै आएको नेपालको राष्ट्रियता, समाजवाद र जनताका विभिन्न समस्याहरूबारे वार्ताको टेबुलमा विषय उठान गर्ने बताएको छ । सरकारी ने.क.पा.ले पार्टीमाथि लगाइएको प्रतिबन्ध हटाउनुपर्ने, जेल र हिरासतमा रहेका नेता-कार्यकर्ताहरूको रिहाइ र सम्पूर्ण मुद्दा खारेजीको विषयलाई विशेष प्राथमिकता दिने बताइएको छ ।

सेना-पुलिसको हतियार अब दलालतिर सोझिनेछन् : उभार

काठमाडौं । कास्की जिल्लामा २६ औँ जनयुद्ध दिवसको अवसर र सहिद सप्ताह कार्यक्रमअन्तर्गत आयोजित सहिद तथा बेपत्ता योद्धाको सम्मान तथा पारिवारिक जमघट भएको छ । एकीकृत जनक्रान्तिमा सेना र पुलिस राष्ट्रियताका पक्षमा लडिरहने भन्दै सेना-पुलिसको हतियार नेपाल कम्युनिस्ट पार्टीतर्फ नभई दलालहरूतिर फर्कने नेकपा कास्की जिल्ला इन्चार्ज पूर्णजित पुन 'उभार' ले बताए । उक्त कार्यक्रममा कास्की जिल्लामा तत्कालीन माओवादीले सञ्चालन गरेको महान् जनयुद्धमा बलिदान गरेका सहिद परिवार साथै बेपत्ता परिवारहरूको उपस्थिति रहेको थियो । सहिद तथा

... बाँकी पृष्ठ ७ मा

पत्रकार महासंघको निर्वाचनमा चार पत्रकार सङ्गठनबिच सहकार्य गर्ने निर्णय

काठमाडौं । नेपाल पत्रकार महासंघको आसन्न निर्वाचनमा ४ पत्रकार संगठनबिच सहकार्य गर्ने भएका छन् । आइतबार बसेको जनपत्रकार संगठन, नेपाल, प्रगतिशील पत्रकार संघ, नेपाल, क्रान्तिकारी पत्रकार महासंघ र प्रेस नेपालको संयुक्त बैठकले नेपाल पत्रकार महासंघको निर्वाचनमा सहकार्य गरेर जान पाँच बुँदे सहमति गरेका हुन् । जनपत्रकार संगठन, नेपालको तर्फबाट शेरबहादुर विक, प्रगतिशील पत्रकार संघ, नेपालको तर्फबाट अध्यक्ष

... बाँकी पृष्ठ ७ मा

धनगढीमा रणनीतिक संयुक्त मोर्चाको विशाल जनसभा

■ **भीमप्रसाद चापागाईं**/काठमाडौं

धनगढी । चार दलीय संयुक्त रणनीतिक मोर्चाले धनगढीमा जनसभा सम्पन्न गरेको छ । विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी, मोहन वैद्य नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी), विश्वभक्त दुलाल नेतृत्वको वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी र ऋषि कट्टेल नेतृत्वमा रहेको नेपाल कम्युनिस्ट पार्टीले शुक्रबार धनगढीमा शक्ति प्रदर्शनसहित विशाल जनसभा गरेको हो । जनसभालाई सम्बोधन गर्दै राष्ट्रिय जागरण मञ्चका संयोजक गुणराज लोहनीले सरकारले विप्लव नेतृत्वको नेकपालाई प्रतिबन्ध लगाएर फासिवादी चरित्र प्रदर्शन

... बाँकी पृष्ठ ७ मा

देशभर सहिद सप्ताह मनाइँदै

■ **आशिष कुमार चौधरी**/काठमाडौं

हरेक वर्ष मनाइँदै आएको सहिद सप्ताह यस वर्ष पनि विभिन्न कार्यक्रमसहित मनाइँदै छ । प्रत्येक वर्ष फागुन १४ देखि २१ गतेसम्म एक हप्ता सहिद सप्ताहको रूपमा मनाउने गरिन्छ । नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले सहिद सप्ताहलाई क्रान्तिकारी आन्दोलनका सबै शृंखलाहरू झापा विद्रोह, महान् जनयुद्ध र एकीकृत जनक्रान्तिसहित सबै जनमुक्ति संघर्षका सम्पूर्ण महान् सहिदप्रति सम्मान र प्रतिबद्धताको रूपमा मनाउने बताएको छ । सहिद सप्ताहको सन्दर्भमा नेपाल कम्युनिस्ट पार्टीका महासचिव 'विप्लव' ले सहिद परिवारहरूलाई सम्मान-पत्रमार्फत् अभिनन्दन गरेका छन् । उनले सम्मान पत्रमा 'जन-जनका प्रिय एवम् सम्मानित जनयुद्ध तथा एकीकृत जनक्रान्तिका महान् सहिद कमरेडलाई सम्मानसहित भावपूर्ण श्रद्धाञ्जली ! साथै, तपाईं आदरणीय सहिद परिवारप्रति सहिद सप्ताह २०७७ को अवसरमा असीम सम्मान एवम् हार्दिक शुभकामना !' उल्लेख गरेका छन् ।

२०५२ साल फागुन १ गतेबाट जनयुद्ध आरम्भपछि २०५२ साल फागुन १४ गते गोरखा ताकुकोटस्थित सूर्यज्योति माध्यमिक विद्यालयमा कक्षा ४ मा अध्ययनरत ११ वर्षीय बालक दिलबहादुर रम्तेललाई विद्यालयकै प्राङ्गणमा प्रहरीले गोली हानी हत्या गरेका थिए । उनलाई जनयुद्धको प्रथम सहिद मानिन्छ । उक्त फागुन १४ गतेको दिनलाई क्रान्तिकारी विद्यार्थी संगठनहरूले बलिदान दिवसको रूपमा पनि मनाउँदै आएका छन् । त्यसैगरी, २०२९ साल फागुन २१ गते तत्कालीन झापा

... बाँकी पृष्ठ ५ मा

गणतान्त्रिक खेलकुद महासंघको दाङमा खुल्ला पुरुष भलिबल प्रतियोगिताको उद्घाटन

■ **गोपाल गिरी**/दाङ

नेपाल गणतान्त्रिक खेलकुद महासंघले आयोजना गरेको खुल्ला पुरुष भलिबल प्रतियोगिताको उद्घाटन भएको छ । दाङका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यको प्रमुख आतिथ्यता र दाङ जिल्ला प्रहरी उपरीक्षक गणेश चन्दको विशिष्ट आतिथ्यतामा भएको कार्यक्रमको अध्यक्षता महासंघका केन्द्रीय अध्यक्ष जयन्द्रबहादुर चन्दले गर्नुभएको थियो । उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि जयनारायण आचार्यले प्रतियोगिताले नयाँ प्रतिभाहरू प्रस्फुटन हुने र समग्र खेलकुदको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले कोरोना माहामारीपछि विस्तारै खेलकुदले गति लिन लागेको कुरा उल्लेख गर्नुभयो । खेलकुद

... बाँकी पृष्ठ ७ मा

सहिद परिवार भन्छन्, "जनयुद्धका सपना पूरा भएनन्"

■ **खोमा तरामु मगर**/बुटवल

महान् जनयुद्धका क्रममा राज्यपक्षबाट ८ हजार ५ सय २५ जनाको हत्या गरियो । त्यसमध्ये सरकारले ६ हजार ३ सय ४४ जनालाई सहिद घोषणा गरे पनि राजपत्रमा उल्लेख नगरेपछि त्यो पनि घोषणामा मात्रै सीमित रह्यो । अहिलेसम्म महान् जनयुद्धको क्रममा बलिदान गर्ने सहिदहरूलाई राज्यले मान्यता दिएको छैन । करिब ११ सयभन्दा बढी माओवादी योद्धाहरूलाई राज्यले बेपत्ता बनायो । हजारौँ योद्धाहरू घाइते एवं अङ्गभङ्ग भए, रगत पसिना बगाए र जीवनको बलिदान गरे । ती महान् सहिदहरूको बलिदानीले नेपालमा लोकतान्त्रिक गणतन्त्र

... बाँकी पृष्ठ ७ मा

लोकतन्त्रवादीहरूले बिर्सिएको जनयुद्ध

फागुन, नेपाली इतिहासमा आन्दोलनको महिना । राणा शासनदेखि पञ्चायती शासनसम्म निरंकुशताको अन्त बोल्ने महिना हो, फागुन । लोकतान्त्रिक गणतन्त्रको आन्दोलन पनि फागुनको महिनाबाटै तिब्रतामा हुईंकिएको थियो । लोकतान्त्रिक आन्दोलनको जग बनेको महान् जनयुद्ध पनि फागुन एक गते नै उद्घोष गरिएको थियो । यसर्थ, फागुन नेपाली जनताको संघर्षशील यात्राको पहिचान, जनआन्दोलन र जनयुद्धको महिना हो ।

म यहाँ जनयुद्धको फागुनका बारे केही लेख्न जाँदै छु । प्रत्येक पटकको फागुन जब एक फन्को चक्कर काटेर टप्लक्क आइपुग्छ, केही गुमाएजस्तो, केही पाएजस्तो, मनमा केही उकुस-मुकुस बढेर आउँछ । मुटुको धड्कन बढ्न थाल्छ । मानसपटलमा अनेकौँ जिज्ञासा र प्रश्नहरू सुनामी छाल भएर ओहोर-दोहोर गर्छन् । भावनाहरू मस्तिष्क र मुटु हुँदै कहिलेकाहीँ त आँखाका परेलीहरूसम्म सिताउन आइपुग्छन् । अखबारका पानाहरू, सामाजिक सञ्जालका भित्ताहरू सबैतिर कतै कालो, कतै खैरो त कतै रातो रंगले जनयुद्ध पोतिन्छ । जनयुद्धलाई मानिसहरूले भुल्नु सम्भव छ, तर जनयुद्धले मानिसहरूलाई भुल्न असम्भव छ । इतिहासलाई मानिसहरूले भुल्न सक्छन् तर, इतिहासले मानिसहरूलाई भुल्न सक्दैन । हो, जनयुद्ध एक इतिहास हो, समयको एउटा यादगार हो ।

यसपटकको फागुनमा पनि जनयुद्धको सकारात्मक र नकारात्मक पक्षबारे चर्चा-परिचर्चाहरू जहाँ जसरी हुनुपर्ने हो, भए । अझ त पराजित युद्ध हुनुको परिणाम नकारात्मक पक्षबाट विषय ज्यादा उठ्नु अस्वाभाविक पनि भएन । समयको पछिल्लो चरणमा समीक्षाको नकारात्मक पक्ष ज्यादा हाबी भएको पाइरहेको छु । जनयुद्धका विरोधीहरू मात्र होइन, जनयुद्धका सहकर्मीहरूबाट समेत जनयुद्धप्रति ठूलो रोष प्रकट गरिनु, गराइनु पछिल्लो समयको नियति बन्न

देश/परिवेश

■ उदयबहादुर चलाउने

गएको छ । पराजित युद्धको योद्धाका हैसियतले सुन्नुपर्ने, देख्नुपर्ने र भोग्नुपर्ने धेरै विषयहरू जनयुद्धका प्रत्येक सिपाहीहरूले सुन्दै, देख्दै र भोग्दै आइरहेका छौँ । अझै कति र कहिलेसम्म सुन्नु, देख्नु र भोग्नुपर्ने हो, त्यसका लागि पनि हिम्मत हारिएको छैन ।

एकातिर अपमान र अभावको प्रताडनले विक्षिप्त पारिएका आफ्नै पंक्तिका योद्धाहरूको क्रन्दन अनि अर्कोतिर 'लोकतन्त्रवादी' मित्रहरूबाट जनयुद्धको रगतमा लोकतन्त्रको पिप घोलेर विद्रुप पार्न रचिएका कथाहरू अखबारहरूका पानाहरूमा यसपाला पनि प्रशस्तै पढियो । हो, सर्वोच्च कमान्डरकै हातले जनयुद्धको सपनालाई जिउँदै गाडियो । स्वतन्त्रता र स्वाभिमानको झन्डालाई

... बाँकी पृष्ठ ४ मा

सम्पादकीय

सन्दर्भ : सहिद सप्ताह २०७७

कुनै पनि सामाजिक-राजनीतिक परिवर्तनका निम्ति आन्दोलन, संघर्ष महत्वपूर्ण माध्यम हो । परिवर्तनका विषय र उद्देश्यका आधारमा संघर्षले विभिन्न स्वरूप निर्धारण गर्दछ। अझ राजनीतिक व्यवस्था नै परिवर्तन गरी नयाँ राजनीतिक व्यवस्था निमार्ण गर्ने लक्ष्य राख्ने हो भने क्रान्ति नै एक मात्र विकल्प बन्न पुग्छ। राज्यसत्ता परिवर्तनका लागि क्रान्ति निर्विकल्प हो भने क्रान्तिमा बलिदान अनिवार्य शर्त हो । विश्व इतिहासका सबै क्रान्तिहरूमा बलिदान एक अनिवार्य शर्त बन्न पुगेको छ । त्यही बलिदानको ताकतमा संसारका इतिहास बदलिएका छन्, आफूलाई नै सर्वेसर्वा ठान्ने निरंकुश तानाशाहहरू ढलेका छन्, राजनीतिक व्यवस्थाहरू बदलिएका छन्, परिवर्तन भएका छन् । पूरातनको ध्वंश र नूतनको निर्माण । मानव इतिहास तिनै क्रान्ति र बलिदानका गाथा हुन् । क्रान्तिलाई प्राण दिने ऊर्जाशक्ति बलिदान हो । संघर्षका क्रममा मान्छे भौतिक रूपले मर्छ र सहिदको रूपमा जन्मन्छ । प्रत्येक बलिदानीले आफ्नो प्राण त्यागेर क्रान्तिलाई समपर्ण गर्छन् र क्रान्तिलाई जीवित राख्छन्, इतिहासलाई जीवित बनाउँछन् र आफू पनि क्रान्तिसँगै इतिहासका पानामा सुन्दर स्वर्ण अक्षरमा कुँदिन्छन् र युगौंयुगसम्म अमर बनेर चम्किरहन्छन्, आकाशका ताराका रूपमा । अनि ध्रुव तारा बनेर युगलाई, विश्वलाई मार्गदर्शन गरिरहन्छन्, निरन्तर प्रगतितर्फ, निरन्तर उन्नतितर्फ मानव मुक्तितर्फ, समतामूलक समाज निर्माणतर्फ ।

बलिदानका अनेकौं कीर्तिमानहरूलाई स्मरण गर्दै हरेक वर्ष फागुन १४ देखि २१ गतेको एक हप्तालाई सहिद सप्ताहको रूपमा मनाइन्छ । विशेषगरी, विगतमा माओवादी जनयुद्धमा सहभागी र आस्थावान् विभिन्न पक्षहरूले यो कार्यक्रम मनाउने गरे पनि यो सन्दर्भ देश र जनताको मुक्ति र परिवर्तनका निम्ति उच्च सहादत प्राप्त गर्ने सम्पूर्ण सहिदहरूप्रति सम्मान गर्ने एउटा महत्वपूर्ण सन्दर्भ हो । तसर्थ, यो कुनै पार्टी विशेष र पक्ष विशेषको कार्यक्रम नभएर राष्ट्र, समाज र मानवहितबारे सरोकार राख्ने सबै पक्ष र हरेक नागरिकले आत्मसात् गर्ने विशिष्ट अवसर हो– सहिद सप्ताह ।

सहिद सप्ताह केवल औपचारिकताको विषय होइन । यो त महान् सहिदहरूलाई स्मरण गर्ने, सम्मान गर्ने मात्र नभएर आवश्यक परेका खण्डमा राष्ट्र र जनताको निम्ति बलिदान दिन तयार हुनुपर्छ भन्ने प्रेरणा लिने र प्रतिबद्धता जाहेर गर्ने अवसर पनि हो । बलिदानीपूर्ण इतिहासको स्मरण गर्नु, आत्मसात् गर्नु, त्यसप्रति सम्मान गर्नु, गौरव गर्नु र क्रान्तिकारी बलिदानको इतिहास नयाँ पुस्तामा हस्तान्तरण गर्नु तथा अमर बनाउनु सम्पूर्ण सचेत नागरिकको कर्तव्य पनि हुन आउँछ । त्यस अर्थमा सहिद सप्ताह एउटा संस्कृति पनि हो, त्यागको संस्कृति, समर्पणको संस्कृति । आम जनताको हित र स्वार्थका लागि व्यक्ति हित र निजत्वको त्याग र समर्पण ।

सहिद सप्ताह नेपालमा आमूल परिवर्तनका लागि भएका अनेकौं आन्दोलन र त्यसक्रममा भएका बलिदानी शृंखलाहरूलाई जोड्ने कडी पनि हो । विशेष गरी नेपालका दुई ऐतिहासिक क्रान्तिमा भएको बलिदानको संयोजन पनि हो, सहिद सप्ताह । जनयुद्धका प्रथम सहिद दिलबहादुर रम्तेलले सहादत प्राप्त गर्नुभएको दिन २०५२ साल फागुन १४ गते र तत्कालीन झापा विद्रोहको क्रममा सुखानीमा सहिद हुनुभएका पाँच सपूतहरू रामनाथ ढकाल, वीरेन राजवंशी, नेत्र घिमिरे, कृष्ण कुइँकेल र नारायण श्रेष्ठले बलिदान गर्नुभएको दिन २०२९ साल फागुन २१ गतेको ऐतिहासिक दिनलाई जोडेर उहाँहरूसहित सम्पूर्ण सहिदहरूलाई स्मरण र सम्मान गरिँदै आएको सन्दर्भ हो– सहिद सप्ताह ।

विडम्बना ! आज 'खोलो तऱ्यो, लौरो बिर्स्यो' भनेझैं जसको रगतको मूल्यमा आज हामी लोकतन्त्र दिवस मनाउने गर्छौं, स्वतन्त्रताको वकालत गर्छौं, तर परिवर्तनका लागि सबैभन्दा बढी योगदान दिने आफ्नो प्राणको आहुति दिने महान् सपूतहरूको बारे सोच्ने, उनीको परिवारको अवस्थाबारे बुझ्ने चासो, चिन्ता र फुर्सद कसैलाई छैन । अझ सहिदहरूको सहादतको उद्देश्य यही सीमित लोकतन्त्र अर्थात् केही सीमितहरूको लागि मात्र लोकतन्त्र प्राप्त गर्नु थिएन, बरु उनीहरूको लक्ष्य सम्पूर्ण मानव जातिको लागि समतामूलक सामाजिक व्यवस्थासहितको मानव समाजको निर्माण गर्नु थियो । जहाँ एक मानवले अर्को मानवमा कुनै पनि नाममा शोषण र उत्पीडनका सबै स्वरूपहरू समूल रूपले अन्त्य भएको होस् ।

आज तिनै सहिदको बलिदानको जगमा टेकेर सत्तामा पुगेकाहरू नै सहिदका सपनालाई कुल्चिँदै क्रान्ति र परिवर्तनका आवाजहरूलाई घाटी निमोठ्न तल्लीन छन् । निरंकुशताको विरुद्ध लडेकाहरू आज आफैं निरंकुशतातर्फ अग्रसर भइरहेका छन् । सत्ताधारीका यस्ता हर्कतलाई सहिदका रगतले गिज्याइरहेको हुनुपर्छ ।

अहिले अधिकांश सहिद परिवारको अवस्था दयनीय छ । जबसम्म सहिद परिवारले क्रान्तिमा आफ्नो परिवार गुमाएकोमा पश्चात्ताप नगरी गौरव गर्ने वातारण बन्दैन, तबसम्म क्रान्तिको वास्तविक लक्ष्य पूरा भइसकेको छैन भन्ने बुझ्नुपर्दछ । आफ्नो परिवारको सदस्यले क्रान्तिमा बलिदान दिनु भनेको परिवार एक्लो हुनु वा असहाय हुनु होइन, बरु बलिदान दिएको परिवारले एक दुई आफन्तको सट्टामा सिंगो राष्ट, सिंगो समाज नै आफ्नो परिवार भएको अनुभूति दिलाउन सक्नुपर्छ राज्यले । यसर्थ, राज्य सहिद परिवारको अभिभावक बन्न सक्नुपर्छ । राज्य यस मामिलामा गम्भीर रूपले चुकेको छ ।

आज पनि जनयुद्धलगायत कतिपय आन्दोलन र क्रान्तिका सहिदहरूलाई राज्यबाट सहिद मान्यता पाएका छैनन् र परिवारले सहिद परिवारको मान्यता पाउन सकेका छैनन् । जनयुद्ध होस् वा एकीकृत जनक्रान्ति वा अन्य जनताको पक्षमा भएका संघर्षहरू हुन् । त्यसक्रममा बलिदान गर्नेहरू सम्पूर्ण सहिदहरूलाई राज्यले राष्ट्रिय सहिद घोषणा गर्नुपर्दछ । सहिद परिवारलाई परिचयपत्रको व्यवस्था गरी सम्पूर्ण जिम्मेवारी राज्यले लिनुपर्दछ । साथै, सहिदका परिवार र सन्ततिहरूलाई उचित शिक्षा, स्वास्थ्य र रोजगारको व्यवस्था राज्यले गर्नुपर्दछ । सरकारका सबै निकाय र सामाजिक संघ-संस्थाहरूबाट सहिद परिवारलाई राज्य र सामाजिक रूपले सम्मानजनक नीति, कार्यक्रम र व्यवहार अपनाउनुपर्छ । सहज जीवनयापनका लागि विशेष वृत्ति र आर्थिक सहयोग, राज्यले लिने करहरूमा छुट, सार्वजनिक सवारी साधनमा निःशुल्क यात्रा र सार्वजनिक समारोहमा सम्मानजनक उपस्थिति, राज्यका सुविधाहरूमा प्राथमिकतालगायत विभिन्न विशेष व्यवस्था निश्चित गरिनुपर्दछ ।

सबैभन्दा महत्वपूर्ण विषय सहिद राष्ट्रका सबैभन्दा उच्च ओहोदाका श्रद्धायुक्त विषय बन्नुपर्छ । सहिद सप्ताह सबैका लागि क्रान्ति र प्रगतिका लागि ऊर्जा र प्रेरणा बनिरहोस् । सम्पूर्ण आदरणीय सहिदहरूप्रति हार्दिक श्रद्धासुमन ! साथै, सम्पूर्ण आदरणीय सहिद परिवारजनप्रति स-सम्मान शुभकामना !

सन्दर्भ : सहिद सप्ताह

सहिदका सपनालाई अलपत्र पारिएको छ

अजय नेपाली 'त्रिशक्ति'
रुकुम हाल रणियापुर फूलबारी दाङ

» ***जनताको मुक्तिका लागि भनेर तपाईंको परिवार युद्ध लड्नुभयो, सहादत हुनुभयो, अहिले कस्तो महसुस गर्नुहुन्छ ?***

हो, नेपाली जनताको मुक्तिका लागि तत्कालीन नेकपा (माओवादी) ले २०५२ फागुन १ गते जनयुद्धको शंखघोष गऱ्यो । जनवादी राज्यसत्ता स्थापनाको महान् यात्रामा हाम्रो परिवार मात्र नभई नेपाली आमाका हजारौं छोराछोरीले उच्च बलिदानीको कोटा चुक्ता गर्नुभयो । लडाइँको मोर्चामा मेरो आफ्नो परिवारबाट बुबा र दाइको सहादत भयो । त्यो दश बर्से महान् यात्रामा सहादत हुनुभएका मेरा बुबा र दाइलगायत सम्पूर्ण नेपाली आमाका महान् सपूतहरूप्रति म उच्च सम्मान एवम् भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । तर, अहिले जनयुद्धका मुख्य नेतृत्व प्रचण्ड-बाबुरामले जनतालाई धोका दिएर सहिदका सपनालाई अलपत्र पारेर पुरानै संसदीय व्यवस्थामा अहिले कुर्सीको तछाड-मछाडको घीनलाग्दो हर्कतले हामीलाई लज्जित तुल्याएको महसुस गरिरहेको छु

» ***जनयुद्धका सहिद परिवारहरूको तर्फबाट जनयुद्धका नेता र सहयोद्धाहरूलाई के भन्न चाहनुहुन्छ ?***

सहिद परिवारको तर्फबाट भन्नुपर्ने त धेरै कुराहरू छन् । हिजो आफू भोको रहेर हामीले उहाँहरूलाई खुवाउँथ्यौं, आफूलाई जोखिममा राखेर उहाँहरूको सुरक्षामा रात-दिन खटिन्थ्यौं तर विडम्बना आज सहिद परिवार, घाइते अपाङ्ग योद्धाहरूको जीवन निकै कष्टपूर्ण छ । हिजो जुन सपना देखाइएको थियो, त्यो पूरा नगरी उहाँहरू महान् सहिदहरूको लासमा आलिसान बङ्गला खडा गर्नुभयो, त्यो नै अत्यन्त दुःखद् पक्ष हो । म जनयुद्धका इमानदार नेता र सहयोद्धालाई हाम्रो सपनामाथि धोका दिने, जितको सँघारमा पुगेको क्रान्तिलाई समाप्त पार्नेहरूका विरुद्ध एकपटक फेरि मुट्ठी कस्न आह्वान गर्न चाहन्छु ।

» ***जनयुद्धका तत्कालीन नेतृत्वले क्रान्तिलाई धोका दिएको भनेर नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले एकीकृत जनक्रान्ति सञ्चालन गरेको छ । यसबारे जनयुद्धका सहिद परिवारको धारणा के रहेको छ ?***

सर्वप्रथम क. विप्लवलाई सलाम गर्न चाहन्छु, जसले जनयुद्धका तत्कालीन नेतृत्वले धोका दिएको क्रान्तिलाई फेरि नयाँ विचारसहित दृढसंकल्प लिएर अगाडि बढिरहनुभएको छ । विप्लवले अघि सारेको एकीकृत जनक्रान्तिप्रति सहिद परिवारहरू निकै आशावादी त हुनुहुन्छ नै तर फेरि धोका हुन्छ कि भन्ने डर कता-कता रहेको पाइन्छ तर हामी विश्वस्त छौं कि क. विप्लवले सहिदको सपना वैज्ञानिक समाजवादी राज्यव्यवस्था नेपाली जनताको सुन्दर भविष्य निर्माण गर्ने कुरामा धोका हुनेछैन ।

» ***जनयुद्धका सहिद परिवारबारे राज्य वा सरकारको कस्तो नीति या व्यवहार पाउनुभएको छ ?***

जनयुद्धका सहिद परिवारप्रति राज्यको केही नीति नै छैन । मलाई लाग्छ, सहिदहरूको सपना पूरा गर्ने मार्गतर्फ राज्य अघि बढेकै छैन, बरु सहिदहरूको सपनालाई कुल्चिएर सहिदको सपनालाई बेवास्ता गरेर राज्य सहिदहरूप्रति गैरजिम्मेवार बनेको छ । राज्यले सहिदका परिवारलाई सम्मान गरेर निःशुल्क शिक्षा, स्वास्थ्य, रोजगारको व्यवस्था गर्नुपर्दथ्यो तर त्यसो हुन सकेन ।

» ***सहिद सप्ताह २०७७ को सन्दर्भमा सहिद परिवारको तर्फबाट सम्पूर्ण सहिद, बेपत्ता परिवारहरूलाई के सन्देश दिन चाहनुहुन्छ ?***

सहिद सप्ताह २०७७ को सन्दर्भमा सहिद, बेपत्ता, घाइते-अपाङ्ग योद्धाका परिवारहरूलाई सर्वप्रथम यस अवसरमा हार्दिक शुभकामना दिन चाहन्छु । जनयुद्धमा तपाईं हाम्रो परिवारको ठूलो त्याग, तपस्या, बलिदानको उच्च मूल्यांकनको साटो हामी अपहेलित र अपमानित हुनुपरेको छ । तपाईं हामी पुनः फेरि सडकमा बेवारिसे अवस्थामा छोडिएको क्रान्तिको झन्डालाई उठाउने साहस गरौं ।

» ***अन्त्यमा, रातोखबरमार्फत् केही भन्न चाहनुहुन्छ कि ?***

सर्वप्रथम सहिद सप्ताह २०७७ को सन्दर्भ पारी तपाईंको जनपक्षीय पत्रिका रातोखबरमार्फत् सहिद परिवारको तर्फबाट विशेष धन्यवाद दिन चाहन्छु । जनताको मुक्तिका लागि भनेर लडिएको युद्ध विजयोत्कर्षमा पुगेको थियो तर जनयुद्धको मुख्य नेतृत्व प्रचण्ड-बाबुरामको कारण नेपालमा प्रतिक्रान्ति भयो । हाम्रा सपनाहरूलाई खरानी पारियो । पुरानै संसदीय व्यवस्थामा देशलाई पुऱ्याइयो । तसर्थ, अपुरो क्रान्तिलाई पूरा गर्न एकीकृत जनक्रान्तिको कार्यदिशामा लामबद्ध हुन आग्रह गर्दछु ।

सहिद परिवार भएकोमा गर्व गरौं

सम्झना घर्ती, रोल्पा

» ***जनताको मुक्तिका लागि भनेर तपाईंको परिवार युद्ध लड्नुभयो, सहादत हुनुभयो, अहिले कस्तो महसुस गर्नुहुन्छ ?***

मलाई र मेरो परिवार जनयुद्धको एउटा हिस्सा भनी सहिद परिवार हुन पाएकोमा गर्व लाग्छ । सहिद परिवार हुनु गौरवपूर्ण उपाधि हो । सहिद परिवार हुनु भनेको समाजप्रति एक जिम्मेवार नागरिक बन्नु हो । हरेक समय जिम्मेवार नागरिक बनेको महसुस हुन्छ ।

» ***जनयुद्धका सहिद परिवारहरूको तर्फबाट जनयुद्धका नेता र सहयोद्धाहरूलाई के भन्न चाहनुहुन्छ ?***

जनयुद्धमा एक सहयात्री, जीवनसाथी, आफन्त, सहिद भएको सहिद परिवारको नाताले हिजो हाम्रा नेतृत्व, कमरेडहरू भूतपूर्व भइसक्नुभयो । असफल, दलाल संसदीय व्यवस्था ब्युँताउने खेलमा तल्लीन हुनुहुन्छ । सरकारमा हुँदा सहिद, बेपत्ता, घाइते, कार्यकर्ता र जनताको सम्झना नगर्नेहरू, उत्पीडित वर्गको उत्पीडनबारे महसुस नगर्नेहरू केपीले आफ्नै प्रजातन्त्रको हत्या गरेपछि सुविधा खोसिएका कमरेडहरू सडकमा रोइरहनुभएको छ ।

यिनीहरूलाई भन्नुपर्ने म केही देख्दिनँ । जनयुद्धमा स्थापित मूल्य-मान्यता अझ भर्नौं, कम्युनिस्टहरूले चाहेको व्यवस्थाको मूलमर्मअनुसार एकीकृत जनक्रान्तिको कार्यदिशा पास गरेर त्यहीँअनुसार अगाडि बढिरहेको नेपाल कम्युनिस्ट पार्टीका नेतृत्व र सहयोद्धाहरू बुर्जुवाहरूले नेपाली जनतालाई आधुनिक दास बनाउने प्रयत्न गरिरहेका छन्, जनताको अधिकार प्राप्ति भएको छैन, राष्ट्र स्वाधीन भएको छैन । सहिदको मूल सपना जनतालाई सर्वाधिकार सम्पन्न गर्ने, राष्ट्र स्वाधीन र आत्मनिर्भर बनाउने महिला-पुरुषबिच समानता कायम गर्ने भएकोले तपाईंहरू हामी सबै नडगमगाईकन आफ्नो अभीष्ट पूरा गर्न निरन्तर लागौं । सत्य हजार झुटको बिचबाट प्राप्त हुनेछ ।

» ***जनयुद्धका तत्कालीन नेतृत्वले क्रान्तिलाई धोका दिएको भनेर नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले एकीकृत जनक्रान्ति सञ्चालन गरेको छ । यसबारे जनयुद्धका सहिद परिवारको धारणा के छ ?***

नेपाल कम्युनिस्ट पार्टीले विश्वासघात गर्नेहरूसँग राजनीतिक-वैचारिक हिसाबले सम्बन्ध-विच्छेद गरी अहिले विश्वव्यवस्था र घरेलु राज्यव्यवस्थाको चरित्रको सही व्याख्या गरि सम्पूर्ण समाजवादी व्यवस्था स्थापनाको लागि आफ्नो कार्यक्रम अगाडि सारेको छ र यो सही छ । यसलाई बौद्धिक वर्ग, देशभक्त, सम्पूर्ण श्रमजीवी वर्गले साथ दिनुपर्छ । आधुनिक तानाशाहहरूलाई घोडाबाट खसाल्न एकपटक सबै जुर्मुराउनुपर्नेछ । सहिद परिवार सहिदको सपना पूरा गर्ने पार्टीलाई साथ दिन्छ ।

» ***जनयुद्धका सहिद परिवारबारे राज्य वा सरकारको कस्तो नीति या व्यवहार पाउनुभएको छ ?***

राज्यको सहिद परिवारप्रतिको नीति अस्पष्ट छ । शान्तिप्रक्रियामा आएपछि बनेका सबै सरकारको सहिदप्रति व्यवहार चित्त बुझाउनेसम्मको पनि छैन । दलाल चरित्रसहित संसदीय व्यवस्थाको पुनःर्स्थापनापछि त झन् जनयुद्धको नेताहरू आफ्नो आसेपासे आफन्तको भर्तीकेन्द्र बनाएका छन् । राज्यका विभिन्न निकायमा सहिद परिवारप्रति जिम्मेवारी के पूरा गर्लान् !

» ***सहिद सप्ताह २०७७ को सन्दर्भमा सहिद परिवारको तर्फबाट सम्पूर्ण सहिद, बेपत्ता परिवारहरूलाई के सन्देश दिन चाहनुहुन्छ ?***

नेपालमा हरेक संघर्षमा भएका बलिदान परिवर्तनको लागि भएको हो । नेपाली जनयुद्ध क्रान्तिको गौरवमय इतिहास हो । जनयुद्धमा सामेल भएर आफ्नो भूमिका पूरा गर्ने अवसर तत्कालीन नेकपा (माओवादी) ले हामीलाई दियो । त्यसप्रति हामीले पश्चात्ताप हैन, गर्व गर्नुपर्छ । जनयुद्धका नेतृत्वले क्रान्तिलाई धोका दिए पनि कमरेड विप्लवको नेतृत्वमा नेपाल कम्युनिस्ट पार्टीले वैज्ञानिक समाजवादी व्यवस्थाको लागि एकीकृत जनक्रान्तिको कार्यदिशा पास गरेर त्यहीअनुसार जनतामा आफ्नो धारणा पास गरेको छ । हामी पनि एकजुट होऔं एकीकृत जनक्रान्तिको लागि, निरास नहोऔं, सहिद परिवार भएकोमा गर्व गरौं । जनयुद्धमा हाम्रो आफन्तले दिएको बलिदानको रक्षा गरौं, यहीँ सन्देश दिन चाहन्छु ।

» ***अन्त्यमा, रातो खबरमार्फत् थप केही भन्नुहुन्छ कि ?***

सहिद परिवारको तर्फबाट आफ्नो धारणा राख्ने अवसर दिनुभएकोमा रातोखबर पत्रिकालाई धेरै धन्यवाद । रातोखबर आवाजविहीनको आवाज बनोस् । श्रमजीवी जनताको प्यारो पत्रिका बनोस् । श्रमिक जनताको आवाजलाई स्थान दिँदै जाओस्, यहीँ शुभकामना । साथै, सम्पूर्ण सहिदहरूमा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै सपना पूरा गर्ने दृढ प्रतिबद्धता जाहेर गर्दछु ।

बलिदानको मूल्यलाई मोलतोलले चुक्ता गर्न सक्दैन

सीता विक, प्युठान

» ***जनताको मुक्तिको लागि भनेर तपाईंको परिवार युद्ध लड्नुभयो, सहादत हुनुभयो, अहिले कस्तो महसुस गर्नुहुन्छ ?***

हो, जनताको मुक्तिको लागि भनेर युद्ध लडियो, आफन्त गुमाइयो तर मुक्ति र परिवर्तनको सपना पूरा भएन । आफ्ना सपनाको आफैं मलामी जान अभिशप्त बनाउँदा दुःख, पीडा, आक्रोश र घृणाले उद्वेलित बनाइरहन्छ । तथापि देश र दुनियाँको निम्ति गरिएको बलिदानलाई आफू सत्तामा पुग्ने भऱ्याङ बनाउने प्रवृत्तिलाई घृणा गर्दै बलिदानको मूल्यलाई जनताको उज्यालो भविष्यमा समर्पित गर्ने प्रवृत्तिलाई सम्मान गर्नुपर्दछ ।

» ***जनयुद्धका सहिद परिवारको तर्फबाट जनयुद्धका नेता सहयोद्धालाई के भन्न चाहनुहुन्छ ?***

सहिदहरूले देखाएको बाटोमा गोलबन्द भएर अघि बढौं । एकीकृत र शक्तिशाली आन्दोलनबाट मात्र जनयुद्धका बाँकी कार्यभार पूरा हुन सकिन्छ । जनताको जीवन बदलिने गरी आमूल परिवर्तनकारी अभियानमा लामबद्ध बनौं । जनयुद्धकालीन त्याग, समर्पण, बलिदानलाई आत्मसात् गरौं । प्रतिक्रान्ति, धोका गद्दारी, लोभलालच, चाकडी, भ्रष्ट, पदलोलुप प्रवृत्तिलाई घृणा गरौं, तिरस्कार गरौं ।

» ***जनयुद्धका तत्कालीन नेतृत्वले क्रान्तिलाई धोका दिएको भनेर नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले एकीकृत जनक्रान्ति सञ्चालन गरेको छ । यसबारे जनयुद्धका सहिद परिवारको धारणा के छ ?***

हो, जनयुद्धप्रति धोका भएको सत्य हो । कमरेड विप्लवले ठूलो हिम्मत गरेर क्रान्तिकारी एजेन्डा बोकेर एकीकृत जनक्रान्तिको बाटोबाट अगाडि बढेको संकल्प गर्नुभएको छ, यो स्वागतयोग्य कुरा हो । सहिद परिवारले यसको स्यालुट गर्नुपर्छ ।

» ***जनयुद्धका सहिद परिवारबारे राज्य वा सरकारको कस्तो नीति वा व्यवहार पाउनुभएको छ ?***

राज्यको त के कुरा गर्नु सुरुको सम्झौताअनुसार केही रकम दियो त्यति हो । सहिदलाई पैसामा मोलतोल गर्ने होइन, बलिदानको मूल्य पैसाले चुक्ता गर्न सक्दैन । सहिदका परिवारसँगै सबै नागरिकको स्वास्थ्य, शिक्षा, रोजगारीको व्यवस्था राज्यले गर्नुपर्छ । सहिदहरूलाई राज्यले सधैं सम्मान गर्नुपर्छ । यहाँ त बलिदानको मूल्यलाई यति हलुङ्गो बनाइयो कुरा गरिसाध्य छैन ।

» ***सहिद सप्ताह २०७७ को सन्दर्भमा सहिद परिवारको तर्फबाट सम्पूर्ण सहिद बेपत्ता परिवारलाई के सन्देश दिन चाहनुहुन्छ ?***

देश दुनियाँको मुक्तिको सपनामा हामीले आफन्त गुमायौं, बलिदान गर्यौं, बलिदानमाथि कुठाराघात भयो, सहिद बेपत्ताका सपनाहरू पूरा हुन पाएन । त्यसैले एकचोटि फेरि देशले क्रान्तिको माग गरिरहेको छ, त्यसको लागि तयार हुनुपर्छ, कुनै पनि क्रान्तिकारी आन्दोलनलाई साथ दिनुपर्छ ।

» ***अन्त्यमा, रातो खबरबाट केही भन्नु छ कि ?***

केही कुरा राख्न दिनुभयो, धन्यवाद । परिवर्तनका आवाजलाई सधैं मुखरित गरिरहनु शुभकामना !

इञ्चार्ज फिल्टर ....

वक्तव्यमा राजनले नागरिकका मौलिक अधिकार गास, बास, कपास, स्वास्थ्य, शिक्षा र रोजगार अलपत्र पारिएको भन्दै 'अरूलाई अरू कामको पीर, घर ज्वाइँलाई खानकै पीर' भनेझैं ओली सरकार कम्युनिस्ट राजनीतिमा समर्पित नेता र कार्यकर्ताको गिरफ्तार, यातना र हुर्मत लिनमै बहादुरी ठानिरहेको बताएका छन् । उनले देश काण्डैकाण्डमा फसिरहेको भन्दै यो जनताको व्यवस्था नआउँदासम्म यो ब्रह्मलुट नरोकिने बताएका छन् । राजनले वक्तव्यमा भनेका छन्, '२०७७ फागुन १३ गते हाम्रो पार्टीका मुस्ताङ इन्चार्ज कमरेड फिल्टरलाई राजनीतिक अभियानको सिलसिलामा म्याग्दीको मालिका गाउँपालिका-४, रूम गाउँबाट बिनाकारण गिरफ्तार गरेको घटनाप्रति घोर आपत्ति एवम् खेद प्रकट गर्दछ । कम्युनिस्ट आन्दोलनमा समर्पित एक इमानदार कमरेड फिल्टरको बिनासर्त रिहाइको माग गर्दछौं । अन्यथा त्यसबाट उत्पन्न परिस्थितिको जवाफदेही सम्बन्धित पक्ष हुनुपर्ने जानकारी गराउँदछौं ।'

सहिद, बेपत्ता योद्धा आकासमा चम्कने तारा हुन्, सधैं चम्काइरहने प्रयास गरौं

सहिद र बेपत्तालाई मागिखाने भाँडो बनाइयो, समस्या र पीडाका कुरा त भोग्नेलाई मात्र थाहा छ

» ***भर्खरै २६ औं जनयुद्ध दिवस सम्पन्न भएको छ, तपाईं जनयुद्धमा पार्टी संगठन र जनमुक्ति सेनाको कमिसार पनि हुनुभयो, विगत १० वर्षको जनयुद्धलाई कसरी स्मरण गर्नुहुन्छ ?***

२६ औं जनयुद्ध दिवस उत्पीडित वर्गको लागि मुक्ति दिलाउने आफैंमा गौरव गर्ने दिन हो। यसले स्थानीय सामन्तवादको जरा काटिदिएको थियो र केन्द्रीय सामन्ती राजतन्त्रलाई नामेट पारिदियो । विस्तारवाद र साम्राज्यवादको समेत घुँडा टेकाइदिएको थियो । आफू त्यसमा सुरुदेखि पार्टी संगठन र जनमुक्ति सेनाको कमिसारसमेत भएर काम गर्न पाउँदा आज गौरवको अनुभूति हुने गर्छ र विगतका हाम्रा अनुभूतिहरू आज पनि ताजगी बनेर आइरहने गर्दछन् ।

» ***जनयुद्धबाट उपलब्धि के भयो ? जनयुद्धको लक्ष्य पूरा भयो कि भएन निष्कर्ष कस्तो रह्यो ? बताइदिनुहुन्छ कि ?***

दुनियाँलाई बदल्ने अथवा आमूल परिवर्तन गर्ने नयाँ जनवादी क्रान्ति हुँदै समाजवाद साम्यवादसम्म पुग्ने लक्ष्य जनयुद्धको थियो । हामी त्यही बुझेर लागेका छौं । विडम्बना त्यो हुन सकेन तत्कालीन नेतृत्वले शान्ति प्रक्रिया र लोकतन्त्रको बाटो रोज्यो विचलन र आत्मसमर्पणको बाटोको सुरुआत भयो, नेताको जीवन बदलियो, नवसामन्तवाद भए तर बलिदान गर्ने कार्यकर्ता जनता झन् झन् पीडित हुँदै गए, भएका सामान्य उपलब्धि जुन जनयुद्धले ल्याएको थियो, बोल्न पाउने अधिकारसम्म खोसियो। सहिद, जनमुक्ति सेना, जनसत्ता, जनयुद्धका उपलब्धि थिए, सबै खोसिए।

» ***फागुन १४-२१ लाई सहिद सप्ताहको रूपमा मनाइँदै आएको छ । तपाईं आफैं सहिद परिवार हुनुहुन्छ । सहिद परिवारको रूपमा यतिबेला कस्तो अनुभूति गर्नुहुन्छ ? सहिद परिवारको तर्फबाट जनयुद्ध लडेका नेतृत्व र सहयोद्धालाई के सन्देश दिनुहुन्छ ?***

नेकपाका महासचिव क. विप्लवको विचारमा सहिद सप्ताह माओवादी र जनसत्ताको घोषणा हो। जसले महान् जनयुद्ध र एकीकृत जनक्रान्तिमा नयाँ जनवाद वैज्ञानिक समाजवाद साम्यवादको महान् आदर्श र लक्ष्यका लागि बलिदान गरे, उनीहरूको गाथासँग यसको सम्बन्ध जोडिएको छ । झापा विद्रोहका योद्धाहरूको बलिदान भएको फागुन २१ गते र जनयुद्धका पहिलो सहिद दिलबहादुर रम्तेलको बलिदान भएको फागुन १४ लाई जोडेर आरम्भ भएको यो दिन र एकीकृत जनक्रान्तिका महान् सहिदहरूको बलिदान पनि गाँसिन आएको छ । सुन्दर संसार फुलाउन सहिद बनेकाहरूको सपनालाई निरन्तरता दिने र साकार पार्ने क्रान्तिकारी पार्टी, नेतृत्व र निरन्तर परिवर्तनको पक्षमा उभिएका योद्धाहरूलाई म सहिद परिवारको तर्फबाट के भन्न चाहन्छु भने आज सहिद बेपत्ता योद्धाहरूका सपनामाथि हमला र घात भएको छ। त्यसलाई चिर्दै सहिद, बेपत्ता योद्धा आकासमा चम्कने तारा हुन्, सधैं चम्काइरहने प्रयास गरौं।

» ***तपाईंको जीवनसाथी सहिद क. नन्द न्यौपाने र उहाँको सहादतबारे संक्षिप्तमा भनिदिनुस् न ?***

सहिद नन्द न्यौपाने मेरो जीवनसाथी मात्र नभएर एउटा कुशल नेतृत्व हुनुहुन्थ्यो । उहाँको बारेमा वर्णन गर्ने मसँग त्यस्तो कुनै शब्द नै छैन किनकि उहाँले त एउटा इतिहास कोरिसक्नुभएको छ। वीरहरूको गाथामा नाम लेखिसक्नुभएको छ। कर्णालीको दुर्गम जिल्ला डोल्पामा बुबा विष्णुरुद्र उपाध्याय र आमा रम्बादेवी न्यौपानेको कोखबाट २०२६ सालमा जन्मनुभएका न्यौपाने ४ भाइमध्येका जेठा छोरा हुनुहुन्छ। निम्न मध्यम परिवारमा जन्मेर पनि आफूलाई वर्गसंघर्षको बिचबाट जीवनको सुरुआत गर्दै २०५५ वैशाख १४ गते पार्टी कामको सिलसिलामा जाजरकोट जिल्ला तत्कालीन प्रमुख अधिकारी शिवप्रसाद नेपाल र प्रशासन प्रमुख रविराज श्रेष्ठको निर्देशनमा भाडाका टट्टुहरूले गिरफ्तार गरी ६ दिनसम्म बेपत्ता बनाएर रुग्दा प्रहरी चौकीले सदरमुकाम लैजाने बहानामा २१ गते रिम्नमा गोली हानी हत्या गरेका थिए। प्रहरीहरूलाई आधा घन्टा प्रशिक्षण दिएर झुक्न नजानेका न्यौपानेले जीवनको भीख माग्नुभएन । सिपाहीले गोली हान्न नसकेर कमान्डरले हानेर भेरी नदीमा फालेको कुरा आज पनि जीवित छ। हत्याराहरू प्रमोसन हुँदै छन्। सहिदहरू राष्ट्रियकरण हुन सकेनन् । विडम्बना जे भए पनि महान् मान्छेहरूको पंक्तिमा हुनुहुन्छ नन्द न्यौपाने । स्मरण रहोस्, तत्कालीन जिल्ला पार्टी सचिव हुनुहुन्थ्यो, क. नन्द न्यौपाने।

» ***तपाईं जनक्रान्तिका महान् सहिद परिवार संगठनको अध्यक्ष पनि हुनुहुन्छ । तपाईंहरू सहिद परिवारको समस्यालाई लिएर संघर्ष पनि गरिरहनुभएको छ । अहिले देशभरिका सहिद परिवारको स्थिति कस्तो छ ? सहिद परिवारको समस्याबारे राज्यसँग के कस्ता माग र संघर्ष गरिरहनुभएको छ ?***

सहिद र बेपत्ता योद्धा भनेका राष्ट्रकै अमूल्य निधि हुन् र क्रान्तिका पुँजी पनि हुन्। समाज, राष्ट्र विभिन्न राजनीतिक पार्टीहरू र जनताले सहिदको सम्मान र उचित मूल्यांकन गर्न सक्नुपर्छ । आज सहिदहरूको घोर अवमूल्यन भइरहेको छ। सहिद परिवारका समस्या भनेका इन्द्रिय समस्या हैन, वर्गसत्ताकै समस्या हुन्। हाम्रो माग भनेको जनयुद्धका सहिदहरूलाई राज्यले राष्ट्रिय सहिद घोषणा गर्नुपर्छ, बेपत्ताहरूको सार्वजनिकीकरण गर्नुपर्छ, हत्यारालाई कारबाही गर्नुपर्छ भन्ने हो र परिवारजनको अभिभावकत्व राज्यले लिनुपर्छ । हामीले राज्यसँग धेरैपटक माग गर्‍यौं, संघर्ष गर्‍यौं तर सुनुवाइ भएन। विडम्बना ! माओवादीकै प्रधानमन्त्री, मन्त्रीहरू भए, त्यो काम गर्न सकेनन्, उल्टो सहिद र परिवारहरूलाई विखण्डन गर्न खोजिँदै छ, सहिद, बेपत्तालाई मागी खाने भाँडो बनाइँदै छ, समस्या र पीडाका कुरा त भोग्नेलाई मात्र थाहा छ।

» ***हिजो सँगै जनयुद्ध लडेको बलिदानी दिएको माओवादी र नेताहरू अहिले विभिन्न पार्टीमा विभाजित भएका छन् । सहिद परिवारले कसलाई आफ्नो पार्टी ठान्ने, समस्या भएन र ?***

पार्टी फुट्नु आफैंमा दुःखको कुरा हो तर बाध्यता पनि होला। क्रान्तिकारी मूल्य मान्यताबाट चिप्लिएपछिको परिणाम हो यो । क. प्रचण्ड, बाबुराम, क. किरण, क. विप्लव एकै ठाउँमा भएर हिजोका सबै आदर्शहरूलाई संस्थागत गरेको भए हुने थियो, त्यसो हुन सकेन। क्रान्ति र प्रतिक्रान्तिको संघर्षलाई चिर्दै एकीकृत जनक्रान्तिमार्फत् दुनियाँको सपना पूरा गर्ने विप्लव नेतृत्वको नेकपाले नै हामी सबैको सपना पूरा गर्ने दृष्टि क्षितिजमा देखा परेको छ। अहिले सहिद बेपत्ता परिवार पनि यो पार्टीप्रति विश्वस्त बन्दै गएको छ र सहिदको सपना पूरा गर्ने पार्टीलाई हामी सहिद परिपारले समर्थन गर्नु हाम्रो दायित्व पनि हो।

» ***जनयुद्धमा धोका भयो, अब सहिदका सपना पूरा गर्छौं भनी नेत्रविक्रम चन्द 'विप्लव' को नेतृत्वमा रहेको नेपाल कम्युनिस्ट पार्टीले एकीकृत जनक्रान्तिको नेतृत्व गरेको बुझिन्छ । तपाईंको दृष्टिमा यो कस्तो क्रान्ति हो ? अनि यो पार्टी र क्रान्तिबारे सहिद परिवारको धारणा कस्तो पाउनुभएको छ ?***

हो, नेपाली क्रान्ति पूरा गर्ने उद्देश्य बोकेको जनयुद्ध सफलतातिर गइरहेको बेला धोका भयो, तत्कालीन नेतृत्वले निष्कर्षमा पुराना सकेनन्। त्यही अधुरो क्रान्तिलाई एकीकृत क्रान्तिको कार्यदिशाद्वारा पूरा गर्न जोड्ने कडी हो एकीकृत जनक्रान्ति। यसमा सहिद बेपत्ता योद्धा, घाइते, उत्पीडित वर्ग, क्षेत्र, लिङ्ग, सबैको भावना र विचार समेटिएको मात्र छैन कि मुक्ति र परिवर्तनको उद्देश्य पनि गाँसिएको छ। यो पार्टीले अहिलेसम्म सहिद बेपत्ता, घाइते योद्धा र परिवारको अभिभावकत्व लिने प्रतिवद्धता लिएको छ र केही नमूना कार्य पनि गरेको छ। सहिद परिवार यही पार्टी र नेतृत्वप्रति विश्वास र आशा गर्दै संगठित भएको अवस्था पनि छ। राम्रो काम गरे सधैं साथ पनि रहन्छ।

» ***राष्ट्र र जनताको मुक्ति परिवर्तनका लागि बलिदान दिनुहुने सम्पूर्ण सहिद परिवारप्रति राज्य सरकार र समाजले लिने नीति र व्यवहार कस्तो हुनुपर्छ ?***

राज्यले अभिभावकत्व लिनुपर्छ, उचित कदर र सम्मान गर्न सक्नुपर्छ । सहिद र बेपत्ताका परिवार सबैका प्रेरक शक्ति हुन्, परिवर्तनका पुँजी हुन्।

» ***क्रान्ति गरिरहेको पार्टी, नेतृत्व र सहकर्मीबाट तपाईंसहित सम्पूर्ण सहिद परिवारले के अपेक्षा गर्नुहुन्छ ?***

जस्तोसुकै अवस्था आए पनि सहिद बेपत्ता योद्धाहरूको सपनालाई निरन्तरता दिनुपर्छ । आज बलिदान गर्नेहरूको संस्थागत र मूल्यांकन गर्ने कुरा नै टड्कारो बनेको छ। पार्टीले यो पूरा गर्नुपर्छ र परिवारको अभिभावकत्व लिदै सम्पूर्ण व्यवस्थापन गर्ने कुरामा ध्यान दिनुपर्छ। यसको लागि तत्कालीन एवम् दीर्घकालीन योजना पार्टीले बनाउनुपर्ने देखिन्छ। हाम्रो अपेक्षा पनि छ र विश्वास पनि छ।

» ***सहिद सप्ताह २०७७ को अवसरमा जनक्रान्तिका महान् सहिद परिवार संगठनको अध्यक्षको तर्फबाट देशभरिका र देशबाहिर रहनुभएका सम्पूर्ण सहिद परिवारलाई के सन्देश दिन चाहनुहुन्छ ?***

आज क्रान्ति र प्रतिक्रान्तिको संघर्ष जटिल मोडमा पुगिरहेको छ । दलाल सत्ताका नाइकेहरू सहिद, बेपत्ताका सपनामाथि कुठराघात गरिरहेका छन्। हामी प्रत्यक्ष र परोक्ष रूपले निरन्तर क्रान्ति र प्रतिक्रान्तिसँग जोडिने परिवार, संगठन फेरि पनि जीवनलाई क्रान्ति र क्रान्तिलाई जीवनमा बदल्न सक्ने क्षमताको विकास गर्नु अझै आवश्यक छ। त्यसैल सबै परिवारहरू नडगमगाइ अगाडि बढौं। सहिद सप्ताह २०७७ को शुभकामना दिन चाहन्छु।

» ***अन्तमा, रातो खबरमार्फत् थप केही कुरा भन्नुहुन्छ कि ?***

हामी समान भावना, एउटै पीडा, साझा मुद्दा भएका परिवारको विषयलाई केन्द्रित ढंगले उठान गर्न जनताको आशालाग्दो पत्रिका रातो खबरले आफ्ना विचार राख्ने मौका दिनुभएकोमा आभार व्यक्त गर्न चाहन्छु र २६ औं जनयुद्ध दिवसको अवसरमा तपाईंलगायत सम्पूर्ण रातोखबर परिवारलाई शुभकामना दिन चाहन्छु।

स्थलगत रिपोर्ट

सन्दर्भ : सहिद सप्ताह

सहिद, बेपत्ता परिवारको एउटै स्वर- क्रान्तिको बाटो नछोड्नू, धोका नदिनू

प्रस्तोता : रमाकान्त बास्तोला

मनभरि वेदना, आक्रोशसँगै आशाका झिनो सपना बोकेर बसेका तमाम सहिद, बेपत्ता परिवारको भाव निकै गहन बनेका छन्। तत्कालीन माओवादीले सञ्चालन गरेको महान् जनयुद्धले एउटा इतिहास कायम गऱ्यो । हजारौं नेपाली जनको योगदान, बलिदानले सिर्जित नेपाली समाज र राष्ट्रको गौरवमय त्यो इतिहासको समीक्षा आज कुनै पनि राजनीतिक घटकले गरेको देखिँदैन। जुन व्यवस्थाको परिवर्तन गर्न ती राष्ट्रका सपूतहरूले बलिदान गरे, घाइते र अपाङ्ग भए, घरबारविहीन बन्नुपऱ्यो, आज उनैका परिवारले एउटा मरुभूमिपूर्ण जीवनयापन गर्नुपरेको अवस्था छ। सामान्य बिरामी हुँदा औषधीसम्म गर्न नसक्ने अवस्थामा आज सहिद-बेपत्ताका परिवारको समस्याहरू छन्। प्रचण्ड-बाबुरामलगायत नेतृत्वको विचलनता र क्रान्तिप्रतिको गद्दारीपनले गर्दा आज जनताको भरोसा कम्युनिस्ट पार्टीप्रतिको आशा हराउँदै गएको छ। प्रतिक्रियावादीहरूको जालभित्र फसेका नेतृत्वका कारण आज सहिद, बेपत्ता परिवार अपमानित बन्नुपरेको छ। समाजमा तिरस्कृत बनेर शिर निहुराएर हिन्नुपर्ने अवस्था सृजना भएको छ।

हामी सहिद सप्ताहमा सहिद बेपत्ता परिवार भेटघाट गर्न अन्नपूर्ण गाउँपालिका गएका थियौं । त्यहाँ पुग्दा हामिलाई निकै भावुक बनायो। सहिद छबि अधिकारी र मुना अधिकारीकी आमा मन्नरी अधिकारीसामु पुगेर हामी हाम्रो परिचय दिँदै गर्दा उहाँले छोरा र छोरीको फोटो माग्नुभयो, "बाबु मेरो छोरा छोरीको फोटो भए दिनुस् न हेरौं।" उहाँको उक्त कुरा सुनेर म नतमस्तक भएँ। त्यसपछि महासचिव विप्लवद्वारा हस्ताक्षरित सम्मानपत्र हामीले उहाँलाई दियौं । भावुक हुँदै हामीले दिएको सम्मानपत्रमा रहेको फोटो हेर्दै आँखाबाट आँसु झार्न सुरु गर्नुभयो। उहाँको त्यो वेदना र छोराछोरीप्रतिको अपार मायाले मन खिन्न भयो तर त्योसँगै जिम्मेवारीबोध पनि उत्तिकै महसुस गरें। नेतृत्वको विचलनताका साथै, देशमा छाएको प्रतिक्रान्तिको सामना गर्दै क्रान्तिको झोला पुनः उठाउने जिम्मेवारी जो हामीमा आएको छ, त्यो कदापि सम्झौतामा टुङ्गिनेछैन र एकीकृत जनक्रान्तिद्वारा नै तमाम समस्याको हल गरिने दृढता व्यक्त गर्दै, प्रतिबद्धता व्यक्त गर्दै आमाले दिएका सल्लाहहरू साथमा बोकेर त्यहाँबाट हिँडियो।

मसँगै अन्नपूर्ण गाउँपालिकाका सेक्रेटरी क. राजेश पनि हुनुहुन्थ्यो। हामी यस गाउँपालिकाभरि रहेका सहिद, बेपत्ता परिवार भेट्ने योजनाका साथ अघि बढेका थियौं। यसैक्रममा सांसद दुर्गा विकको घरमा पुग्यौं। दुर्गा विकको बहिनी धनकुमारी विक पनि तत्कालीन माओवादी जनयुद्धमा राज्यद्वारा मारिएकी थिइन्। सहिद धनकुमारीको घरमा पुग्दा गोठभरि बाख्रा थिए। बाबा पद्मसिंह विक बारीमा सागसब्जी लगाउने टनेल बनाउँदै हुनुहुन्थ्यो। बाबा बिरामी हुनुहुँदो रहेछ। आमालाई हामीले आफ्नो परिचय दिँदै आफु आएको कारण व्यक्त गर्दै उहाँलाई दोसल्ला ओढाउँदै सम्मानपत्र दियौं। उहाँ केही बोल्न खोज्दै हुनुहुन्थ्यो तर शब्द प्रकट गर्न सक्नुभएन। बाबा धनसिंह भएको ठाउँमा पुग्यौं। उहाँ टनेलको काम गर्दै हुनुहुन्थ्यो। उहाँलाई हाम्रो परिचय दियौं, तब उहाँले सल्लाह दिँदै भन्नुभयो, "बाबु प्रचण्डले जस्तो घात नगर्नू, अब जनतालाई बन्दुक होइन, विचार बोकाउनू, आज आफ्नै एउटा छोरी सांसद हुँदा पनि म खुसी छैन। तलदेखि माथिसम्म सबै चोर नै चोर छन्, सहिद बेपत्ताको कदर गर्नू।" आक्रोशसहित भावुकताका कुराहरू उहाँले भन्नुभयो। उहाँले थप्दै विप्लवलाई प्रचण्डजस्तो नबन्न आग्रह गर्दै सूचना पुऱ्याउनू भन्नुभयो।

त्यहाँबाट हामी सहिद छलीमाया नेपालीको घरमा गयौं। घरमा आमा हुनुहुँदो रहेनछ। आमा पोखरातिरै आएको खबर पाएपछि हामी बेपत्ता योद्धा टीका विकको घरमा पुग्यौं। टीका विकको घरमा हजुरबाबा धनराज विक टीकाको स्मृतिमा बनाइएको चौपारीमा बसिरहनुभएको थियो। हजुरबाबालाई नमस्कार गर्दै हामीले आफ्नो परिचय दियौं। बाबाले घरतिरै जाऊँ, उतै बसेर कुरा गरौंला भन्दै घर लग्नुभयो। घरमा जानेबित्तिकै उहाँले छोरी (टीकाकी आमा) घाँस काट्न गएको बताउनुभयो। हामी

बेपत्ता योद्धा पूर्ण पौडेलकी आमा मोतिमाया पौडेल

आमालाई कुर्दै बाबासँग कुराकानी गर्दै बस्यौं।

उमेरले ९३ पुगेका हजुरबुबाका कुरा निकै गहकिला थिए। यत्तिकैमा बाबाले टीकालाई सम्झँदै उहाँको बारेमा बताउनुभयो। गोजीबाट सानो रुमाल निकाल्दै भन्नुभयो, "बाबु हो ! यो मेरो नातिनीले दिएको चिनो हो। पैसो पोका पार है बा भन्दै दिएको।" यति भन्दै उहाँले मन थाम्न सक्नुभएन। फेरि रसिला आँखा बनाउँदै भन्नुभयो, "बाबु हो ! तिमीहरू मेरो नातिनीको साथीहरू हौ, त्यतिबेला फौजीले मेरी नातिनीलाई कहाँ लग्यो कहाँ। माओवादीसँग गएकी थी। निकै टाठी थी, मेरी नातिनी।" फेरि स्वर बन्द भए बाबाका। यत्तिकैमा टीकाकी आमा बिन्दुमाया विक पनि आउनुभयो। हामीले आफ्नो परिचय दिँदै उहाँलाई अभिनन्दन गऱ्यौं। अभिनन्दनपछि हजुरबाबाले सम्मानपत्रमा नातिनीको फोटो देखेर झनै भावुक हुँदै हामीलाई धन्यवाद दिनुभयो। यता आमाले आफू समाजमा एक्लो भएको साथै, घरको समस्याबारे बताउनुभयो। हामीले आमालाई आफ्नै परिवारजस्तै सम्झन आग्रह गर्दै केही सल्लाह दिएर फर्कियौं।

यसपछि हामी सहिद छलीमायाकी आमालाई भेट्न पोखरातिर फर्कियौं। पोखरा आएर हामीले छलीमायाको आमा, दिदी बहिनीलगायत सबै घरपरिवारलाई भेट्ने अवसर जुऱ्यो। त्यहाँ पनि उस्तै वेदना, उस्तै भावुकता उस्तै, आशा र भरोसाहरू प्रकट भए।

अघिल्लो दिन नेपाल कम्युनिस्ट पार्टीले पोखरा महानगरपालिकाभित्र रहेका कास्कीका विभिन्न ठाउँका सहिद बेपत्ता परिवार अभिनन्दन तथा जमघट कार्यक्रम आयोजना गरेको थियो। त्यहाँ म पनि उपस्थित थिएँ। त्यहाँ धेरै सहिद, बेपत्ता परिवारजनको सहभागिता थियो। जमघटमध्ये सबैले विप्लव कमरेडप्रति आशा र भरोसाका एक मात्र नेतृत्व रहेको सबैले तर्क गर्थे। यसैमध्ये बेपत्ता योद्धा पूर्ण पौडेलकी आमा मोतिमाया पौडेलले आफ्नो छोरालाई बेपत्ता पार्नेलाई नछाड्ने साथै छोराले बोकेको विचारलाई, सबै सहिद-बेपत्ताका सपनालाई प्रचण्डले जस्तो खुट्टा नकमाउन आग्रह गर्नुभयो। आफ्नो छोराहरू रगत खेर नजाऊन् भन्ने अपेक्षासहित सफल यात्राको शुभकामनासमेत दिनुभयो।

जनयुद्धमा कास्की जिल्लामा मात्र ३८ जना सहिद र २२ जना बेपत्ता हुनुभएको तथ्यांक छ। यसरी सहिद, बेपत्ता परिवार, घाइते, अपांगका मर्महरूलाई नजिकबाट नियाल्दा त्यो पीडादायक दुःखद् जीवनहरूको पारिवारिक यथार्थता र राष्ट्रका नायकहरूको अवहेलनाले राज्यको नाङ्गो प्रवृत्ति र दलाल व्यवस्थाको अन्त्य नै विकल्प रहेको प्रस्ट हुन्छ।

महिलाहरूको अवस्था र हाम्रो कार्यभार

अञ्जना तामाङ

संसारमा भएका जुनसुकै राजनीतिक र सामाजिक परिवर्तनका आन्दोलनमा महिलाहरूको अग्रणी भूमिका रहँदै आएको छ। आन्दोलनपश्चात् बदलिएको समाज व्यवस्थामा महिलाहरूले उही प्रकारका पीडा भोगिरहनुपरेको छ। मानव समाजको विकासमा नारी-पुरुषको समान भूमिका हुँदा हुँदै पनि महिलाहरूमाथि दलाल पुँजीवादी राजनीतिक व्यवस्था र यसको आडमा रहेको पितृसत्तात्मक समाजले विभिन्न प्रकारका शोषण-उत्पीडन गर्दै आइरहेको कुरा सबैमा अवगतै छ। मानव अधिकारका दृष्टिले महिला-पुरुष बराबर हुन्। तर, पितृसत्तात्मक संरचनामा जकडिएको पुँजीवादी व्यवस्थाको परिणाम हाम्रो देश नेपालमा महिला-पुरुषलाई दिइने सुविधा र अवसरमा महिलामाथि भेदभाव गरिएको छ।

राष्ट्रिय जनगणना २०६८ का अनुसार कूल जनसंख्याको ५१ प्रतिशत महिलाहरू छन्, तर राज्य र समाजमा भूमिकाका हिसाबले हेर्ने हो भने महिलाहरूको सहभागिता न्यून देखिन्छ। सबै क्षेत्रमा माहिलाको उपस्थितिलाई कानुनी रूपमा मान्यता प्रदान गरिए पनि समाजमा महिला र पुरुषको भूमिका, अधिकार र व्यवहारमा सीमा बाँधिएको छ। विगतमा भएका राजनीतिक आन्दोलनबाट फेरिएको व्यवस्थामा महिलाको सहभागिता केही बढेको छ, राज्यको मूल नेतृत्वमा महिलाहरू पुगेका छन् तर उनीहरू पनि पितृसत्तात्मक पुँजीवादी व्यवस्थाको हित र रक्षा गर्न प्रयोग भएका छन्। हाम्रो देशमा हाल महिला राष्ट्रपति छन्। विगतमा प्रधान न्यायाधीश र सभामुखको जिम्मेवारीमा महिलाहरू थिए। संविधानमा महिलाहरू ३३ प्रतिशत रहने प्रावधानका कारण सरकारको तीनवटै निकायमा महिलाहरूको सहभागिता रहेको छ। त्यसैले संसदवादीहरू महिलाहरूको अधिकार प्राप्त भइसक्यो भनेर कोकोहोलो मच्चाइरहेका छन्। हो, विगतमा भन्दा अहिले सहभागिताका हिसाबले महिलाको उपस्थिति अलि बढेको छ, तर त्यो सहभागिताले कुन वर्ग र समुदायको गरेको छ भन्ने मूल कुरा हो। कानुनी हिसाबले राज्यका विभिन्न निकायमा महिलाको सहभागिता रहे पनि उनीहरूले दलाल संसदीय व्यवस्था र पितृसत्तात्मक समाजको सेवा गरिरहेका छन्। आज पनि महिलाहरूले वंशजका अधिकारहरू, हिंसामुक्त भई समाजिक सुरक्षासहित बाँच्न पाउने अधिकार र शरीर, बुद्धि र निर्णयमाथिको आफ्नो अधिकारजस्ता आधारभूत अधिकार महिलाले प्रयोग गर्न पाइराखेका छैनन्। दाइजो, छाउपडी, कमैया, बोक्सी, कुमारी प्रथा, देउकी र आनी बन्ने कूसंस्कारबाट महिलाहरू अहिले पनि पीडित छन्। चल-अचल सम्पत्तिको समान हकदार हुन पाइरहेका छैनन। बोक्सीजस्तो कूप्रथाबाट महिलाहरू प्रताडित छन। बोक्सीको नाममा मलमूत्र खुवाउने, आगोले डाम्ने र गाउँ निकाला गरेका अमानवीय कारुणिक समाचारहरू पत्रपत्रिकामा आइरहन्छन्।

पछिल्लो समय बलात्कारका घटना बढेसँगै हत्या र हत्या प्रयासमा वृद्धि भएको कुरा सोसल मिडियामा आइरहेका छन्। प्रहरी प्रधान कार्यालयका अनुसार पछिल्लो अढाइवर्षमा ५ हजार ६ सय ३५ जना बालबालिका तथा किशोरी बलात्कार भए। यो अवधिमा बलात्कारपछि १७ जना हत्या भएको छ। नेपालमा दैनिक सरदर ६ देखि ७ जना किशोरी र बालबालिका बलात्कार हुने गरेको प्रहरी तथ्याङ्क छ। विगतमा हत्या गरिएकी छात्राको न्यायका लागि सडकमा आवाज उठे। बलात्कारपछि हत्या गरिएकी कञ्चनपुरकी निर्मला पन्तको हत्यारालाई अहिलेसम्म सरकारले कारबाही गर्न सकेको छैन। दलाल संसदीय व्यवस्थाको कमजोर न्याय र अनुसन्धान प्रणाली र राजनीतिक दबाबका कारण हत्या गरिएकी निर्मलाले न्याय पाएकी छैनन्। महिलाहरू एकातिर घरेलु हिंसाको सिकार हुनुपरेको छ भने अर्कोतिर घरबाट बाहिर निस्कँदा असुरक्षित भएर बाँच्न बाध्य छन्। राजनीतिक दलहरूले महिला अधिकारको जतिसुकै कुरा गरे पनि महिलाहरूलाई कार्यकारी नेतृत्व दिन निधार खुम्च्याउँछन्। कतै नेतृत्वमा जिम्मा दिइहाले पनि काम गर्ने कुरामा विश्वास गरेको पाइँदैन। यी तथ्यहरूबाट के बुझ्न जरुरी छ कि संविधानअनुसार महिलाहरूले अधिकार पाइसके भन्ने संसदवादीको भ्रमबाट महिलाहरू मुक्त हुन पर्दछ। आज मुलुकमा आफूलाई कम्युनिस्ट भन्नेहरूको सरकार छ। अहिले उनीहरू सत्ता, पद र कुर्सीको स्वार्थको लागि फरक ठाउँमा भए पनि सारतः प्रचण्ड र केपी ओलीले नेतृत्व गरेका समूह उही दलाल संसदीय व्यवस्था र पितृसत्तात्मक समाजका पक्षधर र संरक्षक हुन्।

दलाल संसदीय पुँजीवादी व्यवस्था रहेसम्म महिलाहरूले प्राकृतिक न्याय पाउने कुरा 'आकासको फल आँखा तरी मर' भनेजस्तै हो। त्यसैले आज हामी सम्पूर्ण महिलाहरूले सामाजिक न्याय र अधिकारका लागि संसदीय व्यवस्थाको अन्त्य गरी न्याय र समानताको ग्यारेन्टी गर्ने वैज्ञानिक समाजवादी व्यवस्था प्राप्तिको आन्दोलनमा लाग्नु आजको आवश्यकता हो। महिलाहरूले सामाजिक न्याय र अधिकार नपाउनुको मूल कारण भनेको यसको बाधक दलाल संसदीय पुँजीवादी व्यवस्था हो। पुँजीवादी व्यवस्था रहेसम्म महिलाहरूले न्याय पाउँदैनन्। राज्यको मुख्य नेतृत्वमा महिला सहभागी भए, अधिकार पाइसके भन्नेहरूले यस्ता प्रकारका समाचार सुनेकै होलान्। प्रायःजसो दिनहुँ किशोरीहरू बलात्कार भएका र बलात्कारपछि हत्या गरिएका न्याय नपाएका र महिलामाथि भएको बर्बरतापूर्ण जंगली हिंसाको समाचार र दुःखद् घटना नभएको कुनै दिन छैन। महिला हिंसा रोकिएको खै ? झन् बढेको बढ्यै छ। के महिलाहरूले अधिकार पाएको कुरा यही हो त ?

आज पनि समाजमा उपभोगवादी चरम अमानवीय निच, स्वार्थ र व्यक्तिकेन्द्रित संस्कृतिले स्थान ओगटेको छ। विश्वमा निकम्मा दलाल पुँजीवाद र साम्राज्यवादको अगुवाइमा महिलामाथि शोषण-उत्पीडन भएको छ। महिलाको शरीर र श्रममा उनीहरूको अधिकार छैन। कानुनमा महिलालाई सम्पत्तिको अधिकार लेखिएको छ, व्यवहारमा सम्पत्तिमा अधिकार छैन। आज लैङ्गिक असमानता हुनुको पछाडिको कारण हाम्रो धर्म, संस्कृति र परम्परा हुन्। छोरा नभए स्वर्ग पुगिँदैन, पिण्ड खान पाइँदैन भनी समाजले पुरुषलाई बढी मान्यता दिएको छ। धर्मले लिङ्गभेद झन् बढाएको छ। महिलालाई थोत्रे निकम्मा धर्मशास्त्रले शोषण गरेको छ। महिलालाई उपभोग्य भौतिक वस्तुको रूपमा विज्ञापनका साधन बनाएको छ। वैज्ञानिक आविस्कारका संचार साधनहरूले रक्सी अत्तर, साबुन र तेलजस्ता वस्तुको विज्ञापनमा महिलाको नग्न तस्बिर दिनहुँ सार्वजनिक गरिरहेका छन्। रोजगारी दिने नाममा मानव तस्कर हरूले अरब र अफ्रिकी मुलुकमा महिलाहरूलाई पुऱ्याइएका छन्। तहाँ दलालहरूमार्फत् महिलाहरू बिक्री गरिएको छ। कतिपय महिलाहरूले अल्पायुमा नै ज्यान गुमाउनुपरेको उदाहरण छन्। जनतालाई स्वतन्त्रता र समानताको भ्रमपूर्ण नारा दिने पुँजीवादी पितृसत्तात्मक व्यवस्थाको परिणाम आज महिलाहरूले ठूलो पीडा खेप्नुपरेको छ।

महिला अधिकारको लागि संघर्षरत भारतीय लेखिका लंकेशको हत्या र टर्कीकी मानव अधिकारकर्मी इबु तिम्तिकलाई भोकहड्तालमा मर्न बाध्य बनाउने पुँजीवादी व्यवस्था कति निकृष्ट छ भन्ने यी घटना ज्वलन्त उदाहरण हुन्। वर्तमान दलाल सामाजिक फासिवादी सरकारले महिला अधिकार र वैज्ञानिक समाजवादको प्राप्तिको अभियानमा सहभागी हाम्रो संगठनको केन्द्रीय अध्यक्ष बन्धु चन्द र महासचिव धीरेन्द्रा उपाध्यायलाइ झुट्टा मुद्दा लगाएर लामो समय जेल हिरासतमा राखियो। अन्य महिला नेतृहरूलाई पनि जेल-हिरासतमा राख्यो। यी सबै तथ्यहरूले के कुरा पुष्टि हुन्छ भने पुँजीवादी व्यवस्था कति भ्रमपूर्ण, जाली र षड्यन्त्रकारी हुन्छ भन्ने कुरा घामजस्तै छर्लङ्ग भएको छ। पुँजीवादीहरूको न्याय, समानता र स्वतन्त्रताको नारा जनतालाई लुट्न लगाइएको मुकुण्डो मात्र हो। उनीहरूले बनाएको कानुनले निश्चित हुने-खाने वर्गको महिलालाई सेवा-सुविधा त दिइन्छ तर ती महिलाहरू पनि पितृसत्तात्मक समाजको शोषणबाट मुक्त हुन सक्दैनन्। उनीहरू पुरुषका दासी बनेका हुन्छन्।

त्यसैले, दलाल पुँजीवादी पितृसत्तात्मक समाज व्यवस्थाको अन्त्य गरी वैज्ञानिक समाजवादी व्यवस्थाको स्थापना गरेर मात्र महिलाहरूले सामाजिक न्याय र अधिकार पाउँछन्। यसको लागि पहिलो कुरा त हामी विचारधारात्मक हिसाबले स्पष्ट हुन जरुरी हुन्छ। संगठनलाई व्यवस्थित र क्रियाशील बनाएर संगठनलाई उत्पादन र श्रमसँग जोड्नुपर्दछ। पितृसत्तात्मक समाजको शोषण र उत्पीडनबाट छुटकारा पाउन सामाजिक र लैङ्गिक मुद्दाहरूमा संयुक्त महिला आन्दोलन गर्नुपर्दछ। सामाजिक न्याय, समानता र पुरुषसरह अधिकार प्राप्त गर्न हामी महिला एकतावद्ध भई वैज्ञानिक समाजवादी व्यवस्थाको स्थापनाको आन्दोलनमा सहभागी बनौं। वैज्ञानिक समाजवादी सत्तामा मात्र हामी महिलाहरूले अधिकार पाउनेछौं।

महान् जनयुद्ध थालनीका ती पलहरू सम्झँदा

आधार

दुईजना दाजुहरूलाई कन्भिन्स गरेको थिएँ। एकजना शिक्षक हुनुहुन्थ्यो भने अर्को दाजु मेरो क्लासमेट। हामी अलि यारकै थियौं क्लासमेट भएकाले। उहाँहरू गृहस्थीमा अलि लगावीमध्येका हुनुहुन्थ्यो। मैले भने वालपेन्टिङको सामग्री जुटाइसकेको थिएँ सिर्जनशीलता प्रयोग गरेर। पोस्टर, पर्चा पनि साथमै थिए। घङ्गारुको लट्ठी, सिरूपाते खुकुरी भिरेर म तयारी अवस्थामै थिएँ। मलाई एसीएस र सेल सेक्रेटरीको दोहोरो जिम्मा दिइएको थियो उनै बादल मुख्य अतिथि भएको डिसी कमिटीको निर्णयले। अब विचार गरौं। मैले जिम्मा पाएको क्षेत्रको पार्टी अवस्था कस्तो थियो होला ? दुःख त मज्जैले पाइने भैहाल्यो नि ! गाउँघरमा चोर पसे भन्ने होहल्ला अनयासै बढ्दै गएको थियो। माघ मसान्त भएकाले गाउँले दाजुभाइलाई जुटाएर दिउँसो खसी काटेर मिष्ठान्न भोजन गरियो। किनभने, त्यस दिनदेखि जीवन-मरणको तर महान् यात्रा धोकाहीन तरिकाले थालनी गर्नु थियो मैले। मनमा अनेकानेक कौतुहलता पैदा हुनु स्वभाविक थियो। एक प्रकारको जागिरे जिन्दगीलाई अर्कोपट्टि मोड्दै थिएँ। आफन्तहरूबाट खासै स्वीकारोक्ति थिएन। सबैमा खिन्नता पैदा भएकै थियो। तर मैले भने यथास्थितिबाट विद्रोह गर्ने सोंच बनाइसकेको थिएँ। केही समय मैले कठोरतासँग मितेरी गाँस्नैपर्छ भन्ने अठोट कसेकै थिएँ। नितान्त नयाँ र अनिश्चयतालाई स्वीकार्नु मेरो बाध्यता र आवश्यकता नै बनेको थियो। मेरो मन सम्पर्क स्थान र कमरेडहरूलाई दिइएको समयतिर कुँदिरहेको थियो। तन र व्यग्रप्रतीक्षा भने दुईजना दाजुको। कारण उहाँहरूलाई हिडाउने उद्देश्यको कोसिस थियो त्यो। तर स्प्रिरिट मिलिरहेको थिएन। शिक्षक दाजु अलि सिपालु हुनुहुन्थ्यो पन्छने बहाना गर्न। यारवाला भने सोझो। भेटको समय त मिलाएका थियौं तर उहाँहरूले समयलाई काबुमा लिन नसकेकाले तोकेको समयले पर्खेन। उहाँहरू आगमनको व्यग्रप्रतीक्षामा छटपटाइरहेको थिएँ म। किनभने त्यो दिन सधैंझैं सामान्य थिएन, त्यो समय सधैंझैं सामान्य बिल्कुलै थिएन, त्यो प्रतीक्षाको व्यग्रता कुनै प्रेमीका प्राप्तिको लागि पनि थिएन।

एक्कासी 'ओई कान्छा पुलिस आयो भाग्' को आवाज कानमा ठोक्कियो। अलि आत्तिएको स्वर। पुलिस आएको सूचना छिटो आउनु र उहाँहरूसँग भेट हुन पाउनुले म खुसी भएँ। मेरो व्यग्रता तोडियो। भाग भन्ने शब्द ?! हैन कहाँ भाग्ने ??!! बरु आफ्नो गन्तव्यतिरै भागौं। ल लागौं। सरसामान नछुटाई तीन भाइले बोक्यौं। धन्य दाजु पुलिसले मलाई नसमातोस् भन्नेमा सजक भई म कहाँ तीव्रतामा कुद्नुभयो। किनभने, उहाँको घरमा पुलिस आइसकेको भन्ने थियो। कारण माघ मसान्तको बिहान एकजना काङ्ग्रेसी फटाहलाई हाम्रै गाउँको नजिक हिर्काइएको रहेछ जिल्ला पार्टीको योजनामा। अत्यन्त गोप्य योजना रहेछ त्यो। त्यसको प्रभाव र असरको तरङ्ग फैलिसकेको थियो। राजतन्त्रात्मक संसदीय व्यवस्थाको श्वेतआतङ्कको विरुद्ध लाल आतङ्कको मिमिरि अवश्य थियो त्यो परिवेश। मानिसहरू मलाई फरक दृष्टिले हेर्न थालिसकेका थिए। तर, म सहजता पैदा गर्ने कोसिसका हाउभाउमा थिएँ। दिउँसो खसी काट्नु त्यसकै अभिव्यक्ति थियो। अँ, सम्पर्क स्थानमा पुग्ने समय त अलि ढिला हुँदै गएको थियो तर यात्राको बाटो भने छरितो तर सुरक्षित नै तय गरेका थियौं। तीन भाइ हान्नियौं। करिब आधा घन्टा हिँडिसकेपछि शिक्षक दाजुले 'घुँडा ठोक्कियो, म हिँड्न सक्दिनँ' भन्नुभयो। झनै समय नपुग्ने अवस्था आइलाग्यो। अलि पर एउटा घरमा उहाँ बसिहाल्नुभयो। रातमा बिना-उज्यालो हिँड्ने बानीको अभ्यास नभैसक्नु स्वभाविकै थियो। किनभने, महान् उद्देश्य प्राप्तिको पहिलो कदम थियो त्यो। यारको दाजुलाई लौ हामी दुई भाइ जाऔं भन्दा 'मलाई त डर लाग्छ' पो भनेर रुन थाल्नुभयो। लौ फसाद्। हाँसो पनि उठ्यो। समयको चापले यतिविधि थिचिरहेको थियो। के मलाई साथ नदिने त ? भनेपछि 'तिमीलाई त साथ दिन्छु' भन्नुभयो। फकाउँदै, साहस भर्दै कुद्यौं। बिचबाटोमा आफ्नै गाउँ, घरको मसानघाट थियो। उहाँ फेरि डराउनुभयो। केही हुँदैन भनेर खोला तरेर सम्पर्कस्थानमा पुगियो। कमरेडहरू पुगेर हाम्रो प्रतीक्षाको व्यग्रतामा हुनु अन्यथा थिएन। नयाँ कामको एनिसेटिभ। सबैमा गम्भीर्यता, सजगता, खास्स र खुस्स साउती। पोस्टर, पर्चा भाग लगायौं। कमान्ड तोकेर रातभर वालिङ, पोस्टरिङ गर्ने र पर्चा कालातीत जिमुवाल, मुखिया, राजा, रजौटा, बाबुसाहेब अनि सरकारी मानिसहरूका घरघरमा समेत छर्ने योजना बनायौं। त्यसबेलाको अनुशासन, कर्तव्य पालना अलि बेग्लैखालको हुने गर्थ्यो। मेरो कमान्डले गाविस मुकाम र भूपू अध्यक्षको घरलगायत जिम्मा लियो।

यारको दाजु 'म त अघि बढ्न नसक्ने' भनेपछि आफ्नै घरतिर पर्चा छर्दै जानुस् भनियो। फेरि उहीं त हो डर लाग्छ, मसानघाटमा कसरी

... बाँकी पृष्ठ ७ मा

लोकतन्त्रवादीहरूले....

परतन्त्र र पराधीनताको किच्चडमा हुत्याइयो। सपनाको हत्या र स्वाभिमानको बन्धकी मानिसको जिन्दगीमा सबैभन्दा अप्रिय कुरा हुँदो रहेछ। त्यही भएै त होला, हाम्रा आदरणीय कमान्डर, नेपाली स्वाभिमानका रक्षक, नालापानी युद्धका नायक वीर बलभद्र कुँवरले अंग्रेजसँगको अपमानपूर्ण सुगौली सन्धि (सन् १८१६) पश्चात् देश छोडेर अफगानको युद्धमा होमिएको। इतिहासले भन्छ- हाम्रा ती वीर कमान्डरले उतै वीरगति पाए रे ! स्वतन्त्रताप्रेमी, स्वाभिमानी र देशभक्तहरूको लागि अपमानभन्दा पराजय र मृत्यु नै बढी श्रेयस्कर हुन्छ। असाध्यै राम्ररी अनुभूत गर्न पाइएको छ, अपमानको घाउ कति गहिरो हुँदो रहेछ भन्ने।

हामी माओवादीहरूका लागि अपमानबोध यो अर्थमा हो कि हाम्रो सर्वोच्च कमान्डरले हाम्रो मूल्य र आदर्शलाई अकल्पित त्यागिदियो। आत्मसमर्पण गरिदियो। जुन मूल्य र आदर्शको रचना गर्न ऊ स्वयम् नै लागेको थियो र त्यो एक युगीन आदर्श बनेको थियो, त्यो माओवादी मात्रको पनि आदर्श थिएन, नेपाली सामाजिक अग्रगमनको नवीन मूल्य थियो, त्यो। नेपाली स्वाभिमानको धरोहर थियो। हो, युद्धमा कहिलेकाहीँ सम्झौता हुन्छ। सम्झौताहीन युद्ध दुनियाँमा असम्भव नै छ। तर, हरयुद्धमा सहभागी कुनै पनि पक्षले आफ्नो उद्देश्यलाई नै बन्धक राखेर आत्मसमर्पण गर्दछ भने त्यो सम्झौता होइन, पराजय हो। अझ भन्ने हो भने एउटा कठोर मृत्यु हो। माओवादी आन्दोलनले आज त्यही कठोर मृत्यु पलपल झेलिरहेको छ। हामी माओवादीहरू त्यसकै भुक्तमान काटिरहेका छौं।

जनयुद्धका महान् सपनाहरू हिजो पनि सही र सत्य थिए, युग-युगान्तर ती सही र सत्य नै रहिरहनेछन्। अहाँ, त्यसप्रति किंचित पश्चात्ताप छैन। बरु, निकै गौरव छ। हामीलाई दुःख छैन कि हामीले पढ्न पाएनौं ! जागिर छाड्यौं ! व्यवसाय छाड्यौं। हामीलाई यो पनि पीडा छैन कि हामी घाइते भयौं। अपांग बन्यौं। जिउभरि गोली र छर्रा बोकेर जिन्दगीभरि 'पेन किलर' खानुमा साँच्चै हाम्रो पीडा होइन। हाम्रो पीडा यो हो कि माओवादी आन्दोलनमा बगेको रगत र पसिनाको हरपल अपमान ! अवमूल्यन अनि विद्रूपीकरण ! हाम्रो रगत र पसिनाको पटक-पटक लिमाम बजार !

नेपाली जनताले जुन अभावग्रस्त जिन्दगी बिताइरहेका थिए र छन्, त्यसलाई बदल्ने हाम्रो उच्च आकांक्षा थियो, छ। जनताभन्दा भिन्न र उच्च व्यवस्था हुनुपर्छ भन्ने हाम्रो कदापि माग थिएन र छैन। त्यसैको लागि भनेर आन्दोलनमा सहभागी भइएको पनि होइन। जनतासँगै जिउनु र जनताजस्तै जिउनु माओवादी मूल्य थियो र हो। जनवाद र समाजवादको उच्च आदर्श त्यही थियो र हो। त्यसैले नै युद्धका दिनहरूमा घन्टौं खाली खुट्टा, खाली पेट, अर्धनग्न शरीर, रगत चुहाउँदै मुक्ति या मृत्युको नारा लगाउँदै यात्रामा अघि बढियो। सेना-प्रहरीको फन्दामा परिहालिएछ भने त बाँच्ने कुराको एकरत्ति आशासमेत नहुँदा पनि जीवनप्रति पीडाबोध कहिल्यै भएन, जुन आज भैरहेको छ। कष्टहरूमा अत्यन्त सुखानुभूति हुन्थ्यो त्यो बेला, गौरव लाग्थ्यो। बरु, थकथकी हुन्थ्यो सहिद हुन नपाएकोमा ! जीवनको उच्च मूल्यबोध त्यही थियो।

लोकतन्त्रप्रति आस्थावान प्रिय मित्रहरू, पैसा कमाउन हिंडेर फोकलेन्डको युद्ध लडिरहेको लाहुरेको यात्रा थिएन त्यो। त्यो तपाईंहरूले भनेझैं व्यक्ति हिंसाको राजनीति त झन् छँदै थिएन। जनयुद्ध यदि व्यक्ति हिंसाको राजनीति हुँदो हो त गाउँमा माओवादीबाहेकको कुनै दलको नेता या समर्थक रहने नै थिएन। नपत्याए सोध्नुहोला लडाइँमा कब्जा गरेर, आफूसँगै खुवाएर-सुताएर अनि पछि फूल-मालाले बिदाइ गरेर फिर्ता पठाइदिएका हजारौं सेना-प्रहरीका मित्रहरूलाई ? अभिमानपूर्वक भनिन्छ- नेपाली जनताको मुक्ति र नेपाली स्वाभिमानको रक्षाका लागि लडिएको मुक्ति र स्वतन्त्रताको महाअभियान थियो, महायुद्ध थियो त्यो।

कतिपय व्यक्तिहरूले माओवादी आन्दोलनलाई सिँढी बनाएर मस्ति लुटिरहेका छन्। हामीले राम्ररी देखिरहेका छौं। समयले त्यसको हिसाब राम्रैसँग राख्ला। तर, यो तथ्यले मात्रै माओवादी आन्दोलनको अवमूल्यन कदापि बोल्दैन। विनम्रतापूर्वक हामी स्पष्ट गर्न चाहन्छौं कि नेपालको इतिहासमा कहिले प्रजातन्त्रवादीहरू/लोकतन्त्रवादीहरू त कहिले कम्युनिस्टहरू सबैबाट धोका भएको छ। यो त नेपाली अग्रगमनकारी आन्दोलनको साझा रोग हो। के २००७ सालपछि त्यसो भएको थिएन ? २०४६ सालको आन्दोलनपछि त त्यसले चरम रूपधारण गरेको सजिलै भुल्न सम्भव छ ? तपाईंहरूले भनेझैं जसले माओवादी आन्दोलनको नाममा दिनमा दुईपटकजसो कपडा फेरिरहेका छन्, ती त माओवादी नै होइनन्। हो, विगतमा ती माओवादी थिए तर, उनीहरूले जब लोकतन्त्रको दस्तावेजमा सहीछाप लगाएर तपाईंहरूको बगालमा पसे, ती त अब तपाईंहरूकै लोकतान्त्रिक सहकर्मीहरू हुन्। उनीहरूले तपाईंहरूको लोकतन्त्रमा जब प्रवेश गरे, त्यसकै अनुमतिले पो मस्ती लुटिरहेका हुन्। जनयुद्धमा त्यो छुट कसैलाई पनि थिएन। त्यो अपराधकर्म हुन्थ्यो। तर, लोकतन्त्रमा छिरेपछि छुट हुँदो रहेछ। लोकतान्त्रिक परिपाटीअन्तर्गत अरूहरूले जे गरिरहेका छन्, उनीहरूले त्योभन्दा भिन्दै केही गरेका पनि त छैनन्। हामी त यो कुराको सदा विरोधमै छौं, बरु तपाईंहरू आफैंलाई सोध्नुस्- लोकतन्त्रको सुन्दरता यही हो ?

हामी एउटा विशेष कुरा तपाईंहरूलाई स्मरण गराउन चाहन्छौं- माओवादी आन्दोलन विघटन गराएकोमा तपाईंहरू मख्ख पर्नुभएको होला, यही त तपाईंहरूको गम्भीर भूल हो। हामीले अघि पनि भन्यौं- माओवादी आन्दोलन नै नेपाली इतिहासको वास्तविक लोकतान्त्रिक आन्दोलन थियो र हो। त्यो सच्चाइलाई तपाईंहरूले सुन्न र बुझ्न नै सक्नुभएन। कैयौंले बुझेर पनि बुझ पचाउनुभयो। तपाईंहरू आफु उभिएको जमिन हेर्नुस् त ? के जमिन सग्लो छ ? गम्भीरतापूर्वक हेर्नुस्, माओवादी आन्दोलन विघटित भएपश्चात् अरू को-को विघटित भैरहेका छन् ? दायाँ-बायाँ, अघि-पछि राम्ररी हेर्नुस्- के आज माओवादी आन्दोन मात्र छिन्न-भिन्न भएको छ ? दरबारलाई त तपाईं हामी सबैले मिलेर जंगल धपायौं। त्यसपछि के भयो ? हिसाब गर्दै जानुस्। पहिलो संविधानसभाको विघटनले माओवादी विघटित भयो। आजको संसद विघटनले पूर्वएमाले र पूर्वमाओवादी गरेर आज दुई होइन, चार ठुला फक्ल्याटामा डबल नेकपा विभाजित भैसकेको छ। आफू सबभन्दा ठूलो दल भएको बेला झन्याम्मै फुटेको काँग्रेस आज पनि रन्थनिएरै बसेको छ, करिब फुटेकैसरह। ठुला भनिने सबै पार्टीहरूमा पैसा र पहुँचको बोलवाला छ। शक्तिकेन्द्रको व्यापक चलखेल छ। चुनाव पार्टीले होइन, नेताले जितिरहेका छन्। सम्मान र इज्जतलाई लगनशीलता र इमानले होइन, पैसाले खरिद गरिरहेको छ। आजको तितो यथार्थ यही होइन त ? मित्रहरू, के यही हो लोकतन्त्र ? लोकतन्त्र यदि यही हो भने यो हामी तमाम नेपाली जनताले सुन्नेगरी भन्न चाहन्छौं- लोकतन्त्र मुर्दावाद ! संसारभरिका जनतालाई सुनाउन चाहन्छौं- लोकतन्त्र मुर्दावाद, मुर्दावाद ! जनयुद्धको एउटा लक्ष्य सामन्तवादको राजनीतिक प्रतिनिधि संस्था राजतन्त्रको अन्त अवश्य थियो। तर, राजा वीरेन्द्रको वंशविनास होइन। बर्बर नारायणहिटी हत्याकाण्डको फड्के किनाराका साक्षी को ? राष्ट्रप्रमुख र सेनाधिपतिको हत्या के देशको स्वाभिमान र स्वाधीनताको हत्या होइन ?

तपाईंहरूले माओवादी जनयुद्धमाथि लगाउने अर्को आरोप पनि छ- माओवादीले भारतको आडमा युद्ध लड्यो। भारतबाट परिचालित भयो। नेपालको भू-राजनीति र सांस्कृतिक सम्बन्ध नै यस्तो छ कि चाहे कम्युनिस्ट पार्टी होओस् या काँग्रेस पार्टी, ती सबै भारतमै गठित भए। नेपाली काँग्रेसदेखि माओवादीसम्मका सबैले भारतमै बसेर युद्ध लडे। ती कुनचाहिँ ठीक र कुन बेठीक ? या ती कति ठीक र कति बेठीक भन्ने कुरा परिणाले बताइरहेकै छ। एउटा अमूक पक्ष भारतमा बसेर लडेको आन्दोलन क्रान्तिकारी हुने र अर्को अमूक पक्षचाहिँ देशद्रोही भैहाल्ने तर्क वाहियात हो। नेताहरू, पार्टीहरू, आन्दोलनहरू जहाँ र जतिबेला चुकेका छन्, त्यो विषयमा भने जरुर समीक्षा आवश्यक छ। आउनुस् सँगै बसेर समीक्षा गरौं। साझा निष्कर्ष निकालौं। सँगै प्रायश्चित गरौं। देश र जनताप्रति इमानदारीपूर्ण समर्पणसँगै संकल्प गरौं। कसले कति योगदान र बलिदान गर्न सक्छ, सँगै प्रतिस्पर्धा गरौं।

लोकतान्त्रिक गणतन्त्रको हिस्सेदारीमा माओवादी आन्दोलन र सात दलीय गठबन्धन दुवै बराबरी छन्। यसको जस-अपजस दुवैका लागि समान छ। कहीं कतैबाट माओवादी उपयोग भएको भए सात दलीय गठबन्धन पनि त्यसमा अछुतो छैन। अनि, दरबारको संयमतालाई किन उपहास र खिसिट्युरी मात्रै गर्ने ? माओवादीहरूलाई जंगलबाट टपक्क समातेर घरपालुवा बनाएको भन्ने बकम्फुसे र बेतुकका कुरा गर्नु मनासिव हुँदैन। त्यो आकासतिर मुख फर्कार थुक्नुजस्तै हो। यदि लोकतन्त्रलाई अंकमाल गर्ने हो भने जनयुद्ध र जनमुक्ति सेनाप्रति किन बैरभाव ? निश्चय नै हाम्रो दलिल यो हो कि- लोकतन्त्रको बिरुवा रोप्दा त्यसमाथि ऐंजेरु पलायो। यो ऐंजेरु नहटाउने हो भने बँचेखुचेको लोकतन्त्र सबै नष्ट-विनष्ट हुनेवाला छ। आजको साझा प्रश्न यो हो कि- जनधिकारसहितको लोकतन्त्र या धनाधिकारीहरूको लोकतन्त्र ? समाधानको थालनी यही विन्दुबाट गरौं।

२०७७ फागुन १६

अखिल (क्रान्तिकारी), राप्ती प्राविधिक शिक्षालय सम्मेलन आयोजक समिति गठन

काठमाडौं । अखिल (क्रान्तिकारी), राप्ती प्राविधिक शिक्षालय लालमटिया दाङको बैठक एवम् प्रशिक्षण महत्वपूर्ण निर्णय गर्दै भव्य रूपमा सम्पन्न भएको छ । अखिल (क्रान्तिकारी) का दाङ जिल्ला संयोजक अनिल केसीको प्रमुख आतिथ्यतामा भएको कार्यक्रमको अध्यक्षता अखिल (क्रान्तिकारी) दाङ जिल्ला सम्मेलन आयोजक समितिका सदस्य एवम् राप्ती प्राविधिक शिक्षालयका संयोजक देवराज डाँगीले गरेका थिए । कार्यक्रममा अखिल (क्रान्तिकारी), दाङ जिल्ला सम्मेलन आयोजक समिति सदस्य एवम् पूर्व जिल्ला सचिव खुमन पौडेल, जिल्ला सम्मेलन आयोजक समिति सदस्य एवम् संगठनका राप्ती गाउँपालिका संयोजक कृष्ण पुन, जिल्ला सम्मेलन आयोजक समिति सदस्य एवम् संगठन लमही नगर संयोजक रविन्द्रलगायतको उपस्थिति रहेको थियो भने बैठकको सञ्चालन संगठन राप्ती प्राविधिक शिक्षालयका सदस्य भीमले गरेका थिए ।

बैठकलाई सम्बोधन गर्दै अखिल (क्रान्तिकारी) का दाङ जिल्ला संयोजक एवम् उक्त बैठकका प्रमुख अतिथि अनिल केसीले शैक्षिक अधिकार प्राप्ति र समाजवादी शिक्षा नीति यो दलाल व्यवस्थाबाट सम्भव नभएकाले सबै विद्यार्थी कलमका माध्यमबाट विद्रोह गर्न अपिल गरे । अहिलेको शिक्षा प्रणालीमा ठूलो असमानता, विभेद, विकृति, विसङ्गति भएकाले यसको अन्त्यको निम्ति युवा विद्यार्थी एक भएर जुट्नुपर्ने बताए । विद्यार्थीको हक, हित र अधिकार तथा शिक्षा क्षेत्रमा देखिएको विकृति, विसङ्गति, निजीकरण, व्यापारीकरण, दलालीकरणको विरुद्धमा आवाज उठाउँदा यो भ्रष्ट सरकारले अघोषित रूपमा संगठनमाथि प्रतिबन्ध लगाएर दुःख दिइरहेको गुनासो गरे र साथै, यसको भन्दाफोर गर्न सचेत विद्यार्थीहरू अगाडि बढ्नुपर्ने धारणा राखे ।

संयोजक केसीले सम्मेलन आयोजक समितिलाई बधाई दिँदै राप्ती प्राविधिक शिक्षालयमा विद्यार्थीका समस्यालाई उजागर गर्दै अनुशासित भएर काम गर्न निर्देशन दिएका थिए । पूर्व संयोजक देवराजलाई खादा र अबिर लगाएर बिदाइ गर्दै उहाँको काम कार्वाहीलाई संगठनले उच्च मूल्यांकन गरेको बताए । बिदाइ भएर गएका पूर्व संयोजक देवराजले सबैलाई धन्यवाद दिँदै नवनिर्मित सम्मेलन आयोजक समितिलाई विद्यार्थी हक, हित र संस्थाको हितको निम्ति निरन्तर एक ढिक्का भएर काम गर्न सुझाव दिएका थिए । राप्ती प्राविधिक शिक्षालयको चौथो एकाइ सम्मेलन भव्य रूपमा सम्पन्न गर्न बैठकले शिवराजको संयोजकत्वमा १५ सदस्यीय सम्मेलन आयोजक समिति गठन गरेको छ । यतिबेला अखिल (क्रान्तिकारी) दाङ जिल्लाव्यापी एकीकृत जनदिशा अभियान लिएर विद्यार्थी भेटघाट तथा संगठन विस्तार अभियानलाई निरन्तरता दिइरहेको छ ।

युवा संगठन नेपाल, तुलसीपुरको दोस्रो नगर सम्मेलन सम्पन्न

दाङ । विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीको सहायक संगठन युवा संगठन नेपाल, दाङ जिल्लाअन्तर्गत तुलसीपुरको दोस्रो नगर सम्मेलन सम्पन्न भएको छ । नेकपा दाङ जिल्ला सेक्रेटरी भगवानराजको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा युवा संगठन नेपाल, राप्ती ब्युरो इन्चार्ज अनिल, युवा संगठन नेपाल, नारायणी ब्युरो इन्चार्ज वीरेन्द्र, युवा संगठन नेपाल, दाङ जिल्ला सम्मेलन आयोजक समिति संयोजक मनोज, नेकपा घोराही इन्चार्ज जनक, ट्रेड युनियन महासंघ, राप्ती ब्युरो इन्चार्ज डिल्ली, नेकपा तुलसीपुर पूर्वी इन्चार्ज मदन, नेकपा पश्चिम तुलसीपुर इन्चार्ज सरलको सहभागिता थियो भने कार्यक्रमको अध्यक्षता जेसनले गर्नुभएको थियो ।

दोस्रो नगर सम्मेलनलाई सम्बोधन गर्दै प्रमुख अतिथि भगवानराजले सामाजिक दलाल सरकारका कारण राष्ट्र र जनताको जीवनमा गम्भीर संकट आइरहेकोले त्यसको समाधान वैज्ञानिक समाजवादी राज्यसत्ताको स्थापनाबाट मात्र सम्भव हुने जिकिर गर्नुभयो । उहाँले अब सम्पूर्ण युवाहरूको एउटै लक्ष्य र उद्देश्य भनेको एकीकृत जनक्रान्तिमार्फत राष्ट्र र जनताको भाग्य र भविष्यको निर्माण गर्ने वैज्ञानिक समाजवादी राज्यसत्ताको स्थापना गर्नु रहेको बताउँदै आम युवाहरूलाई दलालहरूका विरुद्ध निर्मम संघर्ष गर्न अपिलसमेत गर्नुभयो । भगवानराजले दलाल पुँजीवादी संसदीय व्यवस्था असफल भैसकेको र अब युवाहरूले एकपटक अन्तिम र निर्णायक संघर्ष गरी समाजवादी झन्डा फहराउन एकीकृत जनक्रान्तिमा संगठित हुन आह्वान गर्नुभयो ।

विशिस्ट अतिथि युवा संगठन नेपाल, राप्ती ब्युरो इन्चार्ज अनिलले सबैखाले पुँजीवादी विश्व व्यवस्थाको अन्त्य र वैज्ञानिक समाजवादी राज्यसत्ताको स्थापना नै आजको देश र दुनियाँको एक मात्र निर्विकल्प आवश्यकता भएको उल्लेख गर्नुभयो । कार्यक्रम अन्य वक्ताहरूले प्रशिक्षणमूलक मन्तव्य राखेका थिए । सम्मेलनले जेसनको नेतृत्वमा १९ सदस्यीय नगर समिति चयन गरेको छ ।

अनेमसंघ क्रान्तिकारी, गुल्मीको अध्यक्षमा अस्मिता

गुल्मी । नेपाल कम्युनिस्ट पार्टीनिकट अखिल नेपाल महिला संघ क्रान्तिकारी, गुल्मीको दोस्रो भेला सम्पन्न भएको छ । भेलाले अस्मिताको अध्यक्षतामा १५ सदस्यीय गुल्मी जिल्ला समिति निर्वाचित गरेको छ । भेलालाई सम्बोधन गर्दै नेकपा जिल्ला सेक्रेटरी माहुरीले महिला मुक्तिका लागि संसदीय व्यवस्थाविरुद्ध संघर्ष गर्नुपर्ने बताउँदै वैज्ञानिक समाजवादमा मात्र महिला अधिकार प्राप्त हुने बताए । उनले महिलाहरू चुलोचौकोमा मात्र सीमित हुन नहुने भन्दै क्रान्तिमा भाग लिनुपर्ने बताए । यसैगरी संगठनकी केन्द्रीय सदस्य एवम् लुम्बिनी ब्युरो संयोजक ममताले महिला मुक्ति दलाल राज्यसत्ता र दलाल राजनीतिक दलबाट सम्भव नभएको भन्दै एकीकृत जनक्रान्तिमा लामबद्ध हुनुपर्ने बताइन् ।

भेलामा अखिल (क्रान्तिकारी) का केन्द्रीय सचिवालय सदस्य एवम् लुम्बिनी क्षेत्रीय समन्वय समितिका संयोजक वीरेन्द्र विकले विभिन्न न्यायपूर्ण आन्दोलनमा महिलाहरूको महत्वपूर्ण भूमिका रहेको भन्दै वैज्ञानिक समाजवादी सत्ता स्थापनाको संघर्षमा पनि महत्वपूर्ण भूमिका खेल्नुपर्ने बताउँदै निर्वाचित नयाँ टिमलाई बधाई ज्ञापन गरेका थिए । भेलामा अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी) का लुम्बिनी ब्युरो संयोजक विनोद, दलित मुक्ति मोर्चा नेपालका गुल्मी अध्यक्ष बसन्तको उपस्थिति थियो ।

मोर्चाद्वारा सहिद सप्ताह भव्य रूपले मनाइयो

काठमाडौं । नेपाली जनप्रगतिशील मोर्चा कतारले २६ औं जनयुद्ध दिवस तथा सहिद सप्ताह कार्यक्रम अनलाइनमार्फत भब्य रूपले सम्पन्न गरेको छ । जनयुद्धका महान् सहिदहरूको सपना पूरा गर्न प्रवासी नेपालीहरूको भूमिका ! वैज्ञानिक समाजवादको लागि वैकल्पिक संयुक्त सत्ता आजको आवश्यकता !! भन्ने समसामयिक नाराको साथमा आयोजित कार्यक्रमको सञ्चालन कतार मोर्चा महासचिव रविन पुनले गरेका थिए । मोर्चा अध्यक्ष जयकिशोर पोद्दारको सभापतित्वमा सञ्चालित कार्यक्रम प्रमुख अतिथि जनजागरण मञ्चका अध्यक्ष, सहिद परिवार, कान्तिपुर पत्रिकाका स्तम्भकार तथा नेपाल राष्ट्रिय शिक्षक संगठनका भूतपूर्व अध्यक्ष गुणराज लोहनी रहेका थिए । सहिदहरूको सम्मानमा एक मिनेट मौनधारणपछि मुट्ठी उठाएर अन्तर्राष्ट्रिय गीत गाइएको थियो ।

अतिथिहरूमा वामपन्थी बुद्धिजीवी खगेश्वर केसी, वामपन्थी बुद्धिजीवी, मोटिभेटर तथा जनजागरण मञ्चका केन्द्रीय सदस्य नरबहादुर कार्की, कतार मोर्चाको प्रमुख सल्लाहकार रमेश गिरी, सल्लाहकार रेशम पौडेल, सल्लाहकार श्रीकृष्ण भट्टराई, साउदी मोर्चा महासचिव तथा सहिद परिवार टिकाराम ओली, साउदी मोर्चा भूपू अध्यक्ष युवराज कार्की, बहराइन मोर्चा अध्यक्ष भीम केरुङ र महासचिव मीनराज नाथ, कुवेत मोर्चा अध्यक्ष वसन्त विश्वकर्मा, अमेरिकी मोर्चा अध्यक्ष विश्वबहादुर शाह, युरोप मोर्चा अध्यक्ष बिष्णु भुजेल, पोर्चुगल मोर्चा अध्यक्ष पूर्णबहादुर विक, जर्मनी मोर्चा अध्यक्ष शेरबहादुर तुम्बापो, स्पेन मोर्चा प्रतिनिधि गोपाल रेग्मी, बेल्जियम मोर्चा संयोजक मेख गुरुङ तथा प्रतिनिधिहरू, जनजाति सरोकार मञ्च बेल्जियम अध्यक्ष बदन योङहाङ, जापान मोर्चा महासचिव निराजन गैरे, मलेसिया मोर्चा अध्यक्ष विजय लामा, युएई मोर्चा प्रतिनिधि ऋषि गैरे, प्रवासी नेपाली जनसमाज भारतका सचिव गोविन्द पाण्डे, द. कोरिया र हङकङ मोर्चा प्रतिनिधिहरूको पनि उपस्थिति रहेको थियो । त्यस्तै, प्रगतिशील नेपाली समाजका जेपी मोक्तानसहित साउदीका अध्यक्ष भूपेन्द्र रसाइली, युएईका अध्यक्ष जीवन दास, कतारका र मलेसियाका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

समसामयिक नाराअनुसार हामी विदेशिएका युवाहरूले अब राष्ट्रिय राजनीतिमा दखल पुऱ्याउनुपर्ने र विदेशको सीपलाई नेपालमा प्रयोग गर्नुपर्ने तदारुकताका साथ अगाडि बढ्नु आजको आवश्यकता हो भन्नेबारेमा सबैको एकमत रहेको थियो । राज्यसत्ताको कमजोरीकै कारण युवाहरूलाई बेचिनुपरेको निष्कर्ष निकालिएको थियो । प्रमुख अतिथिले जनयुद्धको इतिहासबारेमा प्रकाश पार्दै ११ बर्से बालक दिलबहादुर रम्तेलले आफ्ना शिक्षकलाई गिरफ्तार गरि नलगिदिन रोइकराइ बिलौना गरिरहेको बेलामा हत्या गरेर आजकै दिनबाट हत्याको शृत्त ला सुरु गरेको थियो भने हप्ता दिन नपुग्दै राती एकै घरमा सुतिरहेका छ भाइ खत्री बन्धुहरूको सामूहिक हत्या गरेर वितन्डा मच्चाएको बताएका थिए ।

त्यसैगरी, वामपन्थी बुद्धिजीवी खगेश्वर केसीले समस्या व्यवस्थामा रहेको र व्यक्ति फेरेर हल नहुने त्यसकारण रास्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा सबैतिरबाट एकजुट भएर व्यवस्थाको विकल्पमा वैकल्पिक सत्ता वैज्ञानिक समाजवाद स्थापनाको लागि लागिपर्नुपर्ने बताएका थिए । अर्का वक्ता नरबहादुर कार्कीले क्रान्तिको यात्रा कठिन रहेको र आपसमा मिलेर नै सफलता हासिल गर्न सकिनेबारेमा बताएका थिए । जनयुद्धको मर्मविपरीत नेतृत्वले धोका दिंदा आज व्यक्तिकेन्द्रित राजनीति हुन पुगेको बताए । विश्वभरि छरिएर रहेका मोर्चामा आवद्ध मजदुरहरूको मत र संयुक्त रणनीतिक मोर्चामा आबद्ध पार्टीहरूको भातृसंस्था प्रगतिशील नेपाली समाजका युवा मजदुरहरूको आवाज पनि एउटै रहेको थियो । नेटको विभिन्न कठिनाइका बाबजुद पनि मोर्चाका सदस्य र समर्थकहरूको मनग्य उपस्थिति रहेको थियो ।

देशभर सहिद सप्ताह ...

विद्रोहको क्रममा गिरफ्तार गरी जेल सरुवा गर्ने निहुँमा इलामको सुखानी जंगलमा लगी रामनाथ ढकाल, नेत्र घिमिरे, वीरेन राजवंशी, कृष्ण कुइँकेल, नारायण श्रेष्ठ गरी पाँचजना क्रान्तिकारी नेताहरूलाई प्रहरीले हत्या गरेको थियो । यसरी जनयुद्धका प्रथम सहिद दिलबहादुर रम्तेलको सहादत भएको दिन फागुन १४ गतेदेखि झापा विद्रोहमा सुखानीका सहिदहरूले सहादत प्राप्त गरेको दिन फागुन २१ गतेलाई समेटेर उहाँहरूसहित राष्ट्र र जनताको मुक्तिका लागि बलिदान दिनुहुने सम्पूर्ण सहिदहरूको स्मरण एवम् सम्मानमा हरेक वर्ष फागुन १४–२१ लाई सहिद सप्ताहको रूपमा मनाउने गरिन्छ । यसलाई नेपालको आमूल परिवर्तनकारी आन्दोलनमा प्राणोत्सर्ग गर्ने गर्ने सम्पूर्ण सहिदहरूप्रति सम्मान गर्ने अवसरको रूपमा लिन गरिन्छ । विभिन्न क्रान्तिकारी पार्टी तथा संगठनहरूले यसलाई निकै महत्वका साथ मनाउने गर्दछन् । यस वर्ष पनि सहिद सप्ताह सन्दर्भमा विभिन्न कार्यक्रमहरू सम्पन्न भइरहेका छन् ।

यसक्रममा पार्टीका सबै जिल्ला समिति तथा देश र विदेशस्थित विभिन्न संगठनमार्फत् सहिद–बेपत्ता परिवार भेटघाट तथा सम्मान, सहिद स्मृति संग्रहालय, सहिद पार्क, सहिद स्तम्भहरूको निमार्ण, वृक्षारोपण, सहिदहरूको सम्मानमा खेलकुद, वक्तृत्वकला, हाजिरीजवाफ, कवितावाचन, गीत तथा नृत्य प्रतियोगितालगायत विभिन्न सिर्जनात्मक कार्यक्रमहरूसहित मनाउने नेपाल कम्युनिस्ट पार्टीले बताएको छ ।

नेकपा अछामद्वारा सहिद परिवारलाई अभिनन्दन

काठमाडौं । नेपाल कम्युनिस्ट पार्टी जिल्ला समिति अछामको आयोजनामा सहिद सप्ताह २०७७ अन्तर्गत सहिद परिवारहरूलाई सम्मान गरिएको छ । जिल्लाको क्षेत्र नं. १ को भाटाकाटिया र क्षेत्र नं.२ को डुंगालामा सम्पूर्ण सहिद परिवारहरूलाई दोसल्ला ओढाएर सम्मान गरिएको हो । सम्मान कार्यक्रमका प्रमुख अतिथि पार्टी सचिवालय सदस्य कमल थापा, अध्यक्षता क.न.पा. इन्चार्ज युराज र सञ्चालन सुमनले गरेका थिए । कार्यक्रममा अथिति अ.ने.म संघ (क्रान्तिकारी) जिल्ला संयोजक रचनाले शुभ-कामना मन्तव्य राखेकी थिइन् ।

प्रमुख अथिति कमल थापाले सहिदहरूका अधुरा सपना पूरा गर्नका लागि वर्तमान राज्यसत्ताले व्यवस्था गरेको र आफूले सहिदका सपना पूरा गरिछाड्ने प्रतिबद्धता गरे । संसदीय व्यवस्था असफलसिद्ध सावित भएको र नेपाली जनताले यसको विकल्प खोजुपर्ने बताए । नेपाली जनताले खेप्नुपरेको राजनीतिक संकट टार्न अहिलेका विद्यमान पार्टीले नसक्ने पनि ठोकुवा गरे । अहिले भष्टाचार संस्थागत भएको र हामीले भष्टाचार, अन्याय, अत्याचार, विकृति विसंगतिविरुद्ध आवाज उठाउँदै गर्दा प्रतिबन्ध खेप्नुपरेको छ उनले भने ।

यसैगरी फागुन १४ देखि २१ गतेसम्म सहिद सप्ताहअन्तर्गत रामारोशन गाउँपालिकाको सुतारमा सम्मान गरेको हो । सुतारमा भएको सम्मान कार्यक्रममा प्रमुख अतिथि जिल्ला सचिव प्रतीक रहेको कार्यक्रमको अध्यक्षता विज्ञानले गरेका थिए भने सञ्चालन सुशीलले गरेका थिए । सहिद परिवारलाई दोसल्ला र सम्मानपत्रसहित सम्मान गरिएको थियो । सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै जिल्ला सचिव प्रतीकले आफ्नो पार्टी सहिदका अधुरा सपना साकार पार्न एकीकृत जनक्रान्तिको माध्यमबाट संघर्षमा रहेको बताए । जनयुद्धमा सहिदको बलिदानलाई भऱ्याङ बनाएर केही नेता व्यक्तिगत स्वार्थ र कुर्सीको खेलमा लागेको भन्दै रोष प्रकट गरे । सम्मान कार्यक्रम फागुन २१ गतेसम्म हुने उनले जानकारी दिए ।

प्रतिबन्धलाई तोड्दै रचनात्मक सप्ताह कार्यक्रम सम्पन्न

कालीकोट । नेपाल कम्युनिस्ट पार्टी भेरी-कर्णाली ब्युरोअन्तर्गत कालीकोट जिल्लाको रास्कोट नगरपालिकाको आरसीसी बजारमा २६ औं जनयुद्ध दिवसको अवसरमा रचनात्मक सप्ताहअन्तर्गतको कार्यक्रम सम्पन्न भएको छ ।

उक्त कार्यक्रममा कालीकोट जिल्ला सेक्रेटरी साहसीको अध्यक्षता तथा भेरी-कर्णाली जनसरकार प्रमुख विराटको प्रमुख आतिथ्यता रहेको थियो भने अन्य अतिथिहरूमा भेरी-कर्णाली सदस्य कालीकोट जिल्लाका इञ्चार्ज रणदीप, जिल्ला सल्लाहकार समितिका संयोजक छत्रबहादुर बम, विद्यार्थी केन्द्रीय सदस्य प्रकाश विकलगायतका अतिथिहरू सहभागी थिए ।

२६ औं जनयुद्ध दिवसको अवसरमा आयोजना गरिएको रचनात्मक सप्ताहअन्तर्गत विभिन्न सांस्कृतिक कार्यक्रमसमेत राखिएको थियो । उक्त कार्यक्रममा देउडा प्रतियोगिता जिल्लाभरिका ७ समूह, दोहोरी ५ समूह, एकल गायन ७ समूह, मुक्तक ८ समूह सबैलाई ४ हजारका दरले पुरस्कृतसमेत गरिएको थियो ।

उक्त कार्यक्रममा प्रमुख अतिथि विराटले ' अहिलेको सरकार सामाजिक दलाल तथा नाङ्गो फासिवादी चरित्र प्रदर्शन गरिरहेको साथै, दिन-प्रतिदिन राष्ट्रघात तथा जनघात गर्दै नेपाली जनताको भावना विपरीत गइरहेकोले यो सरकार अब धेरै दिन नटिक्ने टिप्पणीसमेत गरेका थिए भने अन्य अतिथिहरूले समसामयिक राजनीतिक विषयमा आफ्ना विचारहरू व्यक्त गरेका थिए ।

नेकपा गुल्मीद्वारा सहिद–बेपत्ता परिवारसँग भेटघाट

गुल्मी । नेपाल कम्युनिस्ट पार्टी, गुल्मीले सहिद-सप्ताहको सन्दर्भमा सहिद तथा बेपत्ता परिवारजनलाई भेटघाट गरेको छ । फागुन १४ देखि सुरु भएको सहिद सप्ताह कार्यक्रम फागुन २१ गतेसम्म नेकपाले देशव्यापी सहिद, बेपत्ता तथा घाइते योद्धाहरूलाई भेटघाट तथा सम्मान गर्ने घोषणा गरेको छ । सम्मान तथा भेटघाटको क्रममा महान् जनयुद्धका क्रममा सहादत प्राप्त गरेका सहिद खिमविक्रम रावलको परिवारलाई भेटघाट तथा सम्मान गरेको छ । सहिद तथा बेपत्ता योद्धाहरूलाई भेटघाटको क्रममा परिवारजनको अवस्था, उनीहरूसँग राजनीतिक वैचारिक छलफल र महान् सहिदहरूका अधुरा सपनाहरूको बारेमा विमर्श गरेको नेकपा गुल्मीले बताएको छ ।

भेटघाट कार्यक्रममा सहिद खिमविक्रमका माइला दाजु रामप्रसादको अध्यक्षता र अखिल (क्रान्तिकारी) का केन्द्रीय सचिवालय सदस्य एवम् लुम्बिनी क्षेत्रीय समन्वय समितिको संयोजक वीरेन्द्र विकको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा विकले जनयुद्धका महान् सहिदहरूको सपना अधुरो रहेको भन्दै उनीहरूका सपनाहरू साकार पार्न नयाँ क्रान्तिको थालनी भएको बताए । भेटघाट कार्यक्रममा नेकपाका जिल्लास्तरीय नेता तथा कार्यकर्ताहरूको सहभागिता रहेको बताइएको छ ।

मकवानपुरमा सहिद सप्ताहको उद्घाटनसँगै ९ सदस्यीय कार्यसमिति गठन

काठमाडौं । नेकपाको केन्द्रीय कार्यक्रमअनुसार मकवानपुर जिल्लाले सहिद सप्ताह कार्यक्रमको उद्घाटन गर्दै बागमती गाउँपालिकामा ९ सदस्यीय कार्यसमिति पनि गठन गरेको छ । माओवादीले २०५२ फागुन १ गते जनयुद्धको घोषणा गरेलगत्तै फागुन १४ गते जनयुद्धका प्रथम सहिदको रूपमा दिलबहादुर रम्तेलले सहादत प्राप्त गरे भने फागुन २१ गते तत्कालीन झापा विद्रोहमा विभिन्न ५ सहिदहरूले सहादत प्राप्त गरेका थिए । यही ऐतिहासिक सन्दर्भलाई आधार मानेर फागुन १४ देखि २१ गतेको दिनलाई सहिद सप्ताहको रूपमा मनाउँदै आइरहेको छ । यही महत्वपूर्ण दिनलाई मध्यनजर गर्दै फागुन १४ गते नेकपा मकवानपुरले जिल्लाको पूर्वी भू-भाग बागमती गाउँपालिकामा सहिद सप्ताह कार्यक्रमको उद्घाटन गरेको छ । उक्त कार्यक्रमको सम्बोधन नेकपा मकवानपुर जिल्ला इन्चार्ज जमिनले गरेका थिए । सम्बोधनका क्रममा जमिनले हिजो सुखी नेपाली, समृद्ध नेपालको उज्ज्वल भविष्यको सपना बोकी देश र जनताका लागि सयौँ, हजारौँ कमरेडहरूले युद्धको रणमैदानमा रगत बगाएका थिए, आफ्नो ज्यानको बाजी थापेका थिए, बलिदान दिएका थिए र आज ती योद्धाहरूको रगतको मूल्य चुकाउने जिम्मा, सहिदहरूको अधुरो सपनालाई साकार बनाउने अभिभारा तपाईं हाम्रै काँधमा आएको बताए । उनले यसका लागि आम नेपाली एकजुट हुँदै, गोलबन्ध हुँदै एकीकृत जनक्रान्तिको मार्गमा अघि बढ्न र दलाल संसदीय व्यवस्था खारेज गरी वैज्ञानिक समाजवादी सत्ता स्थापना गर्ने महान् कार्यमा जुट्न आह्वान गरे ।

महान् जनयुद्ध र एकीकृत जनक्रान्तिमा सहिद हुनुभएका कमरेडहरूको सम्मानका साथ सम्बन्धित सहिद परिवारहरूसँग भेटघाट गर्ने, निराशाको आँधीले मडारिएको अनुहारमा नवीन आशाको बिजारोपण गरी क्रान्तिमा पुनः प्रेरित गर्दै एकीकृत जनक्रान्तिको कार्यदिशामा अग्रसर गराउने र सप्ताहको अन्तिम दिन सहिद परिवारलाई सम्मान गरी सहिद सप्ताह मनाउने तयारी गरेको कुरासमेत जानकारी गराइयो । सहिद सप्ताहको उद्घाटन कार्यक्रमकै बिच बागमती गाउँपालिकामा ९ सदस्यीय कार्यसमिति पनि गठन गरेको छ भने उक्त कार्यसमितिको नेतृत्व लीलालाई दिइएको समाचारमा जनाइएको छ । बागमती गाउँपालिका सँगै मकवानपुर जिल्ला र समग्र पार्टीलाई मजबुत बनाउँदै लाने काममा नवगठित कार्य समितिले महत्वपूर्ण भूमिका खेल्नेछ भन्ने आशा र विश्वासका साथ उक्त कार्य समितिलाई नेकपा मकवानपुरका तर्फबाट जिल्ला इन्चार्ज जमिनले बधाई तथा कार्य सफलताको शुभकामनासमेत दिए ।

टिप्पणी

पूर्वमा रातो सलाम कुमार पौडेललाई

नारायण नेपाल

नेपालको जनप्रतिरोध आन्दोलनमा पूर्वक्षेत्रको वीरता बलिदानमा अधिक थियो। झापाली विद्रोहदेखि बेथानको वीरतासम्म कूलयोग हेर्दा, जनयुद्धपूर्वको अवधिमा पश्चिम नेपालभन्दा पूर्वी नेपालतिर प्रतिरोध आन्दोलन निकै उचाइमा पुगेको इतिहासको तथ्य साक्षी छ । मोहनचन्द्र अधिकारीको जनताको बहुदलीय जनवाद अस्वीकारको कथा र यानप्रसाद गौतम आलोकको समाधीसम्मको व्यथामा नियत र नियतिका जोडघटाउ र गुणनभाग सबै गरेर गहिरो घोत्लिन जरुरी छ, यो सत्यको गहिराइ नाप्न । तर यो आलेख कुमार पौडेल हत्या सन्दर्भ केन्द्रित गर्ने प्रयास गरेको छु।

सर्लाहीमा उनीसँग मिलाएको दर्विलो हात र बिदाइको क्षण उनको र मेरो जीवनको अन्तिम बन्यो। आज समयले पनि निकै राजनीतिक जीवनको धुमिल तस्बिर आँखासामु ल्याएको छ। जब मैले सर्लाही र सागरनाथको सुकुमबासी किसानबस्तीमा पाइलो टेकेर केही तथ्य नियाल्न पुगेँ, हाम्रो मौसमी आन्दोलन र उपयोगितावादी संस्कारको सिकार भएको चिनियाँ हुनान विद्रोहजस्तो किसान विद्रोहलाई पैँतालाले कुल्चेर निदाएको लम्पट क्रान्तिकारी रोमान्सको यो किसान आन्दोलनको चित्र। त्यो भ्रूण हत्या गरिएका क्रान्तिको किल्ला थबाडको उर्वर गर्भाशय पनि हो । त्यसपछि नै हो, मेरो मन र आस्थाले चिनेको कुमार पौडेलको पहिचानलाई सत्यरूपमा देखेको। उनी भूमिहीन गरिब किसानहरूको एक अद्भूत आस्था, भरोसा र न्यायको खम्बा रहेछन् । भ्रष्ट जालीझेलीहरूको दिमागमा घुमिरहेको एक जब्बर भूत क्रान्ति वा विप्लव बनेर।

प्रजातान्त्रिक आन्दोलनमा मुक्ति सेनाको कमान्डर रामप्रसाद राईको नेतृत्वमा भएको सिंहदरबार विद्रोह दमनले समाप्त भयो । टिमुरबोटे ओढारमा तुहिएको विद्रोहको गर्भ र क्याप्टेन यज्ञबहादुर थापाको विद्रोही सपनाहरू उजेल्ने प्रयास अरुणपूर्वतिर जारी थियो । पञ्चायतको बर्बरता र अत्याचारले अरुणमा बगेको आँसु रगतको कथाहरूले मान्छेको मन मनमा उद्वेलना पैदा गरेको थियो । गीतकार गणेश इजमको शब्द र किशोर थुलुङको स्वरमा रहेको गीत अझै उस्तै सान्दर्भिक छ :

खोकु छिन्ताङ दुख्यो कि अरुण सुसाउँदा
मन सबको रुन्छ कि दुःख बिसाउँदा

जनमुखी सहकर्मी रूपचन्द्र बिस्टको शब्द सापटी लिएर भन्ने हो भने पञ्चायतका अर्धमण्डले सूर्यबहादुर थापाको योजनामा खोकु छिन्ताङमा पञ्चसरकारले जनताको रगत पिएको थियो। त्यो पञ्चायती बर्बरताको बज्रप्रहार धनकुटाको खोकु, छिन्ताङ गाउँमा मात्र होइन, सुखानीको जंगलमा समेत परेको थियो । रामनाथ दाहाल, वीरेन राजबंशी, नेत्र घिमिरे, नेत्र कुइँकेल र नारायण श्रेष्ठलगायतका योद्धाहरूको हत्या गरेको थियो। रामवृक्ष यादव, दिलिप चौधरी, ऋषि देवकोटा आजादको हत्या हुँदै कुमार पौडेलसम्मको शृंखलालाई एउटै मालामा उनेर हेर्ने हो भने दमन र प्रतिरोधको शृङ्खला पूर्वमा वर्तमानसम्म जारी छ। सहिद रामवृक्ष यादवको शब्दमा हामी भन्न सक्छौँ, तपाईं मान्नुस् या नमान्नुस् पूर्वमा एकदिन रातो झन्डा फहराउनेछ :

आप माने वा नमाने
पेरुमे लाल झन्डा फहराए

पञ्चायती वामपन्थी राजनीतिमा पूर्वमा माले, एमाले र पश्चिमतिर मशालको प्रभाव बढी देखिन्थ्यो। झापा विद्रोहका नायक जबज अस्वीकार गरेर हिँडेका मोहनचन्द्र अधिकारी गेरुवस्त्र धारण गरेर रामनाम जप्दै छन् । समकालीन राजनीतिका योद्धा आरके र सिपी मैनालीहरू एकएक खाल थापेर राजनीतिकै मैदानमा छन्। यतिबेलाका सत्तानायक केपी ओलीको सत्तारोहणको वर्तमान सत्ता र विगतको विरासतमा आकाश-पातालको अन्तर छ । झापाली धर्मप्रसाद ढकालको घाँटी रेटेर आउने ओली ज्यामिरगढीमा कर्णबहादुर गौतमको रगतको सिर्काले झस्किएर संसदवादको पुच्छर समात्न पुगेका थिए। आज उनको सत्ताको खुनी अनुहारमा कुमार पौडेलको रगका छिर्काहरू प्रतिबिम्बित भएको पाइन्छ।

भोजपुरका तीर्थ राईदेखि सलार्हीका कुमार पौडेल हुँदै नीरकुमारसम्मको रगत पिउन उद्यत किन भएको होला यो सत्ता ? जब मान्छेमा आफ्नै विगतको बलिदानप्रति हीनताबोध र लघुताभास पैदा हुन्छ नि, त्यसपछि हो ऊ पतनको बाटोमा पुग्ने । अरुणझैँ उर्लिएको रगतको भेल तरेर आउनेहरू वीरताका कथा बोकेर आउनेहरूको राजगद्धी सधैँ सधैँ भुइँमान्छेको रगत पिउन किन उद्यत हुन्छ होला ? बडो विचित्रको राजनीतिक दृष्य नेपालमा देखिन्छ। कुमार पौडेलको हत्यापछि गृहमन्त्री रामबहादुर थापा बादल र भूपू गृहमन्त्री जनार्दन शर्मा 'प्रभाकर' बिच संसदीय समितिमा भएको जुहारी दुनियाँलाई भुलभुलैयाको तमासा केवल सावित भयो । आखिर सत्तामा जो भए पनि हुने उही रहेछ, यो त सत्ताको वर्गचरित्र हो। उनै जनार्दन गृहमन्त्री हुँदा पनि माइला लामा जेल परेको दृष्टान्त छ। तथापि नेपाली काँग्रेस संसदमा अवरोधसम्म गर्न पुग्यो। काँग्रेस नेता अर्जुन नरसिंह केसीले सामाजिक सञ्जालमै उल्लेख गरेका थिए, राज्यले व्यक्ति हत्या गर्नु लोकतन्त्रको उपहास हो।

विराटनगरमा रहेको भारतीय कन्सुलर कार्यालय जुन तराईमा भारतीय घुसपैठ र चलखेल अखडा थियो । त्यहीँमाथिको आक्रमणले सबै राजनीतिक दलले त्यो कार्यालय हटाउन जरुरी छ भन्दै बोल्नैपर्ने अवस्था आयो । हुन त गौर नरसंहार र माओवादी कार्यकर्ताको कत्लेआमको घटनालाई नियाल्ने हो भने त्यो माओवादी आन्दोलन कमजोर गर्ने नियोजित-प्रायोजित मधेस आन्दोलनको डमी थियो । पूर्वी-तराईमा कोशी उच्चबाँध र अरुण तेस्रोमाथिको भारतीय गिद्धेदृष्टि रहँदै आएको छ । काँग्रेसले अघि सारेको त्यो सवाल एमालेले रोकेको थियो। यो कुरा २०५० सालको हो। काँग्रेसले अघि सारेको त्यो सम्झौता असफल पारेको एमालेले २०५४ मा महाकाली सन्धि पारित गरेको थियो। उबेलादेखि योबेलासम्म केपी ओली एमालेका हर्ताकर्ता पात्र थिए। २०५१ सालमा एमालेले रद्द गरेको सप्तकोशी उच्च बाँध सम्झौता अहिले अरुणदेखि कोशीसम्मको गंगाजले मोदीको पाउ पखाल्न व्यस्त छ, तिनै ओली नेतृत्वको सरकार।

सागरनाथको सुकुमबासी बस्तीमा आश र उत्साहको केन्द्र थिए कुमार । जब खेतबारी जोत्ने बेला सुरु हुन्थ्यो, सुकुमबासी किसानको गाउँ युद्ध मैदानजस्तो देखिन्थ्यो । रातभर ट्याक्टरले बारी जोत्ने र युवाहरूले घरेलु हतियारसहित पहरा दिने । यस्तो दृश्य खेतीबालीको मौसममा हररात देखिइरहन्थ्यो।

राजधानीका सडक किनारामा फूल रोपेर समृद्धि फुलाउने समाजवादको गँजेडी गफ दिने जनतालाई गोली हान्न आदेश दिँदै सत्तामा उपरखुट्टी लाउने केपी-बादल मण्डलीभन्दा रुख मासेर देश र जनता बचाउने दूरदर्शी अभियानमा थिए कुमार। त्यसैले त गरिबहरूको आशाको दियो बनेका थिए कुमार। उनको हत्यापछि जुलुसमा छाती पिटेर रुँदै गरेकी एक वृद्ध महिलाको भीडीयो सामाजिक सञ्जालमा निक्कै भाइरल भएको थियो। त्यो भाइरल भावना हो, आस्था हो, चुनौती हो, केपी ओलीको सत्ताका लागि जनताको वास्तविक नायक सर्वहाराहरूको नेताको मायामा पोखिएको प्रेमपूर्ण पागलपनको अलाप।

मेरो बाल मनोविज्ञानमा अमीट छाप बोकेर बसेको थियो एउटा जनवादी गीत । मनु लामाको शब्द र माइला लामाको संगीतमा रहेको सो गीत अझै पनि मन मस्तिष्कमा गुञ्जिइरहन्छ :

पूर्वमा रातो सलाम दिलमाया लामालाई
पश्चिममा रातो सलाम लली रोक्कालाई

आज समय र सन्दर्भले गीतको भावना र मनको उद्वेलनालाई एकै उभारमा ल्याउन थालेपछि मैले फेरि अन्तरहृदयदेखि रातो सलाम गर्न चाहेँ कमरेड कुमार पौडेललाई !

आज माइला लामा पूर्व-संखुवासभातिर जेलमा छन् । हामी पनि खुल्ला जेलमै छौँ जस्तो लाग्छ । फरक यति हो, उनी बन्द पर्खालभित्र छन्, हामी खुल्ला दुनियाँमा बन्धक छौँ । यस्तै उस्तै छ हिजोआजका कथाहरू। लेखक साहित्यकार अनिल शर्मा 'विरही' ले यो जनक्रान्तिको यात्रामा पूर्वी-नेपालको पाखा-पखेरातिर चाहर्दै कोरेका गीतका शब्दहरूमा वर्तमानको उत्पीडनका चित्रहरू झल्किन्छन्। हेरौँ, एक अंश :

तमोर उर्लियो लै लै अरुण उर्लियो
वीरहरूको नशा नशामा रगत उर्लियो
सिसमहल मागेको होइन
ओत लाग्ने बास देऊ
मौजा हामीले कहाँ माग्या छौँ र ?
ओत लाग्ने ठाउँ देऊ।

सुकुमबासीहरूको ओत लाग्ने झुपडी निमार्णको अभियानमा थिए कुमार। एमालेबाट राजीतिमा पाइलो चालेका उनी विद्रोही चेतना बोक्ने एक सच्चा देशभक्त र क्रान्तिकारी नेता थिए। उनको राजनीति र हत्यासम्मको नियतिको तथ्य नाप्न चुरेभावर राजनीतिक दलको उदय र अवसानको कथासम्म उतार्नुपर्ने हुन्छ । विसर्जित चुरेभावरको राजनीतिक अवसानमा कुमार पौडेलको विभत्स हत्या र बाबु थापाको जेलयात्राको योगफल नाप्ने हो भने भारतीय लगानीमा पूर्वी-तराईमा रोपिएको पहाडे र मधेसीबिचको विद्वेषपूर्ण साम्प्रदायिक विभेदको चित्र प्रष्ट हुन आउँछ। कुमारको हत्याले धेरै तथ्यहरूको संकेत गरेको छ।

कुमार हत्याको प्रतिवेदन दिँदै मानव अधिकार आयोग वा उसम्बद्ध निकाय भन्छ, यो गम्भीर मानव अधिकारको उल्लंघनको घटना हो । कुमारका परिवार भन्छन्, यो योजनाबद्ध नियोजित हत्या हो । तर, मलाई लाग्छ यो हत्या राजनीतिक अपराध हो । उत्पीडित, श्रमिक जनता अधिकार सम्पन्न नहुँदासम्म राजनीतिक आन्दोलन उठ्न जरुरी हुन्छ । तपाईंले नबोले मैले र मैले नबोले तपाईंले वा तपाईं र म कोही नबोले कोही न कोही त बोल्नै जरुरी थियो। यो अन्याय, अत्याचार, विभेद र धोकाधडीको विरुद्ध कसै न कसैले विद्रोहको झन्डा उठाउन जरुरी थियो। कवि नाजिम हिक्मतको कवितांसहित उज्यालोको खोजी गर्दै पूर्वमा रातो सलाम कुमार पौडेललाई !

म जलिनँ भने
तिमी पनि जल्नेछैनौ
हामी कोही जलेनौँ भने
अँध्यारो रात कसरी हट्ला ?

२६ माघ, २०७७

कविता

के अर्थ ?

दुण्डीराज अधिकारी

भयानक सुन्सान अँधेरी रातसँग
भीक्षा माग्नु नै छ भने
उसैको मानुमा आश्रित हुनु नै छ भने
उज्यालो खोज्नु किन ?
एकन्तमा एक्लै त्यही मध्यरातलाई
अँगाल्नु छ भने
ज्यान बचाउन स्वाभिमान गुमाउँदै
आत्मसमर्पण गर्नु छ भने
फोस्रो अडम्बर बोकेर विरोधका
आवाजको अर्थ के ?

कालो रातको खुनी नङ्गाबाट
चिथोरिइरहनु छ भने
रगतले लत्पतिएका राक्षसी दाह्राबाट
लुछिइरहनुपर्छ भने
खोक्रो विद्रोह किन ?
सामाजिक दायित्व पूरा गर्नका लागि
अँध्यारो चिर्दै अगाडि बढ्दा
मुठी कसेर खुट्टा बजार्दै छाती तन्काएर
काली रात मुर्दावाद भन्दै
दृढ र साहस बोकेर उज्यालाको खोजीमा
निस्किएको महान् यात्रीलाई
मध्यरातको भुँमरीमा हराउने बिलाउने
बाध्यता पर्छ भने
के अर्थ भयो र उज्यालो खोज्नुको
उज्यालो टाढिन्छ भने

उज्यालोको आशामा अँध्यारोसँग जुद्धै गर्दा
अँध्यारोमा हराउनु छ भने
उज्यालो नदेखी अँध्यारोमै अस्ताउनु छ भने
बाँच्नुको अर्थ के छ र
मनभरि व्यथा पिरैपिरको शय्यामा ढल्नु छ भने
हाँस्नु को अर्थ के

ठाडो शिर गरेर बाँच्नका लागि लडिरहँदा
शिर निउराउनुपर्छ भने
अगाडि फड्केका फड्काहरू बाध्यताले
पछाडि फर्किनुपर्छ भने
कालो रात चिर्न लगाएको निशानी जानीजानी
चुकाउनुपर्छ भने
नामनिशान मेटाउनुपर्ने निशानीसँग पुनः
शिर झुकाउनुपर्छ भने
आफैँले गरेका बाचा बन्धन र कसमहरू
आफैँ तोड्नुपर्छ भने
सधैँका लागि तोडिएको नाता सम्बन्धलाई
पुनः जोड्नुपर्छ भने
बिनाउद्देश्य र विचारको लडाइँ अँगाल्दै
नाता तोड्नुको अर्थ के ?

यदि कालो रात हटाउने अभियान
चलाउनु छ भने
हरामको मानो र छानोको आश्रय
लिनु नपरोस्
अपराधीको अपराधलाई बाध्यताले
क्षमा दिनु नपरोस्
राक्षसी कलो रातसँग डराएर भाग्दै
लुक्नु नपरोस्
सत्यमा सधैँ ठडिएको उच्च ठाडो शिर
झुक्नु नपरोस्।

इमानदार कामदार

अग्निराज पौडेल

लकडाउन, निषेधाज्ञा, कोरोना महामारीको चपेटामा परेपछि ऋण र बेरोजगारीले निम्न मध्यम वर्गका प्रायः सबैलाई थिल्थिल्याएर आर्थिक रूपमा जर्जर बनाइसकेको छ । झन् मजस्तो दैनिक काम गरेर मात्र हातमुख जोड्न सक्नेको अवस्थाका कस्तो होला ? खासमा निम्न मध्यम वर्गका नागरिकसँग केही हुँदैन तर उनीहरूले सबैथोक भएको महसुस गर्दा रहेछन्। त्यही वर्गको एउटा सदस्य भएकोले म र मेरो परिवार फरक हुने कुरै भएन । यथार्थतः समस्या र समाधानको मेलजोल गराउन असमर्थ नै भइयो भन्दा फरक पर्दैन । बैंकको खाता नम्बर त छ तर खातामा पैसो भने छैन । लकडाउनभन्दा अगाडि गरेको केही कामको पारिश्रमिक र केही साथीभाइलाई बेलाबखत चलाएको सरसापटको रकम मागेर भए पनि गर्जो टार्ने जमर्को गरेँ । आखिर जेजस्तो भए पनि जीवनको रथ अगाडि गुडाउनु नै पर्ने रहेछ! अपेक्षितहरूबाट मेरोभन्दा खराब अवस्था दर्शाएपछि के पो लाग्दो रहेछ र! अन्ततः तेरा लागि जस्तो सहयोग पनि गर्न तयार छु भन्ने अलि उपल्लो वर्गमा पुगेका साथी र आफन्तहरूसँग ऋण लिने विचार गरेँ । अवस्था सहज नहुन्जेल त हो ! फेरि यो पनि सम्भावनाको कुरा न हो । कोरोना कहर सकिनेबित्तिकै पुनः काममा सहजता आउने र ऋण तिर्न कठिन नहुने कुरामा म ढुक्क थिएँ । परिस्थितिमा 'खोला तऱ्यो, लौरो फाल्यो' उखान लागु भइसकेको रहेछ । सम्झन सकेजति धेरैलाई फोन गरेँ । कतिले फोन उठाएनन्, उठाउनेले मेरो भन्दा दयनीय अवस्था बताए। हैट, कतिले त मेरो नम्बर नै ब्लक गरेछन्! अब ऋण लिने कुराको अध्याय पनि समाप्त भयो। अथवा यसो भनौँ, ऋण लिएर तत्कालीन समस्या समाधान गर्ने योजना बन्दाबन्दै मऱ्यो । अनि त्यसपछि राहत मागेरै भए पनि हातमुख त जोड्नैपर्ने बाध्यतामा पुगेको जस्तो आभास भयो। सबैले चपाउने दाँत कमजोर भए पनि देखिने दाँत बलियो नै देखिरहेको महसुस गरेँ । राहत लिन जाने योग्यता नै नपुगेको आभास भइरह्यो। राहतको कल्पनामा आहतको राँको झन् बढेको महसुस भयो। राहत माग्न जान पनि सकिनँ।

अभावै अभावका बिच मभन्दा पनि तन्नम अवस्था रहेको अभिव्यक्ति दर्शाएर घरबेटीले गरेको ताकेताले झन् तनावमाथि तनाव थपिन थाल्यो । पेन्टिङ र डिजाइनको काम कोरोना कहरका कारण लगभग ठप्प नै भइसकेको थियो । आफ्नै वर्गसँग मेल खाने साथीभाइले यो अवस्थामा कुनै पनि काम गराउन सक्ने अवस्था नै रहेन। अलि उपल्लो वर्गमा पुगिसकेका साथीभाइ र सानोभन्दा सानो कामका लागि पनि मलाई नै सम्झनेहरूको वर्ग फेरिएसँगै हाउभाउ र व्यवहारमा परिवर्तन आइसकेको रहेछ, जुन कुराको भेउसम्म पाउन सकेको रहेनछु । ऊनीहरूको अभिव्यक्तिबाट मजस्ताको सामान्य मान्छेको सामान्य कार्यालयमा बसेर काम गराउनु पनि आफ्नो इज्जतको दोहन गर्नु हो भन्ने मानसिकता बनाएको आभास हुन थाल्यो । उनीहरू बिगहाउसतिरै धाउन थाले, जहाँ एकाध वर्षयता भीड दिनानुदिन बढ्दो छ।

फेरि पनि समस्या त समस्या नै हो र थियो। जसरी भए पनि समाधान त खोज्नैपर्थ्यो । अब सानोतिनो जेजस्तो काम भेटिए पनि गर्नैपऱ्यो भन्ने मानसिकता बनाएर कामको खोजीमा लागेँ । प्रायःजसो कामदाताहरूले आफ्ना श्रमिक र कर्मचारीहरूलाई विभिन्न बहाना बनाएर निकालिरहेको अवस्थामा मैले चैँ काम पाउने कुरा आठौँ आश्चर्य हुन्थ्यो नै । मान्छेको जात न हो, सास रहेसम्म आश रहन्छ, म कामको खोजीमा लागिरहेँ । यस्तै एकदिन बाटोमा भौँतारिरहेको थिएँ। डिल्लीबजारमा बिजुलीका खम्बाहरूमा टाँसेको 'इमानदार कामदार चाहियो' फोन नम्बरसहितको विज्ञापनमा आँखा ठोकियो । 'डुब्तेको तिन्केका सहारा' भन्ने हिन्दी उखान सम्झेँ । यो मन पनि कस्तो कस्तो ! यसले साँच्चै नै मलाई अलिकति भए पनि सहारा दिए जस्तो लाग्यो। केहीबेर मेरो मन त्यही खम्बा वरिपरि अलमलियो । कता-कता त्यो खम्बाप्रति स्नेह जागृत भए जस्तो भयो। अनि मनलाई आनन्दित बनाउँदै विज्ञापनमा लेखिएको फोन नम्बरमा डायल गरेँ। फोन उठेन। पटक-पटक डायल गरे फेरि पनि फोन उठेन। फोन नउठेपछि सोचेँ, सायद कामदार राखिसके होलान्, त्यसैले फोन नउठाएका होलान् ! झल्याँस्स सम्झेँ, आज शनिबार पो त ! तिर्खातुरलाई केको बार र महिना। भोलि आइतबार आउनु नै थियो। त्यो आइतबारको फेरोमा काम पाउने झिनो आशाको टुसो पलाएर आयो। सन्तोक मान्दै मनन् गरेँ, यो मेरो लायकको काम हुनुपर्छ! मैले काम पाएँ भने शनिबार त बिदा पाइने रहेछ। शनिबार बिदा पाउने कुरो सम्झिँदा नै मन आनन्दित भएर आयो । भोलि फस्टआवरमै फोन गरेर कामको बारेमा बुझ्ने र काम पाइयो भने सुरु गरिहाल्ने सोच बनाएँ।

तर पनि मनमा कुरा खेलिरह्यो। सोच्न थालेँ, काम त पाइएला तर काम कस्तो हो ! मैले गर्न सक्छूँला कि नसकूँला ! महिनावारीमा राख्ने हुन् कि ज्यालादारीमा ! ज्यालादारीमा भए दैनिक कति देलान्, महिनावारीमा भए महिनाको कति आऊला। मेरो महिना दिनको खर्च धानिएला कि नधानिएला। साहु कस्ता छन, समयमा तलव दिने हुन कि हैनन्! महिनाभरि काम गरेर तलवका लागि फेरि थोत्रेजुत्ता त घिसाउनुपर्ने पो हो कि !

मनै त हो, चाहिने-नचाहिने तर्क-वितर्क आइरहने। फेरि विज्ञापन नियालेर हेरेँ, उही लेखिएको थियो, 'इमानदार कामदार चाहियो।' अठोट गरेँ, एकपटक फोन चैँ पक्कै गर्छु । फेरि सोच्न थालेँ, इमानदार कस्तो हुन्छ ? इमानदार कस्तालाई भन्ने ? कोप्रति इमानदार हुने ? राजनीतिक पार्टीप्रति, काम लगाउने साहुप्रति वा आफ्नो परिवारप्रति कि आफूप्रति ! हैट, आफैँले आफैँलाई ओइरो प्रश्न पो लगाए जस्तो भयो त !

आफू र आफ्नो परिवारप्रति त म इमानदार जँचिन सकेकै छैन भने कसरी अन्यका लागि इमानदार हुन सक्छु ! अरूले आराम र मनोरञ्जनमा समय कटाइरहँदा म भने आफूलाई हातमुख जोड्न र परिवारको झिना-मसिना आवश्यकता पूरा गर्न १८ घन्टा त आफैँलाई घोटाइरहन्छु, खटाइरहन्छु। आफ्नो र परिवारको सानोभन्दा सानो आवश्यकता पूरा गराउन नसक्ने म कसरी इमानदार हुन सक्छु ? अब आफूप्रति नै शङ्का उत्पन्न भयो।

अहिलेसम्म इमानदारीपूर्वक सबैले काम गरेका भए हाम्रो देशको अवस्था यति निम्न हुन्थ्यो र ! दुईचार दिन काम गर्न नपाउँदैमा निम्न वर्गका मजदुरहरू भोकभोकै मर्नुपर्ने थिएन होला ! हामीले आदर्श मानेका सबै नेतागणहरूले इमानदारीपूर्वक भूमिका निभाएका छन् त !? हामीले विश्वास गरेका र आदर्श मानेका कैयौँ नेता, सङ्घ-संस्थाको नेतृत्वमा रहेका वरिष्ठ व्यक्तित्व र उपल्लो दर्जाका कर्मचारीहरूको इमानदारितालाई हेर्ने हो भने 'इमानदार' भन्ने शब्दको सही अर्थ खुट्याउन निकै गाह्रो पर्छ।

निर्वाचनअगाडि नेता र तिनका आसेपासे, हुक्के, चिलिमे, नाता-गोता, नजिकका कार्यकर्ता भनिएकाहरूको सामान्य अवस्था कसैका सामु लुकेको हुँदैन। जनताको मत पाएर निर्वाचनमा विजयी भएपछि तिनीहरूको अवस्था पूर्णरूपमा फेरिन्छ। अझ भनौँ, मन्त्री भएपछि तिनको शान, हैकम र तिनले प्राप्त गर्ने तलवभत्ता अनि तिनीहरूले लगानी गरेका विभिन्न आम्दानीका स्रोततिर दृष्टि लगायो भने पनि इमानदारिताको परिचय स्पस्ट देखिन्छ। त्यस्तै, संस्थान र सरकारी कार्यालयका खरदार, सुब्बालगायत सामान्य कर्मचारीहरूको तामझाम र टोपी खस्ने आलिसान महल हेरेर नै उनीहरूका हाकिमहरूको पनि इमानदारिता बुझ्न गाह्रो पर्दैन।

धेरैअघिका कुरा त यो जाबोले के भ्याउँथ्यो र ! तैपनि सुनेका, देखेका र भोगेका केही घटनाहरूमा इमानदारिता खोज्न थालेँ । महाकाली सन्धिमा निहुरिएको मुन्टोदेखि कालापानी, लिपुलेक, लिम्पियाधुरासहितको चुच्चेनक्साको सवालमा बाघको गर्जनभित्रको म्याउ र अयोध्याको रोदन पनि देखियो। राष्ट्रको ढुकुटी दोहन गराएर अरबौँको पाठ्यपुस्तक छपाउने र रछ्यानमा फ्याकेर राष्ट्रवादी दरिएको पनि देखियो । भ्रष्ट्राचारीको अनुहारै नहेर्ने तर काखैमा सुताएर संरक्षण गर्दै इमानदारलाई पाखा लगाएको पनि त देखियो। धमिजादेखि वाईडबडी, मेलम्ची, यति, ओम्नी, बालुवाटार, सेक्युरिटी प्रेसलगायत विभिन्न राष्ट्रिय लगानीका ठेक्कापट्टाभित्रको चलखेल र कमिसन पनि देखियो। अनि देखियो, मदन भण्डारी र दरबार हत्याकाण्डका हत्यारा पत्ता लगाउने सवालमा देखाएको बेवास्ता पनि । जनयुद्धका सहिद, बेपत्ता योद्धा परिवार र घाइते योद्धाको व्यवस्थापनमा होस् या कुमार पौडेलको हत्याभित्र लुकेको इमानदारिता पनि देखियो। संविधानको धज्जी उडाउँदै आस्थामा लगाएको प्रतिबन्ध पनि देखियो । कवि, लेखक, कलाकारलगायत सामान्य जनतालाई बिनाकारण गिरफ्तार गरेर थुन्ने र आस्था परिवर्तन गराउन दिइएको दबाब पनि देखियो । उपचार गराइरहेका सामान्य नागरिकलाई अस्पतालको शय्याबाटै गिरफ्तार गरी विभिन्न झुटा मुद्दा लगाएर न्यायालयले दिएको आदेशको अवहेलना गर्दै जिल्ला-जिल्ला दौडाउने र मानव अधिकारको पूर्ण उल्लङ्घनको कुरूप दृश्य पनि त देखिएकै छ। कोरोना महामारीका विरुद्ध जनताले देखाएको सजगता र हुटहुटीलाई एकातिर पन्छाएर सरकारमा रहेकाको छलकपट र कमाउधन्दामा राम्रै 'इमानदारिता' छ्याङछ्याङ्क्ति देखिएकै छ।

न मैले राजनीतिक पार्टी बुझ्न सकेँ, न राजनीतिक पार्टीहरूले मलाई बुझ्न सके, न त मैले राजनीति नै बुझेँ। राजनीतिज्ञहरूको दाउपेच झन् कता हो कता ! सायद नेताले अह्राएको हरेक राम्रा-नराम्रा सबै कामको चुपचाप समर्थन गर्नु, भ्रष्टाचारलाई समृद्धि ठान्नु, नेताका कटुवचनलाई आशीर्वाद मान्नु नै इमानदारी त होला ! यहाँ नेता र पार्टीगत स्वार्थलाई नै उपलब्धि मान्न सके राजनीतिमा इमानदार भइने रहेछ। आजको जमानामा खराबलाई खराब भन्ने कसरी इमानदार हुन सक्छ ! राजनीतिमा इमानदार

... बाँकी ७ पेजमा

इमानदार ....

हुनका लागि 'हो', 'छ', 'हुन्छ', 'हस्' भन्दा अरू शब्द बिर्सिदिन सक्नुपर्ने रहेछ ! तर के गर्नु नचाहँदा-नचाहँदै पनि मुखबाट 'होइन', 'छैन', 'हुँदैन' फुत्किहाल्छ । मलाई पक्का विश्वास भयो, म राजनीतिक पार्टी र नेताहरूका लागि इमानदार हुनै सक्दिनँ ।

काम पाउने आसामा खुसी हुनुको साटो म के-के हो के-के पो सोच्न थालेछु । अनि आफैँदेखि रिस उठेर आयो । बूढापाकाले भन्ने गरेको सम्झैं, कुनै पनि कार्य गर्नुअघि सकारात्मक सोच बनाएर अघि बढ्यो भने काम पक्का बन्छ । यो कुरा मलाई सही लाग्यो । नानाथरी नसोची काम कसरी हात पार्ने, त्यहीबारेमा मनन् गर्न थालेँ । पढाइ कति चाहिने हो, अनुभव पनि त खोज्लान्, कस्तो काम होला ! विज्ञापनमा नै सबै खुलाइदिएको भए पनि त हुन्थ्यो ? मनले पटक्कै माने पो, काम त चाहिएकै छ । यो काम जसरी भए पनि हात पार्नैपर्छ ! पुनः फोन गरेँ ! घन्टी गयो, नेपाल टेलिकमले कोरोनासम्बन्धी जनहितको सन्देश सुनाइरह्यो तर फोन उठेन । शनिबार भनेर थाहा पाउँदा पाउँदै पुनः किन फोन गर्नू, आफैँलाई धिक्कारेँ ।

विज्ञापनमा इमानदार कामदार चाहियो भनेको छ । इमानदार नहुने हो भने काम कहाँ पाइन्छ र ! इमानदार त हुनैपर्छ । इमानदार भएर नै काम गर्ने अठोट गरेँ । हुन त म कहिले पो बेइमानी थिएँ र ! आफैँसित गन्थन-मन्थन गर्दै योजना बनाएँ, भोलि कार्यालय खुल्नेबित्तिकै फोन गर्छु, कार्यालयमा नै गएर चिप्लोचाप्लो घसेरै भए पनि काम हात पार्छु र साहुले अह्राएको काम इमानदारीपूर्वक गर्छु ।

फेरि पनि ढुक्क हुन कहाँ सकिन्थ्यो र ! साहुले केका लागि कामदार खोजेका हुन् ? कस्तो काम लगाऊलान् ! राम्रो काम अह्राए त ठिकै छ, खराब काम अह्राए भने के गर्ने ! साहुजीलाई त मेरो माध्यमबाट पैसा कमाउनु छ । उनले त जस्तो पनि काम लगाउन सक्छन् । बदनामी र सङ्कट त मलाई आइपर्छ । म चाहेर पनि उनले अह्राएको खराब काम गर्न सक्दिनँ । साहुले अह्राएको काम नगरेपछि म कसरी इमानदार हुन सक्छु !

म आफूलाई इमानदार नै छु जस्तो लाग्थ्यो । के म इमानदार छु त ? अहिलेसम्म इमानदारीपूर्वक नै सबै काम गरेँ त ! आफैँमाथि शङ्का लागेर आयो । इमानदार केलाई भन्ने ? मैले कुनै अनुचित कार्य त गरेको छैन र गराएको पनि छैन । तर, उचित कार्य गराउन पनि कर्मचारीहरूलाई टेबुलमुनिबाट पैसा दिएको छु । आफूले गरेको मिहिनेतको पारिश्रमिक लिँदा सम्बन्धित कार्यालयका कर्मचारी र बिचौलियालाई कमिसन नदिई पारिश्रमिक नआउने भएपछि केही रकम छुट्याएर दिनुपरेको तितो यथार्थ धेरैपटक व्यहोरेको छु । कुनै गैर-कानुनी काम नगरे पनि घुस र कमिसन दिने मान्छे कसरी इमानदार हुन सक्छ ? अनि खासमा म आफैँप्रति शङ्का लागेर आयो । म कसरी इमानदार हुन सक्छु । यदि म इमानदार हुँदो हु त मैले नगरेको कामको अपजस र नगरेको अपराधको सजाय पाउँथेँ त !? म देश, जनता र समाजप्रति गद्दारी गर्न सक्दिनँ । आफ्नो आस्थालाई बन्धकी राखेर छलकपट, बेइमानी गर्न र झुटो बोल्न पनि सक्दिनँ, त्यसैले उनीहरूका लागि म इमानदार हुनै सक्दिनँ । अहिले चलिआएको राज्यव्यवस्था, यहाँका ठुला-ठुला राजनीतिक पार्टी र कामदाताहरूको हाँमा हाँ मिलाउँदै मुन्टो निहुऱ्याएर काम पाउने इच्छा ममा रहेन । सोच्दा-सोच्दै अब मैले काम नपाउने पक्काजस्तै भयो । खम्बामा टाँसिएको विज्ञापनलाई पुरै बिर्सिने निधो गरेर इमानदार कामदाताको खोजीमा लागेँ ।

सेना पुलिसको हतियार ....

बेपत्ता परिवारले आ-आफ्नो धारणा राख्नेक्रममा विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीलाई क्रान्तिको बाँकी कार्यभार पूरा गर्ने जिम्मेवारी रहेको र नेकपाप्रति विश्वस्त रहेको उल्लेख गरेका थिए ।

कार्यक्रममा बोल्नेक्रममा कास्की जिल्ला बेपत्ता परिवार समाजका अध्यक्ष अणनाथ बरालले विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीलाई शुभकामना दिँदै सचेतताका साथ अघि बढ्न आग्रह गरे । यसैगरी, राज्यद्वारा बेपत्ता पारिएका पूर्ण पौडेलको आमा मोतिमाया पौडेलले भावुक हुँदै विप्लवलाई खुट्टा नकमाउन अपिल गर्नुभयो । अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य प्रकाश बास्तोलाले सञ्चालन गरेको उक्त कार्यक्रममा कास्की जिल्ला सेक्रेटरी विश्वासले अध्यक्षता गरेका थिए ।

पत्रकार महासंघको ....

उदय जिएम, क्रान्तिकारी पत्रकार महासंघको तर्फबाट कार्यवाहक अध्यक्ष नारायण पंगेनी र प्रेस नेपालको तर्फबाट केशव अर्यालको संयुक्त हस्ताक्षरितमा जारी वक्तव्यमा नेपाल पत्रकार महासङ्घको निर्वाचनलाई सहमतीय प्रणालीबाट सम्पन्न गर्न सरोकारवाला सबै पक्षसित अपिल गर्दै विभिन्न पाँच बुँदे सहमतिको आधारमा पत्रकार महासंघको आसन्न निर्वाचनमा सहकार्य गर्न सहमत भएको उल्लेख छ ।

४ पत्रकार संगठनको संयुक्त वक्तव्यको पूरा पाठ-

हामी तपसिलका विषयहरूमा निम्न लिखित सङ्गठनहरू नेपाल पत्रकार महासङ्घको आसन्न निर्वाचनमा सहकार्य गर्न सहमत भएका छौँ :

१. श्रमजीवी पत्रकारहरूको हकहितको पक्षमा विगतदेखि आन्दोलनरत रहँदै आएका हामी पत्रकार सङ्गठनहरूबिचको विगतको सहकार्यलाई आसन्न निर्वाचनको क्रममा निरन्तरता दिन प्रतिबद्ध छौँ ।

२. नेपाल पत्रकार महासङ्घको सबै तहका संरचनाहरूमा वैचारिकलगायत विभिन्न जाति, भाषा, क्षेत्र र लैङ्गिक रूपमा साझा र समावेशी हुने गरी सबै क्रियाशील सङ्घ-सङ्गठनको प्रतिनिधित्वको सुनिश्चितताका लागि सम्बन्धित सबै पक्षसित अपिल गर्दछौँ ।

३. पत्रकारहरूको पेसागत एवम् भौतिक सुरक्षाका लागि सम्बन्धित निकायलाई पहल गर्न र खबरदारी गर्न आह्वान गर्दछौँ ।

४. प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको ग्यारेन्टीका लागि सम्बन्धित निकायमा दबाब सृजना गर्दै प्रेस स्वतन्त्रताविरोधी कानुनहरूको खारेजीको माग गर्दछौँ ।

५. नेपाल पत्रकार महासङ्घको निर्वाचनलाई सहमतीय प्रणालीबाट सम्पन्न गर्न सरोकारवाला सबै पक्षसित अपिल गर्दछौँ ।

गणतान्त्रिक खेलकूद ....

विकासमा महासंघले आयोजना गर्ने कार्यक्रमको महत्वपूर्ण भूमिका रहने बताउनुभयो । महासंघका केन्द्रीय उपाध्यक्षको स्वागत मन्तव्यबाट सुरु भएको कार्यक्रमको सञ्चालन महासंघका महासचिव विनोद चन्दले गर्नुभएको थियो ।

धनगढीमा रणनीतिक ....

गरेको बताए । प्रतिबन्ध लगाएर सरकारले आफैँले बनाएको संविधानलाई च्यात्ने मात्र हैन, फासिवादी चरित्र प्रदर्शन गरेको छ । दुईतिहाइ बहुमतको सरकार भ्रष्टाचारमा चुर्लुम्म डुबेको उनको भनाइ थियो । संसार कोरोना भाइरसले आक्रान्त भएका बेला सरकार कोरोना नियन्त्रणमा नभएर भ्रष्टाचार गर्न उद्यत भएको उनको भनाइ थियो । सरकारले भ्रष्टाचार गर्नकै लागि सेटिङमा ओम्नी ग्रुपलाई महङ्गोमा ठेक्का दिएको दाबी गरे ।

नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) का स्थायी समिति सदस्य रामसिंह श्रीसले संसदवादीहरू कुर्सीको लडाइँमा सडकमा ताण्डव प्रदर्शन गरिरहेको भन्दै संयुक्त रणनीतिक मोर्चा जनताको अधिकार रक्षाका लागि सडकमा आएको दाबी गरे । उनले भने यी जनता कसैलाई सरकारमा चढाउन र ढलाउन आएका हैनन्, यी जनता आफ्नो अधिकारका लागि आएका हुन्, उनले भने । सरकारले भ्रष्टाचारी र संरक्षण गरिरहेको मात्र छैन, एमसीसीको नाममा राष्ट्रघातसमेत गरिरहेको उनको भनाइ थियो । लिपुलेक, लिम्पियाधुरा र कालापानीको नक्सा प्रकाशन गरेर राष्ट्रवादी देखिन खोजेको सरकारले लिपुलेकको नक्सा प्रकाशित पुस्तक रोकेर दलाल चरित्र प्रदर्शन गरेको उनको भनाइ थियो । माथिल्लो कर्णाली, अरुण तेस्रो भारतलाई सुम्पिने 'रअ' प्रमुखसामु लम्पसार पर्ने सरकार कसरी राष्ट्रवादी ? उनको प्रश्न गरे । महँगी, कृत्रिम अभाव, कालोबजारीले जनताको जीवन कष्टकर बन्दै गइरहेको भन्दै सरकार कालोबजारीलाई कारवाही हैन संरक्षण गरिरहेको उनको आरोप थियो ।

त्यसैगरी, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीका अध्यक्ष विश्वभक्त दुलाल आहुतिले वर्तमान सरकार दलाल पुँजीवादीहरूको सरकार भएको बताउँदै यसले भ्रष्टाचारीहरूको संरक्षण गरिरहेको दाबी गरे । राष्ट्रघात र भ्रष्टाचारको विरोध गर्दा नेकपालाई प्रतिबन्ध लगाएको भन्दै जनताले राष्ट्रघाती र भ्रष्टाचारीलाई बहिष्कार गर्न अनुरोध गरे । राष्ट्रघात र जनघातविरुद्ध रणनीतिक मोर्चामार्फत सशक्त आन्दोलनको आँधीबेहरी सृजना गर्ने उनको भनाइ थियो । संसद् पुनर्स्थापना वा विघटनले जनताको समस्या समाधान नगर्ने भन्दै वैज्ञानिक समाजवादका निम्ति संघर्ष आजको आवश्यकता भएको बताए ।

जनसभालाई सम्बोधन गर्दै नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष ऋषि कट्टेलले सरकारले संविधान विपरीत विप्लव नेतृत्वको नेकपालाई प्रतिबन्ध लगाएको भन्दै प्रतिबन्ध हटाउन माग गरे । यो सरकारले पञ्चायतको झल्को दिने गरी जनताको बोल्न पाउने अधिकारमाथि बन्देज लगाएको भन्दै उनले आक्रोश व्यक्त गरे । उनले भने- के यो पञ्चायत हो ? इतिहासमा तानाशाहलाई जनताले आन्दोलनबाटै हराएको स्मरण गर्दै आफुहरू पनि दलाल संसदीय व्यवस्थाको अन्त्य गरी वैज्ञानिक समाजवाद स्थापना गर्न रणनीतिक संयुक्त मोर्चा निर्माण गरेर संघर्षमा आएको बताए । वर्तमान केपी सरकार करोडौँका भ्रष्टाचारका काण्डमा संलग्न रहेको बताउँदै भ्रष्टाचारीलाई कारवाही गर्न माग गरे ।

सभामा रणनीतिक संयुक्त मोर्चाका केन्द्रीय सदस्य पुर्णबहादुर सिंहले सम्पूर्ण देशभक्त, प्रगतिशील तथा समाजवादी शक्ति एकजुट हुनुपर्ने बताए । उनले वर्तमान सरकारका कारण राष्ट्रियता इतिहासमै सबैभन्दा कमजोर भएको बताए । राष्ट्रियताको रक्षाका निम्ति सम्पूर्ण देशभक्त राष्ट्रवादीहरू एक जुट भएर लाग्नुपर्ने उनको भनाइ थियो । आफूलाई राष्ट्रवादी भन्ने केपी ओली सरकारले एमसीसीको नाममा अमेरिकी सेना भित्र्याउन खोजेको भन्दै त्यसको खारेजीका निम्ति पनि रणनीतिक मोर्चाले संघर्ष गर्ने बताए । केपी ओलीले भारतीय खुफिया एजेन्सी 'रअ' प्रमुखलाई मध्यरातमा बालुवाटारमा स्वागत गरेर आफ्नो दलाल चरित्र प्रदर्शन गरेको उनको भनाइ थियो । जनसभाको अध्यक्षता गरिरहेका समाजवादी राष्ट्रिय मञ्चका अध्यक्ष देवीदत्त पाण्डेले निर्मला पन्तको हत्यारालाई सरकारले नै संरक्षण गरिरहेको भन्दै भागीरथी भट्टको हत्यारा भनेर सार्वजनिक गरिएको १६ वर्षको किशोरले कसरी एक्लै बलात्कार र हत्या गर्न सक्यो भनेर प्रश्न गरिरहेको भन्दै निष्पक्ष छानबिनको माग गरे ।

सहिद परिवार भन्छन् ....

घोषणा गरियो र नेपाल नयाँ परिवेशमा प्रवेश गऱ्यो । तर, बलिदानबाट प्राप्त गणतन्त्रमाथि फेरि प्रश्न उठ्यो । अर्थात् गणतन्त्रले जनतामा आधारभूत परिवर्तन गर्न सकेन । नेतृत्व सत्तामा पुग्यो तर सहिदका सपनाहरू अलपत्र भए ।

तत्कालीन नेकपा (माओवादी) नेतृत्वमा जनयुद्ध सुरु भएको दुई हप्तामै अर्थात् फागुन १४ गते गोरखामा प्रहरीले ११ वर्षीय विद्यार्थी दिलबहादुर रम्तेलको हत्या गऱ्यो । गोरखा पन्द्राङका रम्तेल प्रहरीले गिरफ्तार गरेका शिक्षकलाई छुटाउन धर्नामा सहभागी भएका थिए । जनयुद्ध घोषणा भएपछि पहिलोपटक राज्यपक्षले रम्तेलको हत्या गरेको थियो । तत्कालीन माओवादीले रम्तेल हत्यादेखि झापा विद्रोहसम्मका सहिदहरूको स्मरणमा फागुन १४ देखि २१ गतेसम्मलाई 'सहिद सप्ताह' को रूपमा मनाउँदै आएको छ ।

नेकपा पुनर्गठन भएपछि कुमार पौडेल, नीरकुमार राई, गोकुल राना मगर, सनराइज, विष्णु भण्डारी, दीपेन्द्र, प्रज्वल, राजेश, रामकुमार श्रेष्ठ, तीर्थ घिमिरे र धनरूप बटाला गरी ११ जनाको सहादत भइसकेको छ । अहिले नेकपाले देशभर सहिद सप्ताहलाई निरन्तरता दिँदै सहिद बेपत्ता परिवारलाई भेटघाट र सम्मान गरिरहेको छ । सहिद सप्ताहको सन्दर्भमा नेकपाका महासचिव विप्लवले भन्नुभएको छ, "महान् जनयुद्ध र एकीकृत जनक्रान्तिमा नयाँ जनवाद-वैज्ञानिक समाजवाद-साम्यवादको महान् आदर्श र लक्ष्यका लागि जसले बलिदान गरे, सहिद सप्ताह उनीहरूको गाथासँग जोडिएको छ । पुँजीवादी सत्ताको अन्त्य हुँदै जानेक्रममा महान् सहिद तथा बेपत्ता योद्धाहरूको इतिहास अझै चम्किलो बन्दै जानेछ", (बलिदान गाथा) । सहिदहरूले गरेको योगदानबारे महासचिव विप्लव भन्नुहुन्छ, "सहिदहरू साम्यवादको सफलतासँगै इतिहास निर्माताको रूपमा स्थापित हुनेछन् । आज सहिद तथा बेपत्ता योद्धाहरूका सपनामाथि हमला र घात भएको छ । तर सहिदका सपनाहरू आकाशमा चम्किने ताराजस्तै हुन्, जसलाई कसैले छोप्न सक्दैन ।"

के भन्छन् सहिद परिवार ?

जनक्रान्तिका महान् सहिद बेपत्ता परिवार संगठन लुम्बिनीका संयोजक जया पौडेल भन्छन्, "राज्यले जनयुद्धका सहिद परिवारलाई द्वन्द्वपीडित भनेर अपमान गरेको छ । हाम्रा सहिदहरूले गरिबहरूको मुक्तिका लागि सहादत गरेका थिए । तर, हामीलाई द्वन्द्वपीडित भनेर अपमानित गरिएको छ । हामीलाई सहिद परिवारको दर्जा दिइयोस् । राज्यबाट पाउने सुविधा पाउनुपर्छ । संसदीय व्यवस्थाका लागि सहिदहरूले रगत बगाएका थिएनन् । सहिदहरूका रगतमाथि अपमान गरिएको छ । सहिदहरूको सपना पूरा भएका छैनन् । त्यसका लागि फेरि एकपटक सहिदका सपना पूरा गर्नका लागि नेपालमा ठूलो क्रान्ति आवश्यक छ ।"

जनयुद्धमा एकै वर्ष दुई छोराहरू दुर्गा र किरणलाई गुमाएका बासगढीकी तुलसा पाण्डे भन्छिन्, "सहिदहरूले जे भनेर युद्धमा सहभागिता भएका थिए र बलिदान गरेका थिए, ती सपनाहरू पूरा भएका छैनन्, यतिखेर सहिदहरूको सपना अलपत्र परेको छ । यसको सबैभन्दा धेरै पीडा हामी सहिद परिवारले भोगेका छौँ । सहिदका सपना पूरा गर्नेपर्छ ।"

२०५९ कात्तिक १० गते तत्कालीन नेकपा माओवादी नवलपरासीको जिल्ला समीक्षा-बैठक अमरोड गाविस पर्सावलमा बसिरहेको थियो । बैठक बसिरहेको बेला सेनाले घेरा हाल्यो । सुराकीका कारण सेनाले घेरा हालेर एकैस्थानमा ११ जनामध्ये ९ जनाको नवलपरासी जिल्लास्तरीय नेताहरूको निर्ममतापूर्वक हत्या गऱ्यो । त्यसमध्ये थिए-बालसिंह काउचा मगर । काउचाको सहादत भएको अहिले १८ वर्ष पुग्यो । काउचाकी श्रीमती माया भन्छिन्, "तत्कालीन माओवादीका धेरै नेताहरू प्रधानमन्त्री, मन्त्री, सांसद भए, तर श्रीमानको सपनाहरू पूरा भएन । जनयुद्धमा धेरैले रगत बगाए, अहिले हामीले जीविकोपार्जन गर्नसमेत मुस्किल परिरहेको छ ।" रूपन्देही रूद्रपुरकै इन्दिरा सुवेदी पनि सहिदका सपना अलपत्र पारेर पार्टी फुटेको देख्दा दुःख लागेको बताउँछिन् । एक छोरा यमबहादुर विक र छोरी मनकुमारी विकलाई गुमाएकी पूर्णकुमारी विकले गहभरि आँसुसहित प्रचण्ड-बाबुरामबाट सहिदको सपना पूरा हुने विश्वास नभएको बताइन् । रूद्रपुरकै सहिद परिवार शङ्खप्रसाद घर्तीले सहिदका सपना पूरा भइदिए खुसी हुने बताए । उनले अबको क्रान्तिमा सहिद र सहिद परिवारका सपनालाई धोका दिन नहुने बताए ।

जनयुद्धकाकालमा रूपन्देहीको दक्षिण मधेसका स्थानीय जनप्रिय नेता सपातु यादवको हत्या भएको पनि १० वर्षभन्दा बढी भएको छ । स्थानीय प्रतिकार समितिद्वारा हत्या गरिएका सहिद सपातुका बुबा बेकारू यादव भन्छन्, "मधेसमा गरिबीको अवस्था उस्तै छ । अहिले नयाँ राजाहरू आएका छन् । उनीहरूलाई मुक्त नगर्दासम्म मधेस शान्त हुँदैन ।" रूपन्देहीकै गैडहवाकी राधिका पौडेलकी श्रीमान पिताम्बर पौडेलको २०६१ असार २२ गते सेनाले घेरा हालेर हत्या गऱ्यो । तीन छोरी रहेकी राधिकाले श्रीमानहरूको सपना पूरा नभएको भन्दै घरको पारिवारिक अवस्था कमजोर रहेको बताइन् । एउटा मृगौला फेल भएर उपचार गर्दै आएकी राधिकाले परिवारमा आर्थिक हिसाबले साथ दिने नभएको बताइन् । उनले आफ्नो शरीरको घाउभन्दा सहिदका सपना पूरा नभएको घाउ ठूलो भएको बताइन् । उनले सहिदका सपना पूरा नगर्दासम्म शान्ति नहुने बताइन् । सूर्यपुरास्थित शुकराज लोधको अवस्था पनि उस्तै छ । उनका छोरा चौथीविक्रम लोधलाई जनयुद्धकालमा सेनाले हत्या गरेको थियो । लोधको पारिवारिक अवस्था पनि निकै कमजोर छ । उनी भन्छन्, "नेता लोक सब बदलगिया, मकर हम उही हैँ ।"

२०६० वैशाख २८ गते गुल्मीको ठूलो लुम्पेक सत्यवतीमा कलाकार मनोज तरामु मगरलाई सेनाले हत्या गऱ्यो । उनलाई तत्कालीन शाही सेनाको ठूलो समूहले घेरा हालेर लखेटी-लखेटी निर्ममतापूर्वक हत्या गरेको थियो । मनोजको हत्याले गाउँ नै स्तब्ध भयो । सहिद मनोजका बुबा नरबहादुर तरामु भन्छन्, "छोराहरूले देशका लागि रगत बगाए, तर उनीहरूको लक्ष्य पूरा हुन पाएनन् । नेताहरूले विश्वासघात गरे ।" माओवादी जनयुद्धकालमा पाल्पा जनसरकार प्रमुख थिए केवल गाहा मगर । २०५८ साल पुस ४ गते तत्कालीन सरकारले आफ्नै घरमा बसिरहेको बेला सेनाले घेरा हालेर निर्ममतापूर्वक हत्या गऱ्यो । अहिले सहिद केवल गाहा मगरको सहादत भएको १९ वर्ष पुगेको छ । तर, उनका परिवारलाई द्वन्द्वपीडितको नाममा दिएको आर्थिक सहयोगबाहेक अरू केही नगरेको परिवारको गुनासो छ ।

सहिद केवल गाहा मगरकी बहिनी सीता गाहा मगर र सुशिला गाहा मगर एउटै स्वरमा भन्छिन्, "हाम्रा सहिदहरूका सपना पूरा भएका छैनन् । राज्यबाट सहिद परिवारले पाउने सुविधाहरू पाउन सकेका छैनौँ । सहिद परिवारलाई राज्यले द्वन्द्वपीडित भनेर अपमानित गरेको छ ।" सहिद केवल गाहा मगरकै दाजु उमानसिंह गाहा मगरले पनि उही कुरा दोहोऱ्याए । उनले भने, "जनताको मुक्तिका लागि सहिदहरूले रगत बगाए तर माओवादीहरू आफैँ टुक्रा-टुक्रा भएर सहिदका योगदानलाई बिर्सिए । सहिदका सपनाहरूमाथि अपमान गरियो ।"

नेपालमा माओवादी जनयुद्धको सपना पूरा भएको छैन । जनताका आधारभूत समस्याहरू कत्ति पनि बदलिएका छैनन् । 'उडायो सपना हुरीले' भनेजस्तै शान्ति सम्झौताको नाममा प्रतिक्रान्तिका हुरीहरूले उडाएका श्रमजीवीहरूको सपनाहरूलाई पूरा गराउन योगदान गर्नु अहिलेको आवश्यकता हो । अझ भन्नुपर्दा महान् सहिदहरूलाई सम्झिनुको साँचो अर्थ पुँजीवादले थोपरेका विभ्रमलाई अन्त्य गर्दै उदात्त समाज निर्माणका लागि उनले देखेका सपनाको यात्रा गर्नु हो ।

महान् जनयुद्ध थालनीका ....

जाऊँ भन्न थाल्नुभयो । केही हुँदैन, बरु मनको डर भाग्छ, आँट गरेर जानुस् भन्दा हुन्छ भनी जानुभयो । काम पनि भनेजस्तै गर्नुभएछ । भूत पनि फेला परेनछ त्यस दिन । भए पो फेला पर्नु हगि ! बरु मनको भय अन्त्य भयो होला । हामी भने बडो गौरवका साथ आ-आफ्नो कमान्डको क्षेत्रमा रातभर प्रचारात्मक काममा व्यस्त भयौँ । नयाँ जनवादी राज्यसत्ता स्थापना गर्न जनयुद्धको बाटोमा अघि बढौँ ! भन्ने मूल नाराअंकित उद्दात्त भावभङ्गीको पोस्टर टाँस्दा ओहो दिलदिमागभरि के कति मृदल सपना असरल्लै लुकामारी गरिरहेको त्यो पल के बताऊँ । गर्वले छाती ढक्क फुलेको क्षणले दिलदिमागको बास सित्तै कहाँ छोड्ला र । अँ, एउटा भिराइलो ठाउँमा हिँड्दै थियौँ, खम्रक्कको आवाज के आएको थियो, एउटा तन्नेरी त टाप । अब गडबडी खाएन त ! टर्च नबाल्ने नियम बनाएका थियौँ । मोबाइलको जमाना पनि हाम्रोसम्म पुगिसकेको थिएन । सिट्ठीको सहाराले उहाँलाई भेट्टाइयो । हाम्रो अड्कल बाघ हुन सक्छ भन्ने लाग्यो । धारिलो सिरूपाते खुकुरी हातमा समातेर हिँडियो । झम्टन आएमा छप्काउने रे ! हाम्रो अल्लारे आँट । तर पहाडमा त्यसरी मानिसमा बाघ झम्टन आउनेखालका हुँदैनन् भन्ने कुराको सचेतना भैदिएको भए एक्लै भाग्ने योजना बन्दैनथ्यो होला । मनको बाघ ब्युँझियो भने बित्यासै पार्दो रहेछ । फेरि अघि बढ्यौँ, खास्सखुस्स समीक्षा गरेर । भूपू अध्यक्षको घरमा पुगेर उनी सुत्ने कोटाको प्वालमा छिरायौँ

पर्चा, टाँस्यौँ घरको भित्तामा वीररसयुक्त जाज्वल्यमान पोस्टर । त्यसबेलाको हाम्रो चेतनाले गर्न सक्ने साहसिक काममा गनिन्थ्यो उक्त कार्य । किनभने, उहाँहरू बाबुसाहेब हुनुहुन्थ्यो । अझ निम्छराहरू राजासाहेब भन्थे । उहाँहरूको सामन्ती चकचकी र रवाफ सामान्य हुँदैनथ्यो । त्यस सफलतापछि झन् फुर्ती जाग्यो । छपक्क उज्यालो हुने बेलासम्म काम गऱ्यौँ । २०५२ साल फागुन १ गतेको फरकखाले नयाँ बिहान । सरगर्मीपूर्ण वातावरण । रेडियो साथमा हुन्थ्यो । सामाचार त अलि बेग्लैखालको । तरङ्ग नफैलिने कुरै थिएन । त्रिवेणीलगायतका चौकीमा हमलाको समाचारले हामी पञ्चायतकालीन बबुराहरूलाई आश्चर्यचकित नपार्ने कुरै भएन । कमरेडहरूलाई आ-आफ्नै घरजङ्गलतिर सुरक्षित हुन भनियो । म भने दाजुहरूका कारण एक्लै रहनुपर्ने अवस्था आइलाग्यो । मेरा बुबाले रिझाएको गाउँको जङ्गलमा पुगेँ । रातभरको अनिंदो, दिनभरको भोको पेट तर कुनै गुनासो रहेन । आनन्दै लाग्यो, नयाँ अनुभूतिको आस्वादनमा डुबुल्की मार्न पाउँदा । बेलुकीपख बुबाको यादगर मानिसको घरमा पुगेर सबै कुरा गरेपछि उहाँहरूले साथ दिनुभयो । सहजता पैदा भयो । भूमिगत जिन्दगीको त्यो कठोर दिनचर्या सम्झँदा उदेक लागेर आउँछ । दुःखले स्पात अनि प्रेमले उत्साहित बनाउने जेनी मार्क्सको युक्ति कति सान्दर्भिक छ हगि ! तर मेरा दाजुहरूप्रति कुनै गुनासो छैन । किनभने त्यस्ता खाले घटनाक्रमको बढोत्तरी भैराख्यो क्रान्तियात्राभरि । परन्तु, उद्दात्त भावको सामु लघुताभाष, निम्छरोपन, काँतरताको अस्तित्व फिक्का बनेरै बिलाउँदो रहेछ । मानव इतिहास त गर्न सक्ने र जित्न सक्नेको पो बन्दो रहेछ । अथक यात्रीहरू मात्र लक्ष्यमा सगौरव पुग्न सक्दा रहेछन् । आज भीषण क्रान्ति र प्रतिक्रान्तिका क्षण खेप्दै एकीकृत जनक्रान्तिको अनवरत यायावर बन्न पाउनुको मजा बेग्लैखाले बनिरहेको छ । क्रान्तिलाई जीवनज्योतिको रूपमा आलिंगन गर्न पाउँदाको चरमानन्द नै आज मेरा लागि क्रान्ति ऊर्जा बनिरहेको छ । इमान भने मेरा आमा बुबाको जेनेटिक गुण हो । आज महान् जनक्रान्तिको यात्रा सगरमाथाको चुचुरोमा विजयोल्लास ध्वजा फहराउन आतुर छ । तसर्थ, ती महान् एनिसेटिभमा लामबन्दी कमरेडहरूप्रति हार्दिक अभिवादन र सम्मान छ । कालबस्तीलाई हामी मूर्ख तन्नेरीहरूले लालबस्तीमा बदलेरै छाड्यौँ । क्याबात ! रेडस्याल्युट ती हाम्रा रक्तिम पदचाप परेका महान् आधारबस्तीहरूलाई । शिरोधार्य अनि श्रद्धासुमन हाम्रै समाजका नायक महान् सहिद, बेपत्ता, घाइते योद्धाहरूलाई महान् जनयुद्धको २६ औँ वार्षिकोत्सवको यस पावन घडीमा ।

नेकपाका महोत्तरी-सर्लाही जिल्ला इन्चार्ज सुस्लिङ गिरफ्तार

काठमाडौं । नेपाल कम्युनिस्ट पार्टीका महोत्तरी-सर्लाही इन्चार्ज कमलबहादुर सुस्लिङलाई ओली-बादल गृह प्रशासनले गिरफ्तार गरेको छ । जनभेटघाटपछि हिँडिरहेको अवस्थामा इलाका प्रहरी कार्यालय गौशालाको प्रहरी टोलीले आइतबार साँझ गैरन्यायिक तरिकाले गिरफ्तार गरेको हो । प्रहरीले पत्राउ गरेका सुस्लिङलाई थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय महोत्तरीमा बुझाएको छ । सुस्लिङले महोत्तरीमा बसेर सर्लाहीमा चन्दा आतंक मच्चाएको प्रहरीले झुट आरोप लगाएको समाचारमा जनाइएको छ । यतिबेला नेपाल कम्युनिस्ट पार्टीका सयौँ नेता-कार्यकर्ता जेल-हिरासतमा छन् ।

अखिल (क्रान्तिकारी) द्वारा बर्दियामा संगठन विस्तार

बर्दिया । नेपाल कम्युनिस्ट पार्टीनिकट अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) बर्दियाले संगठन विस्तारमा जोड दिएको छ । अखिल (क्रान्तिकारी) बर्दियाका अध्यक्ष हरी प्याकुरेलको नेतृत्वमा विभिन्न विद्यालय तथा क्याम्पसहरूमा संगठन विस्तार गरेको हो । शिक्षा क्षेत्रमा भइरहेको निजीकरण, व्यापारिकरण र दलालीको सन्दर्भलाई विद्यार्थीसँग अन्तरक्रिया गर्दै संगठन निर्माण गरिरहेको संयोजक प्याकुरेलले बताए । बैतडीकी किशोरी भागीरथी भट्टको बलात्कार र हत्यामा संलग्नलाई कारवाहीको माग गर्दै प्रदर्शनको नेतृत्व गरेको संगठनले हत्या, हिंसा, बलात्कार र भ्रष्टाचारजस्ता सामाजिक विकृतिका विषयमा समेत विद्यार्थीहरूमा जनचेतना फैलाउने कामसमेत गरिरहेको उनले जानकारी दिए ।

रुकुम–पश्चिममा एकीकृत जनदिशा अभियान

काठमाडौं । नेपाल कम्युनिस्ट पार्टी रुकुम-पश्चिमले एकीकृत जनदिशा अभियानलाई रुकुम-पश्चिममा तीव्र पारेको छ । जनताका घरदैलोमा भेटघाट, विद्यालयहरूमा अन्तरक्रिया समिति गठन, जनवर्गीय संगठनका सम्मेलन, भेला गर्दै अभियानलाई जारी राखेको आठबिसकोट नगरपालिका सेक्रेटरी महेश बस्नेत 'तुफान' ले जानकारी दिए । अभियानलाई सफल पार्न सानो भेरी गाउँपालिका र चौरजाहारी नगरपालिकाको संयुक्त, आठबिसकोट नगरपालिका र बाँफिकोट गाउँपालिकाको संयुक्त, मुसिकोट नगरपालिका र त्रिवेणी गाउँपालिकाको संयुक्त अभियान सफल पार्न आ-आफ्नो कार्य क्षेत्रमा जिल्लाका नेता-कार्यकर्ताहरू जिम्मेवारीका साथ खटिएको जानकारी दिए । गत माघ ६, ७ र ८ गते आठबिसकोट नगरपालिकामा जिल्ला इन्चार्ज चन्द्रलगायत राप्ती ब्युरोका सदस्यसहितको सहभागितामा एकीकृत जनदिशा अभियान भव्यताका साथ उद्घाटन भएको थियो ।

रूपन्देहीमा अखिल नेपाल शिक्षक संगठनको जिल्ला सम्मेलन

काठमाडौं । अखिल नेपाल शिक्षक संगठन, रूपन्देहीको जिल्ला सम्मेलन सम्पन्न भएको छ । सम्मेलनमा नेपाल कम्युनिस्ट पार्टीका जिल्ला सदस्य श्याम सेन्चुरी, शिक्षक बेलप्रसाद शर्मा, रामजी आचार्य, अखिल नेपाल जनसांस्कृतिक महासंघका लुम्बिनी ब्युरो संयोजक खोमा तरामु मगर, अखिल (क्रान्तिकारी) का जिल्ला संयोजक इन्दु वली लगायतले सम्मेलन सफलताको शुभकामना व्यक्त गरेका थिए । सम्मेलनको उद्घाटन गर्दै संगठनका केन्द्रीय अध्यक्ष घनश्याम पाठकले शिक्षकहरूको पेसागत हकहितको लागि क्रान्तिकारी एवम् जनपक्षीय शिक्षकहरू एकजुट भएर अगाडि बढ्न अनुरोध गरे । प्रमुख अतिथि पाठकले बौद्धिक श्रमिकहरूले श्रमिकको पक्षमा आवाज उठाउनुपर्नेमा जोड दिनुभएको थियो ।

कार्यक्रममा शिक्षक संगठनका केन्द्रीय उपाध्यक्ष गुणाखर भट्टराईले शिक्षकहरूलाई पेसाप्रति इमानदार हुँदै आफ्नो वर्गको हितको लागि समेत ऐक्यबद्ध हुन आग्रह गरेका थिए । वक्ताहरूले नेपालको शैक्षिक तथा पेसागत आन्दोलनमा परिवर्तनका पक्षधर शिक्षक, कर्मचारीहरूको नेतृत्वदायी भूमिका खेल्दै आएको संगठनको इतिहासमा ३५२ शिक्षकहरूले सहादत प्राप्त गरेको प्रसङ्ग स्मरण गर्दै नेपालको राजनीतिक परिवर्तनमा शिक्षकहरूको महत्वपूर्ण योगदान रहेता पनि राजनीतिक नेतृत्वले शैक्षिक र पेसागत मुद्दाहरूको सम्बन्धमा भने उदासीनता देखाउँदै आएको भन्दै वक्ताहरूले शिक्षकहरूको बलिदानीपूर्ण योगदानलाई निरन्तर स्मरण गरिरहनुपर्ने कुरामा जोड दिएका थिए ।

जिल्ला सम्मेलनले रेशम चालिसेको अध्यक्षतामा २१ सदस्यीय जिल्ला समिति चयन गरेको छ । सम्मेलनबाट उपाध्यक्ष अर्जुनप्रसाद पौडेल, सचिव दीपक बन्जाडे, सहसचिवमा शेरचन्द्र गिरी, कोषाध्यक्षमा कृष्णप्रसाद पौडेलसहित २५ सदस्यीय जिल्ला समिति निर्वाचित गरेको छ । समितिलाई रामजी आचार्यको संयोजकत्वमा बनेको निर्वाचन मण्डलले निर्वाचित गरेको थियो । संगठनका जिल्ला अध्यक्ष रेशम चालिसेको अध्यक्षता र सचिव झलकप्रसाद पौडेलको संचालनमा सम्पन्न भएको कार्यक्रममा स्वागत मन्तव्य उपाध्यक्ष अर्जुन पोखेलले राखेका थिए । सम्मेलनमा विभिन्न भूमिकामा रही योगदान पुऱ्याएका ६ जनालाई सम्मानसमेत गरिएको समाचारमा जनाइएको छ ।

अखिल (क्रान्तिकारी), सुर्खेतले छात्रा सुरक्षाको माग गर्दै बुझायो ज्ञापनपत्र

सुर्खेत । नेपाल कम्युनिस्ट पार्टीनिकट अखिल (क्रान्तिकारी), सुर्खेतले छात्राहरूलाई आत्मसुरक्षा तालिमको माग गर्दै सबै स्थानीय तहमा ज्ञापनपत्र बुझाएको छ । देशव्यापी रूपमा महिला हिंसा, बलात्कार र हत्याका शृत्त लाबद्ध घटनाहरू घटिरहेको त्यस्ता घटनाको प्रतिरोधका लागि महिलालाई शारीरिक रूपमा समेत सशक्त हुनुपर्ने भन्दै आत्मरक्षा तालिम प्रदान गर्नुपर्ने माग गरेको हो । वीरेन्द्रनगर नगरपालिकामा ज्ञापनपत्र बुझाउँदै सुर्खेत जिल्ला संयोजक तुलराज तिरुवाले महिला अधिकार र सशक्तीकरणको अवस्था कमजोर रहेको भन्दै वीरेन्द्रनगरका सबै टोल-टोलमामहिलालाईआत्मरक्षासम्बन्धी सचेतनासहित तालिम सञ्चालन गर्न माग गरे । अखिल (क्रान्तिकारी) को केन्द्रीय कार्यक्रमअनुसार सबै स्थानीय तहमा ज्ञापनपत्र बुझाइएको भेरी-कर्णाली ब्युरो सदस्य लोकेश जोशीले जानकारी दिए ।

अखिल (क्रान्तिकारी) ले जिल्लाका विभिन्न कार्यालयमा ज्ञापनपत्र बुझायो

कैलाली : नेपाल कम्युनिस्ट पार्टी निकट अखिल (क्रान्तिकारी) कैलालीले संगठनको केन्द्रीय कार्यक्रम अनुसार जिल्लाका धनगढी उप-महानगरपालिका, गोदावरी नगरपालिका, गौरिगङ्गा नगरपालिका, घोडाघोडी नगरपालिका लगायत सबै स्थानीय तहमा ज्ञापनपत्र बुझाएको छ । पछिल्लो समयमा बलात्कारपछि निर्मम हत्याहिंसाका, छुवाछूत जस्ता घटना बढेको र दोषीलाई कारवाही गर्नुको साटो सरकारले नै संरक्षण गरेकोले दोषीलाई कडा कारवाहीको माग समेत गरेको छ । साथै स्कुल कलेज पढ्ने छत्राको लागि आत्मरक्षाको निम्ति तालिम तथा सुरक्षाको माग गर्दै ज्ञापनपत्र बुझाएको हो । ज्ञापनपत्रको पूर्णपाठ …

विषय : मागपत्र सम्बन्धमा ।

हाम्रो महान् तथा गौरवशाली संगठन अखिल (क्रान्तिकारी) आफ्नो स्थापनाकाल देखि नै नेपालको समग्र शैक्षिक तथा राजनीतिक सवालहरुमा वलिदानीपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको कुरा यहाँलाई सर्वविधितै छ । नेपालमा विगतमा भएको महान् जनयुद्ध जनआन्दोलन लगायतमा जनताले ठूलो संघर्ष गरे पनि नेपालको सामाजिक रुपान्तरणमा रहेका गम्भीर प्रकारका समस्याहरुको अन्त्य हुन सकेन । समाजमा विद्यमान विभिन्न सामाजिक समस्याहरु, यथावत नै रहे । विगतमा विकृति, विसंगतिको रुपमा रहेको जातिय छुवाछुत तथा भेदभाव, महिला हिंसा, बलात्कार जस्ता जघन्य मानवता विरोधी अपराधका घटनामा कत्ति पनि सुधार आएन । पछिल्लो समय त झन् महिला तथा बालबालिकाहरुको सुरक्षाको अवस्था अत्यन्तै कमजोर बनेको छ । सरकारी उदासिनताका कारण चौतर्फी सामाजिक समस्याहरु देखिएका छन् । निर्मला पन्त, सम्झना कामी, भागरथी भट्ट, रुकुमको सोती काण्ड लगायत अबोध र निर्दोष छात्र छात्राहरुको बलात्कार र हत्या घटनाले त नेपाली समाजमा विद्यमान विकृतिलाई उदाङ्गो पारिदिएको छ । व्यक्तिगत सत्ता लिप्सा, भ्रष्टाचार, नाताबाद कृपावाद आदिमा केन्द्रित वर्तमान सरकार यस्ता घटनाको निरीह र लाचार साक्षी बनेको छ । यस्तो अवस्थामा हाम्रो संगठन अत्यन्तै गम्भीर रुपमा निम्न मागहरु प्रस्तुत गर्दछौं ।

१. निर्मला पन्त, सम्झना कामी, भागरथी भट्टहरु बलात्कारपछि हत्या गरिएका प्रतिनिधि घटनाहरु मात्रै हुन् । निर्मला पन्त लगायत देशभर महिला तथा छात्राहरुमाथि भइरहेको बलात्कार, हत्या, हिंसाका घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कडा कारवाही गर्न र पीडितलाई उचित क्षतिपूर्ति सहित न्याय दिन ठोस् पहल गरियोस् । २. स्थानीय निकायमा रहेका स्कूल कलेजमा पढ्ने छात्राहरुको आत्मारक्षाको लागि विशेष तालिम तथा सुरक्षाको ग्यारेन्टी गरियोस् ।

विद्यालयको गम्भीर लापरबाही, क्षतिपूर्ति देऊ : अखिल (क्रान्तिकारी)

काठमाडौं । नेपाल कम्युनिस्ट पार्टीनिकट अखिल (क्रान्तिकारी), नवलपुरले कावासोती नगरपालिका वडा नं. ५ स्थित कालिका मावि कक्षा ३ मा अध्ययनरत छात्रा गमित्रा सिंजालीको विद्यालयको गेटले च्यापेर निधन भएको घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको बताउँदै सिंजालीको परिवारलाई उचित क्षतिपूर्ति दिन माग गरेको छ । नवलपुर जिल्ला संयोजक श्रीराम बस्यालले वक्तव्य जारी गर्दै विद्यालयको वार्षिकोत्सवको तयारीमा रहेको अवस्थामा समेत जीर्ण भौतिक संरचना समयमै मर्मत नगर्नाले यस्तो घटना घट्नु भनेको विद्यालय व्यवस्थापनको गैरजिम्मेवारीपना तथा लापरवाही भएको बताएका छन् । उनले शोकाकूल परिवार र आफन्तजनप्रति गहिरो समवेदना प्रकटसमेत व्यक्त गरेका छन् ।

युवा संगठन नेपाल, जनकपुर ब्युरोका जिल्ला बैठकहरू सम्पन्न

काठमाडौं । नेपाल कम्युनिस्ट पार्टीनिकट युवा संगठन नेपाल, जनकपुर ब्युरोअन्तर्गत विभिन्न जिल्लाहरूको पूर्ण बैठक ब्युरो इन्चार्ज छिरिङको विशेष उपस्थितिमा सम्पन्न भएको छ । जसअनुसार सिन्धुली जिल्लामा अरुणको संयोजकत्वमा ७ सदस्यीय समिति, सिराहा-सप्तरीमा कार्तिकको संयोजकत्वमा ९ सदस्यीय समिति, धनुषा जिल्लामा समिरको संयोजकत्वमा पछि थप गर्ने गरी ५ सदस्यीय समिति र सर्लाही-महोत्तरीमा लिपुलेकको संयोजकत्वमा थप गर्ने गरी ७ सदस्यीय समिति गठन गरिएको हो । बैठकले जिल्ला सम्मेलनहरू गर्ने निर्णय पनि गरिएको समाचारमा जनाइएको छ । युवाहरूलाई दलाल पुँजीवादी संसदीय व्यवस्थाका विरुद्धमा र भ्रष्टाचार, कालोबजारी, सामाजिक विकृति र विसङ्गतिका विरुद्धमा निरन्तर लड्नका लागि संगठनका ब्युरो इन्चार्ज छिरिङले उपस्थित क्रान्तिकारी युवाहरूलाई अपिलसमेत गरे ।

नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ । यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्ट्याएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं । खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं ।

ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ । ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं ।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं । साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं ।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं । र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं ।

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।
उपभोक्ताको हितमा
नेपाल आयल निगम लिमिटेड

नेपाल आयल निगम लिमिटेड,
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५

निर्देशक : **वसन्त श्रेष्ठ**, प्रबन्धनिर्देशक : **भीमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, व्यवस्थापक : **धनराज शाही**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौं, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं